वर्ष : १३, अंक : १३, काठमाडौं, २०७४ असार २३ गते शुक्रबार 7 July 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## निर्वाचनबाट मधेशमा निराशा छाएको छ : पूर्वउपराष्ट्रपति झा


परमानन्द झा

काठमाडौं । पूर्वउपराष्ट्रपति परमानन्द झाले मधेशको राजनीतिबारे चिन्ता व्यक्त गरेका छन् । अहिले भर्खरै नेपालमा सम्पन्न दुई चरणको स्थानीय तहको निर्वाचनबाट मधेशीहरू दुःखी रहेको बताए ।

स्थानीय तहको निर्वाचनको प्रसंगमा पूर्वउपराष्ट्रपति झाले असन्तुष्टि व्यक्त गर्दै यस्तो बताएका छन् । उनले अहिले दुई चरणमा भएको स्थानीय निर्वाचनबाट मधेशमा निराशा छाएको बताए । यसबाट मधेशको राजनीति दिनप्रति दिन बिग्रिदै जाने दाबी गरेका छन् ।

बीएस मिडिया प्रालिको प्रस्तुती रहेको मिथिला दर्शन साप्ताहिक टेलिभिजन कार्यक्रमले शनिबार मधेश मिडिया हाउसमा आयोजना गरेको विचार गोष्ठी कार्यक्रममा प्रमुख अतिथिको आसन्नबाट बोल्दै पूर्वउपराष्ट्रपति झाले मिथिलाको ऐतिहासिकतालाई जोगाउन सबैले आआफ्नो तर्फबाट योगदान पुऱ्याउनुपर्नेमा जोड दिए । उनले मिथिलाको कला, संस्कृति र सभ्यता लोप हुँदै गएकोप्रति चिन्तासमेत व्यक्त गरेका छन् ।

न्यूज २४ टेलिभिजनमा साप्ताहिकरूपमा प्रसारण भइरहेको मिथिला दर्शन कार्यक्रमलाई उचित समय नदिइएकोमा गुनासो समेत पोखेका छन् । मिथिलाको सभ्यताबारे मिथिला क्षेत्रमा छुट्टै टेलिभिजनको स्थापना हुनुपर्नेमा जोड दिए । उनले मिथिलाको ऐतिहासिक संस्कृतिको संरक्षणका लागि प्रचारप्रसार हुनुपर्नेमा जोड दिए ।

मिथिला दर्शनका प्रस्तोता वीरेन्द्र ठाकुरको सभापतित्वमा सम्पन्न कार्यक्रममा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष रामकुमार शर्मा, मिथिला म्यानपावर सर्भिसेज प्रालिका सञ्चालक बबनकुमार सिंह, शिव शिष्य परिवारका ओमप्रकाश सिंह, नयाँ शक्ति पार्टी नेपालकी सदस्य ममता मण्डल, सार्क लिग पिपुल्स फोरम नेपालका महासचिव सन्तोष घिमिरे, माओवादी केन्द्रका नेता भरतप्रसाद साह र राष्ट्रिय प्रजातन्त्र पार्टीका भरत गिरीलगायतका उपस्थिति रहेका थिए ।

## समर्थन फिर्ता लिने ठाकुरको चेतावनी


महन्थ ठाकुर

काठमाडौं । राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर संविधान संशोधन गर्न नसक्ने भए सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनी दिएका छन् । ठाकुरले तीनबुँदे सहमतिबमोजिम संविधान संशोधन हुन्छ कि हुँदैन भनी सोधेका थिए । देउवाले आफू त्यसैका लागि प्रयासरत रहेको जवाफ दिँदै केही दिन कुर्न आग्रह गरेका थिए । ठाकुरले प्रधानमन्त्री देउवासँग एक्लै कुरा गरेका थिए । दोस्रो चरणको स्थानीय चुनाव निर्वाध सफल भएपछि राजनीतिक निकास निकाल्ने र अगाडिको बाटो पहिल्याउनेबारे ठाकुर र प्रधानमन्त्रीबीच कुराकानी भएको बताइएको छ ।

## फोरम सरकारमा जाँदैन : फोरम नेपाल



काठमाडौं । संघीय समाजवादी फोरम नेपाल सरकारमा जाने कुरा निराधार रहेको फोरम नेपालले प्रष्ट्याएको छ । फोरम नेपालको केन्द्रीय सचिवालयले बिहीबार एक विज्ञप्ति जारी गरी नेपाललाई सँधै अस्थिर बनाईराख्ने केही प्रतिगामी शक्तिहरूले फोरम नेपाल र पार्टी केन्द्रीय अध्यक्ष उपेन्द्र यादवलाई कमजोर तथा बदनाम गर्ने उद्देश्यले नियोजित ढंगले निशाना बनाएर प्रहार गरिरहेको बेला फोरम नेपाल सरकारमा जाँदैछ भन्दै परिचालित ती तत्वहरूले चलाएको कुप्रचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

परिवर्तन विरोधी शक्तिहरूको इशारामा फोरम नेपाल र पार्टी नेतृत्वको मर्यादा, गरिमा र प्रतिष्ठाविरूद्ध भ्रामक एवं चरित्र हत्या गर्नेगरी पछिल्लो समय श्रृंखलाबद्ध ढंगले प्रहार भइरहेका विज्ञप्तिमा उल्लेख गर्दै सरकारमा जाने जस्ता भ्रामक हल्ला त्यसकै एउटा सुनियोजित श्रृंखला रहेको जनाएको छ ।

'सरकारमा जाने वा नजाने एजेन्डाबारे पार्टीमा आधिकारिक निर्णय त परै जाओस्, सामान्य छलफल समेत भएको छैन ।' विज्ञप्तिमा भनिएको छ । चुनाव हुनै नदिई मधेशलाई अस्थिर बनाइराख्ने प्रतिगामी तत्वहरूको षड्यन्त्रलाई परास्त गर्न जीत वा हारको पर्वाह नगरी चुनावमा होमिएको फोरमको दाबी छ । यसका साथै, परिमार्जनसहित संविधान संशोधन गरी मधेशी, आदिवासी जनजाति, थारू, उत्पीडित खस, दलित, महिला, सीमान्तकृत अल्पसंख्यक लगायतका समुदायको माग सम्बोधन गरी अधिकार सुनिश्चितताका लागि फोरम नेपाल सदैवझैं प्रतिबद्ध रहने जनएको छ ।

## जनकपुरधाममा उपेन्द्र यादवको पुतला दहन


फोरम उपेन्द्र यादवको पुतला दहन गर्दै । फोटो : फेसबुकबाट

जनकपुरधाम । जनकपुरधाममा संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको पुतला दहन भएको छ । संयुक्त युवा मोर्चाले उपेन्द्र यादव मधेश आन्दोलनको विपरीत गएको र मधेशीहरूको भावनामा ठोस पुग्ने अभिव्यक्ति दिँदै आएको आरोप लगाउँदै आक्रोशित युवाहरूले विहीबार जनकपुरधामस्थित जनक चौकमा यादवको विरोध गर्दै पुतला दहन गरेका छन् । मधेश आन्दोलन जारी रहेकै बेला उपेन्द्र यादव निर्वाचनमा सहभागी भएर मधेशीहरूसँग धोका गरेको आरोप युवाहरूले लगाए । उपेन्द्र यादवलाई बहिष्कार गर्ने चेतावनीसमेत दिएका छन् ।

## प्रदेश र संसद्को निर्वाचन तयारी थाल्न ध्यानाकर्षण

काठमाडौं । दोस्रो चरणको स्थानीय तह निर्वाचन सकिएलगत्तै निर्वाचन आयोगले प्रदेशसभा र संघीय संसद्को निर्वाचन तयारी थाल्न सरकारको ध्यानाकर्षण गराएको छ । आयोगले असोज अन्तिम साता प्रदेशसभा, कात्तिक दोस्रो साता राष्ट्रिय सभा र मंसिर पहिलो साता प्रतिनिधिसभाको निर्वाचन गर्न उपयुक्त हुने प्रस्तावसमेत गरेको छ । प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवसहित आयोग पदाधिकारीहरूले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर आगामी माघ ७ भित्र स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन गर्नुपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था सम्झाएका हुन् । आयुक्त सुधीरकुमार शाहले चुनाव गराउन आयोग तयार रहेको र त्यसका लागि सरकारबाट हुनुपर्ने तयारी बेलैमा गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको बताए । त्यसका लागि आवश्यक कानुन असार मसान्तभित्रै र निर्वाचन क्षेत्र निर्धारण साउन १५ गतेसम्म भइसक्नुपर्ने आयोगले जनाएको छ ।

# राजपाको अन्योलताले बढ्यो संशय

एकीकृत पार्टीको प्रस्तावनामा सद्भावना पार्टीका संस्थापक नेता गजेन्द्रनारायण सिंहको नाम राख्नुपर्ने अडानका कारणले शीर्ष नेतृत्वबीच विवाद चर्केको हो । अन्य नेताहरूले मधेश राजनीतिमा थुप्रैको योगदान रहेकाले सबैको नाम उल्लेख गर्न असम्भव रहेको तर्क गर्छन् भने एकथरिले मधेश आन्दोलनका लौह पुरूष सिंह र रामजनम तिवारीको नाम छुट्टाउन नहुने विचार राख्छन् । ती दुवै विचारप्रति शीर्ष नेतृत्वमा समान धारणा बन्न नसक्दा पार्टीको दल दर्ता हुन सकेन भने विवादले चर्को रूप लिएको छ ।

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेशका ६ वटा पार्टीहरू मिलेर एकीकृत भएको राष्ट्रिय जनता पार्टी नेपाल ठिक ठाकसँग चल्दै गर्दा त्यस भित्रको विवाद सतहमा आएको छ । पार्टी एकीकरण गर्दा देखिएको उत्साहमा ह्रास आउँदै पार्टी भित्रको विवाद छताछुल्ल भएको छ । पार्टी एकीकरण भएपछि त्यसलाई कानुनी दायरामा ल्याउन पार्टीलाई निर्वाचन आयोगमा दर्ता गराउनु अपरिहार्य र संवैधानिक व्यवस्था पनि हो । यहि प्रयोजनका लागि पार्टी एकीकरण भएको करिब दुई महिनापछि राजपाले दल दर्ता गर्न खोज्दा शीर्ष नेतृत्वबीच बढेको टकराव र मनमुटावले पार्टी भित्रको विवाद सतहमा आएको हो ।

यसबाट के बुझिन्छ भने राजपाभित्र मधेशी दलहरू एकीकृत भए पनि शीर्ष नेताहरूबीच मन मिलेको छैन । होइन भने, पार्टीको दल दर्तामै किन उनीहरूबीच टकरावको अवस्था उत्पन्न भएको हो ।

निश्चय पनि दल दर्ता एउटा राजनीतिक प्रक्रिया हो । यसले राजपाले विरोध गरिरहेको निर्वाचन वहिष्कारसँग कुनै ताल्लुक छैन । निर्वाचन आयोगमा दल दर्ता भयो भन्दैमा पार्टी निर्वाचनमा गयो वा निर्वाचनलाई स्वीकार गऱ्यो भन्न मिल्दैन ।

यद्यपी पार्टीले दल दर्ता गर्ने प्रक्रिया ढिलो गरी सुरू गरेको छ । यो काम उसले पार्टी एकीकरण गर्ने बित्तिकै गरि सक्नुपर्थ्यो । तर पार्टीको विधान र घोषणा पत्र समयमा तयार हुन नसक्दा दल दर्ताको प्रक्रिया लम्बिएको हो ।

हुन त अहिले सतहमा आएको विवाद पार्टीको विधान र घोषणापत्रमा देखिएको असहमति नै हो । पार्टी दस्तावेजलाई अन्तिम टुंगो लगाउन सोमबार भएको बैठकले निष्कर्ष नपाउँदा पार्टीको दल दर्ता प्रक्रिया नै अवरूद्ध हुन पुगेको छ ।

राजपाले २४ पृष्ठको विधान र ५६ पृष्ठको घोषणापत्र बनाएको छ । अध्यक्षमण्डलले विधान अनुमोदन गरे पनि घोषणापत्रले अन्तिम रूप पाउन बाँकी छ । संगठनको नियमावलीलगायत दस्तावेज पनि करिब टुंगिएको बताइएको छ ।

तर, एकीकृत पार्टीको प्रस्तावनामा सद्भावना पार्टीका संस्थापक नेता गजेन्द्रनारायण सिंहको नाम राख्नुपर्ने



अडानका कारणले शीर्ष नेतृत्वबीच विवाद चर्केको हो । अन्य नेताहरूले मधेश राजनीतिमा थुप्रैको योगदान रहेकाले सबैको नाम उल्लेख गर्न असम्भव रहेको तर्क गर्छन् भने एकथरिले मधेश आन्दोलनका लौह पुरूष सिंह र रामजनम तिवारीको नाम छुट्टाउन नहुने विचार राख्छन् । ती दुवै विचारप्रति शीर्ष नेतृत्वमा समान धारणा बन्न नसक्दा पार्टीको दल दर्ता हुन सकेन भने विवादले चर्को रूप लिएको छ ।

अध्यक्ष मण्डलका नेता अनिल झा भन्छन्, 'विधानमा मधेश राजनीतिको चर्चा गर्दा गजेन्द्र नारायण सिंह, राम जनम तिवारी र नेपाल सद्भावना परिषदको नाम छुटाउन मिल्दैन ।' मधेश राजनीतिको कुरा गर्ने बित्तिकै सिंह र तिवारीको नाम आउने उनको तर्क छ । 'उहाँहरूको नाम बिधानमा राख्नु पर्छ, यो कुनै लेनदेनको कुरा होइन, यो 'पोलिटिक्स'को कुरा पनि होइन, यो हाम्रो सेन्टीमेन्टसँग जोडिएको कुरा हो' झाको भनाइ छ ।

झाको भनाइले पार्टी भित्रको विवाद उत्कर्षमा रहेको संकेत गर्छ र यसको समाधान छिटो नहुने देखिन्छ । फलस्वरूप, पार्टी दर्ताको प्रक्रिया झन् अन्यौलमा परेको छ ।

संयोजक महन्थ ठाकुरले पनि पार्टीभित्र आन्तरिक असन्तुष्टि रहेको स्वीकार गरेका छन् । नेताहरूले बाहिर आएजस्तो असन्तुष्टि नरहेको जति दाबी गरे पनि यस भित्र असन्तुष्टिका स्वरहरू थुप्रै रहेको प्रतीत हुन्छ ।

राजपाभित्र पार्टीको संगठन, संरचना र सामुदायिक क्लस्टर मिलाएर प्रतिनिधित्व गराउने कि प्रतिस्पर्धाबाट जाने भन्ने विषयमा पनि कचिंगल छ ।

पार्टी गठन भएको तीन महिना नपुग्दै यसरी सामान्य विषयमा विवाद हुनु, त्यसले निराकरणको सट्टा एक आपसमा मतभेद बढाउनु पक्कै पनि राम्रो संकेत होइन ।

यसले पार्टीको अस्तित्वलाई मात्र होइन, समग्र मधेशको राजनीतिलाई पनि प्रभाव पार्न सक्छ । निर्वाचन वहिष्कार गर्ने, संविधान संशोधनबिना निर्वाचनमा नजाने राजपाको अडान एउटा अलग्गै बहसको विषय हो । तर यी र यस्ता विषयका अगाडि राजपा आफै भित्र व्यवस्थित नहुनु, नेतृत्वबीच मतक्यै हुनु र समयमा सहि निर्णय लिन नसक्नुले पार्टीको स्तरलाई माथि होइन, तल झार्न समय लाग्दैन ।

किनभने, मधेशी दलहरू एकीकृत होस् भन्ने आम मधेशी जनताको पनि चाहना थियो । यद्यपी यसका लागि मधेशी दलहरूले दोस्रो संविधान सभाको निर्वाचन अघि पनि प्रयास गरेका थिए । तर, जब ठूला दलहरू संविधान संशोधनको विपक्षमा एकजुट भएर उभिदा माग सम्बोधन नभएपछि चेत खाएर एकीकरण गर्न बाध्य भए मधेशवादी दलहरू । यसकारण एकीकृत पार्टीप्रति मधेशी जनताको अगाध विश्वास र भरोसा छ । तर, सामान्य विषयमा पार्टी नेतृत्व पंक्तिबीच विवाद र मनमुटाव हुनु पक्कै राम्रो होइन ।

पार्टीको विधान र घोषणा पत्रमा मात्र विवाद सीमित छैन । वरिष्ठ नेता हृदयेश त्रिपाठीका आफ्नै असन्तुष्टि छ । उनी अध्यक्ष मण्डलमा रहेका महन्थ ठाकुरबाहेक कोही आफूभन्दा वरिष्ठ नरहेको तर्क गर्दै एउटा नयाँ विवाद सिर्जना गरिदिएको चर्चा छ । ठाकुरबाहेक अन्य कसैको मातहतमा बस्न नसक्ने उनको अडान रहेकोले पार्टी भित्र नयाँ तरंग ल्याएको स्रोतको दाबी छ । यहि हो एकीकरणको उद्देश्य र लक्ष्य ? जन्मदै विवादको शृङ्खला सुरू ? मधेशी जनताको अपेक्षानुरूप पार्टीले आफ्नो लक्ष्य सहि ढंगले स्पष्ट गर्न सकेन भने भोलीका दिनमा कठिन हुने पक्का छ ।

त्यसैले विवादलाई शान्तिपूर्वक बिना कुनै आग्रह पूर्वाग्रह तरिकाले समाधान गर्नु नै पार्टीका लागि हितकर हुनेछ । नत्र मधेशी जनताको विश्वास एक पटक उठिसके पछि त्यसलाई सम्हाल्न गाह्रो हुनेछ ।

## राजपाको विधानमा विवाद

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालको विधान तयार भएतापनि त्यसले पूर्णता पाउन सकेको छैन । विधानमा मधेशवादका प्रणेता गजेन्द्र नारायण सिंह र बाबा रामजनम तिवारीको नाम राख्ने सम्बन्धमा विवाद उत्पन्न भएको बताइएको छ । राजपा नेपालभित्र महेन्द्र राय यादव र अनिल झाबीचको विवादले पार्टी दर्ता प्रक्रिया पनि रोकिएको छ । दुई नेताबीच भएको विवादका कारण पार्टी दर्ता प्रक्रिया लम्बिएको छ । महेन्द्र यादवले एकीकृत पार्टीको विधानमा स्व.गजेन्द्रनारायण सिंह र बाबराम जनम तिवारीको नाम राख्न नमिल्ने अडान राखेका छन् छन् । झाले राजपाको मुख्य आधार मधेश भएकोले मधेशको इतिहास र मधेश राजनीतिलाई विर्सिन नहुने बताउँदै आफुहरू पहिचानको संघर्ष गर्दै आएको तर आफ्नै पहिचान विर्सिने काममा सहमत नहुने बताए । राजपाको विधान तयार भएपनि अहिलेसम्म सबै अध्यक्षले हस्ताक्षर गरेका छैनन् ।

## बेलाको बोली

रामसुकुल मण्डल



# बाढीपीडितप्रतिको बेवास्ताले पैदा गरेको वितृष्णा

राहत मात्रै बाँडेर यो समस्याको उचित समाधान हुँदैन । यसका लागि ठोस दीर्घकालीन योजना सरकारले ल्याउनुपर्छ । जसबाट बाढीबाट धनजनको कमभन्दा कम क्षति हुन्छ । जनताको खेतबारी बढी सुरक्षित हुन सक्छ । यसले देशको उत्पादनमा ठोस योगदान दिन्छ ।

हरेक वर्षझैं यस पनि बाढीको त्रासले मधेशका जिल्लाहरूमा जनजीवन प्रभावित बनेको छ । गत साता सप्तरीमा आएको बाढीले हजारौं घरपरिवार विचल्लीमा परेका छन् । वर्षात्को मौसम सुरू भएदेखि नै तराई-मधेशका जनजीवन अस्तव्यस्त हुन थालेको छ । बाढीका कारण सप्तरी जिल्लाका १५ सयभन्दा बढी परिवार विचल्लीमा छन् । वर्सेनी मधेशमा बाढीपहिरोबाट लाखौं करोडौंको धनजन क्षति हुने गरेको छ । मधेशबाट कर र मत लिने सरकार र सरोकारवाल निकायको बेवास्ताका कारण बाढीपहिरोबाट मधेशमा वर्सेनी धनजनको क्षति हुने गरेको तथ्यांक छ । बाढी पहिरोबाट कसरी जोगाउने भन्नेतिर राज्यको कुनै चासो र चिन्ताको विषय बन्न सकेको छैन । मनसुनको सुरूवातसँगै जलमग्न भएको मधेशबारे सरकारको कुनै पूर्वतयारी देखिदैंन ।

लगातारको बर्षाका कारणले विभिन्न नदीहरूमा पानीको वहाव बढेका छन् । २०६५ साल भाद्र २ गते सप्तकोसीको बाढीमा परेका सर्वसाधारणहरूले अहिलेसम्म अपेक्षाकृतरूपमा राज्यबाट सहयोग पाउन सकेका छैनन् । राज्यले बाढीपीडितको समस्यालाई बेवास्ता गर्दै आएको गुनासो बाढीपीडितहरूको छ । राज्यले बाढीबाट धनजनको क्षति कम गर्न अहिलेसम्म कुनै पनि योजना वा प्राधिकरण बनाएको छैन । मनसुनको प्रारम्भमा नै राज्यले बाढी प्रभावित क्षेत्रमा कमभन्दा कम क्षति होस् भनी योजना बनाउनुपर्ने आवश्यकता छ ।

वर्सेनी मधेशीहरू बाढीबाट विस्थापित हुँदै आएका छन् । यो प्राकृतिक प्रकोपबाट जनतालाई सुरक्षित पार्नुपर्ने काम सरकारको हो । मधेशीहरूलाई यो देशको नागरिक नबुझ्ने मनसायले गर्दा यस्तो भइआएको छ । नभए वर्सेनी आउने बाढीको विपद्बारे सरकारको सुनियोजित खाका हुनुपर्ने थियो । मधेशीहरू विस्थापित मात्रै होइन मधेशका खेतीबारी पनि डुबानमा पर्ने गरेको छ । यसबाट अन्न उत्पादनमा ह्रास आउनुको साथै पानीको उचित प्रबन्धन नहुँदा पानीको अभाव भइआएको छ । बाढीको पीडालाई कम गर्न सरकारको त्यो योजनाले पीडितलाई राहत दिन सक्थ्यो । तर त्यस्तो देखिएको छैन ।

आफूलाई जनताको सरकार भन्नेहरूले पनि यसबारे केही गरेको देखिएन । मधेशका विभिन्न जिल्लामा मनसूनको सुरूवातमै सयौं घरपरिवारलाई विस्थापित गरिसकेको छ । यसले कतिपयमा त्रास उत्पन्न गराइसकेको छ । मनसूनको झरी अझ आउन बाँकी नै छ । अझ कतिपय घरपरिवार विस्थापित हुने आशंका बढाइदिएको छ । बाढी प्राकृतिक प्रकोप भएपनि यसको उचित व्यवस्थापनले यो सिँचाइको राम्रो उपाय हुन सक्छ । तर यो उपाय हुनुको साटो जनताका लागि अभिशाप बन्दै गएको छ । मनसुनको सुरूमा भएको बाढी विस्थापनको समस्याबाट पीडित भएकाहरूलाई तत्काल राहत दिएर उनीहरूलाइ देशको अनुभूति गराउनुपर्ने छ ।

तर, राहत मात्रै बाँडेर यो समस्याको उचित समाधान हुँदैन । यसका लागि ठोस दीर्घकालीन योजना सरकारले ल्याउनुपर्छ । जसबाट बाढीबाट धनजनको कमभन्दा कम क्षति हुन्छ । जनताको खेतबारी बढी सुरक्षित हुन सक्छ । यसले देशको उत्पादनमा ठोस योगदान दिन्छ । बाढी पीडितलाई बेवास्ता गरिए उनीहरूमा देशप्रति वितृष्णा पैदा गराउँछ । त्यसैले यस्ता आक्रोशलाई समयमै सम्बोधन गर्नु सबैका लागि हितकारी हुन्छ ।

पुनर्निर्माण भनेको बिग्रेको, भत्केको वा सुधार गर्नुपर्ने कार्यलाई सामान्य अर्थमा

बाँकी पृष्ठ ८ मा



# सम्पादकीय



## प्रदेश नं. २ को निर्वाचन सुनिश्चित गर

मधेश केन्द्रित दल राष्ट्रिय जनता पार्टी (राजपा)ले चुनावमा भाग नलिने बताएसँगै काँग्रेस नेतृत्वको सरकारले प्रदेश नं २ को निर्वाचनलाई तेस्रो चरणमा सारेको छ। सरकारको नेतृत्व गरिरहेका पार्टी काँग्रेसका सभापति शेरबहादुर देउवाले यसअघि निर्वाचनप्रति प्रतिवद्ध रहँदा रहँदै पार्टी भित्रका केही मधेशी नेताहरूको दवावमा निर्वाचनलाई पछि धकेलेका हुन कि भन्ने आशंका पनि देखिएको छ। मधेशी दलहरूलाई नै निर्वाचनमा ल्याउनका लगि भनेर दुइ चरणको निर्वाचन गरिएको भने पनि पहिलो चरणको निर्वाचनपछि कुनै पनि राजनीतिक उपलब्धि सत्तारूढ गठबन्धनले हासिल गर्न सकेन। अहिलेसम्म पनि राजपाले संविधान संशोधनको अडान छाडेको छैन। संविधान संशोधन गर्न प्रतिपक्षी दल एमालेले कुनै पनि हालतमा साथ नदिने बताइरहेको अवस्थामा अब असोज २ गतेका लागि तय भएको तेस्रो चरणको स्थानीय तहको निर्वाचन अघि राजपाको माग अनुसार संविधान संशोधन हुने नहुने निश्चित छैन। तेस्रो चरणको निर्वाचन पछि संघीय संसद र प्रादेशिक चुनाव गर्नुपर्ने हुन्छ। तेस्रो चरणमा निर्वाचनलाई धकेल्दा पनि राजपा नआउने निश्चित हुँदाहुँदै एवम् माघ ७ समयावधिमा तीनओटा निर्वाचन गरिसक्नुपर्ने बाध्यता रहेको अवस्थामा विभिन्न चरणको नाममा निर्वाचन गर्न काँग्रेस नेतृत्व नै लागेको देखिन्छ। संसदको सबैभन्दा ठूलो दलको नेतृत्वमा बनेको सरकार आरामदायी बहुमतमा छ। यस्तो अवस्थामा उसले अलिकति मात्र इच्छाशक्ति देखायो भने संविधान संशोधन हुन सक्छ। सरकारले संविधान संशोधन गर्ने क्षमता आफूसँग छ भनेर एमालेलाई किन चुनौती दिन सकेको छैन। तर एमालेको अगाडि निरीह भएर दुई तिहाइ छैन, कसरी संशोधन हुन्छ भनेर आफ्नो लाचारी मात्र प्रदर्शन गरिरहेको छ।

> पञ्चायतकालदेखि नै चुनावमा जातीय राजनीति प्रभावी हुने तराईको यो भूखण्डमा निम्त्याइएको नैराश्यताको प्रहार दल र देशकै लागि महँगो सावित हुनसक्छ। तसर्थ देशलाई थप क्षति हुन नदिई आसन्न जोखिमबाट पार लगाउन प्रदेश-२ को निर्वाचन तत्कालै सुनिश्चित गर्नुपर्छ।

केपी ओली नेतृत्वको सरकार गिराएर सिंहदरबार प्रवेश गरेको यो गठबन्धन निर्माणको प्रयोजन भनेकै असन्तुष्ट मधेशकेन्द्रित दलहरू समेतको सहमति र सहभागितामा संविधानमै तोकिएको ७ माघ २०७४ भित्र तीनै तह (स्थानीय, प्रादेशिक र केन्द्र) को निर्वाचन सम्पन्न गर्नु हो। तर, संवैधानिक बाध्यतासहितको यो समयसीमा ननाघ्ने गरी कार्यसूचीमध्ये पहिलो, स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने सवालमै गठबन्धन अक्षम सावित भएको छ। स्थानीय निर्वाचन पछि धकेलिंदा बाँकी दुई वटा निर्वाचन प्रभावित हुने त छँदैछ।

यस्तो अन्योलबीच सरकारले प्रदेश-२ को निर्वाचन सारेर मधेशमा राजनीतिक संकट गहिरो बनाएको मात्र छैन, समाज विभक्त हुने जोखिम पनि बढाएको छ। जनताको मतदानको चाहना उत्कर्षमा पुगेका बेला प्रदेश-२ को अनिश्चितताले मतदातामा खिन्नता र आक्रोश मात्र होइन, देशभित्रैका 'भिन्न नागरिक' को अनुभूतिसमेत गराइदिएको छ।

पञ्चायतकालदेखि नै चुनावमा जातीय राजनीति प्रभावी हुने तराईको यो भूखण्डमा निम्त्याइएको नैराश्यताको प्रहार दल र देशकै लागि महँगो सावित हुनसक्छ। तसर्थ देशलाई थप क्षति हुन नदिई आसन्न जोखिमबाट पार लगाउन प्रदेश-२ को निर्वाचन तत्कालै सुनिश्चित गर्नुपर्छ।

## साताको सात बात



सरकारमा पार्टीभित्रको सन्तुलन नदेखिँदा स्थानीय निर्वाचनमा पनि त्यसको असर देखिएको छ। दोस्रो चरणको चुनाव सकिएको एक साता बित्दा पनि अझै सरकार विस्तारमा छलफल सुरू भएको छैन। **– रामचन्द्र पौडेल (नेता, नेपाली कांग्रेस)**



असोज २ गते हुने तेस्रो चरणको निर्वाचनमा राष्ट्रिय जनता पार्टीलाई निर्वाचनमा भाग लिने परिस्थितिको निर्माण गर्न आवश्यक रहेकोले संविधान संशोधनलगायतका प्रस्ताव पारित गराउन नेकपा (एमाले) ले उदारतासाथ सहयोग गर्नुपर्छ। **– विजयकुमार गच्छदार (उपप्रम एवं संघीय मामिला तथा स्थानीय विकासमन्त्री)**



भारतीय समकक्षी सुष्मा स्वराजसँगको भेटमा द्विपक्षीय हितका विविध विषयमा छलफल भएको भयो। स्थानीय तह दोस्रो चरणको निर्वाचन पनि सफलतापूर्वक सम्पन्न गरेकोमा भारतले नेपाल सरकारलाई बधाई दिएको छ। **– कृष्णबहादुर महरा (उपप्रधान तथा परराष्ट्रमन्त्री)**



अहिलेको संशोधन प्रस्ताव हामीसँग सल्लाह नगरी ल्याइएको हो। यो पास गर्न कुनै हालतमा सहयोग गर्दैनौं। यदि साँच्चिकै संविधान संशोधन गर्नुपर्ने हो भने राजपासहित सबै मुलधारका दलहरू एक ठाउँमा बसेर छलफल गर्नुपर्छ। **– प्रदीप ज्ञवाली (सचिव, नेकपा एमाले)**



उपेन्द्र यादवजीले नेतृत्व गर्नुभएको संघीय समाजवादी फोरम पनि छ। अब राजपा सम्मले पनि केही परिवर्तनका कुराहरू गरेको छ। अब माओवादीका सबै हाँगाहरू मिल्नुपर्छ। **– देवेन्द्र पौडेल (संगठन विभाग प्रमुख, नयाँ शक्ति पार्टी नेपाल)**



आउने प्रादेशिक र संघीय चुनावका लागि दलहरूले राम्रो तयारी गरेनन् भने संघीयताको प्रयोजन समाप्त हुनेछ। **– किशोर नेपाल (विश्लेषक)**



कांग्रेस भित्रको कलहले मन्त्रिमण्डल विस्तारमा ढिलाई भइरहेको छ। कांग्रेस भित्रको गुट, उपगुटले मन्त्रिमण्डल विस्तार गर्न प्रधानमन्त्री शेरबहादुर देउवालाई समस्यामा पारेको हो। मन्त्रिमण्डल विस्तार हुन अझै हप्ता/दश दिन लाग्न सक्छ। **– पम्फा भुसाल (प्रवक्ता, माओवादी केन्द्र)**

*प्रस्तुती : संगीता रेग्मी*

# किन बर्बाद भयो वीरगन्ज ?



गिरीश गिरी

> बाबा रामजनम तिवारीले २०४२ सालमा हर्क गुरूङको प्रतिवेदनविरूद्ध राजदरबारमा बिन्तीपत्र चढाउँदादेखि मधेश राजनीतिमा लागेका भाग्यनाथ अहिले पनि सिंगो मधेश एक प्रदेश नहुन्जेलसम्म त्यो लडाइँ नटुंगिने अडानमा छन्।

रिक्सा चढेको एकैछिनमा चालकले लगाएको रातो गन्जीमा ध्यान गयो, जसमा लेखिएको थियो, 'कथित निर्वाचन बहिष्कार गरौं।' यी चालक रहेछन् रामबली चौधरी। अन्दाजी ४५ वर्षका। दस वर्षअघि सर्लाहीको बरहथवाबाट अवसरको खोजी गर्दै वीरगन्ज आएका। 'हिजोआज वीरगन्जमा धेरै मान्छे आउँदैनन्,' रामबलीले रिक्सा हाँक्दाहाँक्दै भने, 'यहाँ अब पहिलेजस्तो केही राखेको छैन।'

रामबली वीरगन्जकै पूर्वी किनारामा पर्ने भिस्वामा बसोबास गर्दै आएका छन्। उनी यहीँका मतदाता पनि भइसकेका छन्। उनका एउटा छोरा वीरगन्जकै स्कुलमा पढिरहेका रहेछन्, जसले रामबली हत्तपत्त यो 'केही नराखेको' सहर छाडेर कतै जान सकिरहेका छैनन्। 'नत्र त कहिल्यै गइसकेको हुन्थेँ,' उनी भनिरहेका थिए, 'यहाँ जहिल्यै लडाइँ मात्र हुन्छ।'

अर्कादिन म चढेको रिक्सा चलाइरहेका थिए, जितेन्द्र राउत। ३३ वर्षीय जितेन्द्रका बुवा करिब १५ वर्षअघि भारतको मुजफ्फरपुरबाट बसाइँ सरेर सन्तानसहित वीरगन्ज आएका रहेछन्। बाबुछोरा दुवैले नगरपालिकामा सरसफाइको जागिर पाए। 'त्यो जागिरको कुनै भरोसा छैन,' उनले रिक्सा तान्दातान्दै भने, 'आजसम्म पनि हामी करारमै काम गरिरहेका छौं।'

यस्तो अवस्थामा जितेन्द्रले वैकल्पिक पेसाका रूपमा रिक्सा चलाउन सुरू गरेका रहेछन्। दिउँसो २-३ बजेसम्म रिक्सा हाँकेपछि नगरपालिकाको काम सुरू हुने उनले जानकारी दिए। यतिन्जेल वीरगन्जकै भगवती टोलमा उनको आफ्नै घर पनि बनिसकेको छ। परिवारमा ६ जना मतदाता छन्। 'यो नगरपालिकामा एकबेर चुनाव भइदिए हाम्रो सब समस्या समाधान भइजान्थ्यो,' जितेन्द्र भनिरहेका थिए, 'मेयर जितेर आयो भने हाम्रो जागिर स्थायी बनाइदिन्छ।'

वीरगन्ज महानगरपालिकालाई नजिकबाट नियालिरहेका स्थानीयका अनुसार यतिबेला त्यहाँका कर्मचारीको सबैभन्दा अनियमित कमाइ यी सरसफाइकर्मीबाटै भइरहेको छ। जनप्रतिनिधि नभएको मौकामा ती कर्मचारीले नै यस्ता सरसफाइकर्मीहरूलाई अन्य काम गर्ने छुट दिँदै नगरपालिकाको तलबबाट कमिसन असुलिरहेका छन्।

वीरगन्जका सरसफाइकर्मीको मुख्य काम नै नालाको फोहोर ट्र्याक्टरमा हालेर विसर्जन गरिदिनु हो। यहाँ पछिल्लो समय नालाकै बिजोग छ। एसियाली विकास बैंकको सहयोगमा मुख्य नालाको निर्माण अधुरै रहँदा सहरभरिका पानीको निकास अवरूद्ध छ। यस्तो अवस्थामा अलिकति पानी पर्नेबित्तिकै सहरका अधिकांश भाग डुबानमा पर्छन्। निकास नै नभएको नालालाई जति सफा गरे पनि के फाइदा ? हिजोआज त अधिकांश सरसफाइकर्मीले गर्ने यही नाला सफाइको काम पनि ठप्प छ।

एक त मुख्य सडक छाडेर अन्यत्र जानेबित्तिकै मुश्किलले सद्दे बाटो फेला पर्छ। त्यसमाथि ती बाटाहरूमा नाली बगिरहेका हुन्छन्। सहरमा कुनै पनि कुराको तालमेल मिलिरहेको देखिँदैन। जताततै बेथिति छ। बिथोलिएको देखिन्छ। यस्तोमा महानगरपालिका घोषित हुनुले आफैंमा व्यंग्य गरिरहेको प्रतीत हुन्छ।

'आखिर तराईमा अरू सहरहरू पनि त छन्,' परराष्ट्र मन्त्रालयको स्थानीय कार्यालयमा प्रमुखको जिम्मेवारी सम्हालेका उपसचिव कुमार राई भन्छन्, 'तर, खै किन हो, वीरगन्जबाट बाहिरिनेबित्तिकै मुक्तिको आभाष हुन्छ।'

'के छ हालखबर ?'

'एकदम ठीक छ।'

पुराना चिनारूहरू जो भेटिए पनि बजारमा यसैगरी दोहोरो संवादको सुरूआत हुन्छ। अनि, जब अगाडि बढेर 'वीरगन्जको हालखबर चाहिँ के छ ?' भनेर सोधिन्छ त्यतिबेला लगभग शतप्रतिशतको जवाफ हुन्छ, 'वीरगन्ज त बर्बाद भइसक्यो।' एकाविहानै मीनाबजारमा तरकारी किनिरहेका उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोपाल केडिया पनि त्यसै भनिरहेका थिए।

किन, के भयो र ? 'यो ठाउँको दुर्दशा त सबैको अगाडि प्रस्टै छ,' उनले थपे, 'अब हुँदा हुँदा चुनाव पनि यहाँ नहुने भइसक्यो।' गोपालले राजनीतिका बारेमा धेरै बोल्न चाहेनन्। 'यतिबेला यहाँ कोही पनि बोल्न चाहँदैनन्,' गोपालको भनाइ थियो, 'दिनप्रतिदिनको बेहालले सबैको मनमा छटपटी छ।'

हिँड्दा हिँड्दै एक अर्का परिचित भेटिए, शत्रुघ्नकुमार पटवा। मुख्य सडकमै जुत्ताचप्पल पसले शत्रुघ्न र म स्कुलदेखि क्याम्पससम्म सँगसँगै पढेका साथी हौं। उनलाई पनि अरूजस्तै वीरगन्जको हाल सोधेपछि सबैभन्दा पहिले पसलभित्र लगे। 'यहाँ छ महिनाको आन्दोलनले मेरो मात्र होइन, सबै व्यापारीको ढाड भाँचिएको छ,' उनले भने, 'अब त मर्ने नौबत आइसक्यो।'

उनका अनुसार नाकाबन्दी अगाडिसम्म उनको त्यो सानो जुत्ता पसलबाट महिनाको कम्तीमा ५० हजार कमाइ हुन्थ्यो। अहिले भने १० हजार रूपैयाँ पनि मुश्किलले बच्ने उनले बताए।

'कसैको पासमा पैसै छैन,' उनले भने, 'त्यसमा पनि बढी किनमेल गर्ने पहाडेहरूले हो, जसको संख्या यहाँ बहुत कम भइसकेको छ।' अब त झन् चुनाव नहुने भएपछि यो सहर 'तबाह' हुने उनले दाबी गरे। 'यो सब त आखिरमा आन्दोलन उठ्यो र त्यसलाई दबाउन खोजियो भने मुलुककै निम्ति दुर्भाग्य निम्तिन सक्छ।'

त्यसरी सरकारले बल नै प्रयोग गरेर जाने अवस्था आयो भने अन्य स्थानमा चुनावमा होमिइसकेको संघीय समाजवादी फोरमले पनि फेरि एकपटक सोच्नुपर्ने अवस्था आउने राउत बताउँछन्।

राजपासँग आबद्ध र अन्य मधेशी नेताहरूको चुनावप्रतिको धारणा झनै नकारात्मक छ। मधेशलाई के चाहिएको



मधेशीहरूकै हकअधिकारका लागि भइरहेको छ नि होइन ?,' मैले पुरानो साथी शत्रुघ्नलाई सोधेँ।

'काहेका हक अधिकार ?' ऊ उल्टो कड्किएर बोल्यो, 'घरको पैसा लगाएर व्यापार गर्ने मान्छे यहाँ कारोबार डुबेर मरिरहेको छ। मधेशका नाममा राजनीति गर्ने केही न केहीका मान्छे नाकाबन्दी लगाएर तस्करहरूबाट पैसा कमाइरहेको छ।'

उनले मधेश आन्दोलनसँग जोडिएका केही नेताहरू कसरी रातारात करोडौंको मालिक बने भन्ने उदाहरण दिँदै यो सबै पैसा र पदको निम्ति भइरहेको दाबी गरे। केन्द्रका नेताहरू पनि एकातिर काठमाडौंमा सरकार बनाउन भोट दिने अर्कातिर मधेशमा आएर त्यही सरकारविरूद्ध आन्दोलन गर्ने गरिरहेको उनले बताए।

त्यसै त वीरगन्जस्थित मेरो टोलमा अब पहाडे परिवार छिटफुट मात्र देखिन थालेका छन्। त्यसमाथि केटाकेटीदेखिको मेरो साथी विनोद परियार पनि अब केही दिन मात्र यो टोलको वासिन्दा हुँदैछन् भन्ने जानकारी पाएपछि मन नराम्ररी विथोलियो। समाजसेवा र खेलकुदका क्षेत्रमा चिनिएका विनोदले यहाँको घर बेचेर सिमरामा अर्को घर किनिसकेका रहेछन्। 'कति सहेर बस्ने ?' विनोद भनिरहेका थिए, 'खुरूखुरू आफ्नो काम गरेर बाँच्दा पनि सुख पाइएन।'

निर्वाचन बहिस्कार गरेर बसेको मधेशी पार्टी राष्ट्रिय जनता पार्टीका नेता कार्यकर्ता भने मधेशको माग पूरा नभई चुनावमा जानुको कुनै अर्थ नहुने धारणामा अडिग छन्। पहिलो र दोस्रो चुनावमा पनि भाग लिएको एउटा प्रमुख मधेशी पार्टी संघीय समाजवादी फोरमका नेता लालबाबु राउत पनि मधेशमा जबर्जस्ती चुनाव गराउने माहोल नभएको बताउँछन्। संघीय समाजवादी फोरमका उपाध्यक्ष राउत यतिबेला पार्टीको तर्फबाट मुलुकभरि चुनावी सभाहरूमा सरिक भइरहेका छन्। पाँच दिनसम्म नेपालगञ्ज बसेर इदको निम्ति गृहनगर वीरगन्ज आइपुगेका उनै राउतलाइ दुई नम्बर प्रदेसमा असोज २ गते पनि चुनाव होला भन्नेमा शंका छ।

'यो प्रदेस अन्यको तुलनामा बढी नै संवेदनशील छ,' उनी भन्छन्, 'कसैगरी सहमति भएन र राज्यले बल प्रयोग गरेरै चुनाव गराउनतिर लाग्यो भने यहाँ धेरै खुनखराबा हुनसक्छ।'

प्रधानमन्त्री शेरबहादुर देउवाले तेश्रो चरणभन्दा अगाडि फेरि पनि प्रयास गर्नेछन् भन्ने विश्वास राउतलाई छ। 'त्यो जसरी पनि गर्नैपर्छ र मिलाएरै लैजानुपर्छ,' राउत भन्छन्, 'नत्र सप्तरीदेखि यहाँसम्म हो भन्ने कुरा आज होइन, २००८ सालमै तराई कांग्रेसले उठाइसकेको बताउँछन् वीरगन्जकै अर्का नेता भाग्यनाथ गुप्ता। उपेन्द्र यादवले मधेशी जनअधिकार फोरम गठन गर्दाताका दोश्रा नेता भाग्यनाथले यादवसँग मतभेद भएपछि बेग्लै दल खोलेर बसेका छन्।

रामजनम तिवारीले २०४२ सालमा हर्क गुरूङको प्रतिवेदनविरूद्ध राजदरबारमा बिन्तीपत्र चढाउँदादेखि मधेश राजनीतिमा लागेका भाग्यनाथ अहिले पनि सिंगो मधेश एक प्रदेश नहुन्जेलसम्म त्यो लडाइँ नटुंगिने अडानमा छन्। गुप्ता उल्टो राजपाले मधेशको मुद्दामा लगातार सम्झौता गर्दै आएर यसलाई धेरै नै मत्थर बनाइदिएको आरोप लगाउँछन्।

'हिजोसम्म सरकारको प्रतिनिधित्व गरेर हामीलाई सम्झाउन खोज्ने महन्थजी अहिले आफैं विद्रोहीजस्तो देखिनुभएको छ,' गुप्ता भन्छन्, 'माग घटाउँदै लगेर जुन दयनीय अवस्था उहाँले प्रदर्शित गरिरहनुभएको छ त्यो मधेशकै अवमूल्यन हो।' स्थानीय निकाय जनप्रतिनिधिको हातमा गयो भने आममानिसलाई केही राहत पुग्ने निश्चित भए पनि त्यसले मधेशको समस्यालाई समाधान नगर्ने गुप्ता सुनाउँछन्।

'मधेशको समस्या समाधान नगरेर जुनसुकै चुनाव गराए पनि हाम्रो निम्ति त्यो पञ्चायतको स्थानीय निर्वाचनभन्दा फरक हुँदैन,' गुप्ता भन्छन्, 'त्यसैले चुनावलाई स्वीकार्नु जरूरी छैन।'

भोलि मुलुकका अन्य भेगमा चुनाव भएर दुई नम्बर प्रदेशमा मात्र रोकियो भने त्यसले स्वाभाविक रूपमा विकासमा अवरोध आउने, आम मानिसमा कुण्ठा र लघुताभाष हुने बताउँदै गुप्ता थप्छन्, 'त्यो कुण्ठा र लघुताभाष झनै आन्दोलनका लागि ऊर्जा हुनेछ।' त्यो आन्दोलनले अहिले सम्पन्न भएको चुनावलाई पनि उथलपुथल पारिदिने उनको दाबी छ।

भाग्यनाथ गुप्ताले भनेजस्तै सम्पूर्ण मधेशीको माग नै एक मधेश एक प्रदेश रहेको सुरेन्द्र कुर्मी सुनाउँछन्। 'त्यतिबेला थारूहरूलाई उचालेर हाम्रो त्यो मागलाई अलमल्याइयो,' राष्ट्रिय जनता पार्टीका केन्द्रीय उपाध्यक्ष कुर्मी भन्छन्, 'केही वर्ष नपुग्दै त्यसरी प्रयोग गरिएका थारूहरूलाई पनि राज्यले धोका दिएको त जगजाहेरै छ।'

अब कुनै पनि हालतले सम्झौता गर्न नहुनेमा कुर्मी स्पष्ट छन्। 'कुनै पनि ठाउँ स्थानीय चुनावले बलियो र विकसित हुने होइन,' कुर्मी भन्छन्, 'प्रत्येक समुदायका मानिसले आफूलाई सम्मानित ठानेर अघि बढेपछि मात्रै समृद्धि हात लाग्छ।'

मधेशमा स्थानीय तहको संख्या जनसंख्याको अनुपातमा वृद्धि गरिनुपर्ने माग पूरा नभएपछि कुर्मीको राजपा चुनावबाट हटेको हो। जबकि, न स्थानीय तहका निर्वाचितहरूले राष्ट्रपति निर्वाचनमा मतदानको अधिकार राखे न संख्या बढेर मधेशमा बजेटको मात्रा बढ्ने हो। प्रत्येक स्थानीय तहमा जनसंख्याको आधारमा बजेट पठाइने भनिएपछि संख्या बढ्नुको तात्विक अन्तर पनि रहेन। यस्तोमा कुर्मीहरूको अडान कत्तिको सान्दर्भिक थियो ?

'पहिलो कुरा त जनसंख्याको आधारमा बजेट दिने भन्ने कुराको बेग्लै कानुन नबनेसम्म त्यसलाई गफका आधारमा पत्याउने कुरै आउँदैन,' कुर्मी भन्छन्, 'दोश्रो, अधिकतम लचकता अपनाएर भुइँसम्मै पुग्दा पनि हामीलाई लत्याउन खोजिएपछि अब हामी फेरि पुरानै मुद्दामा किन नआउने भनेर विचार गर्न बाध्य भइसकेका छौं।'

स्थानीय तह थप्नेमा पनि अदालतले स्टेअर्डर दिँदादिँदै तराईका अन्य प्रदेशमा चुनाव गराउनुले सरकार जसरी पनि चुनाव गराउन कानुनको खिल्ली उडाएर अघि बढिरहेको देखाउने अधिवक्ता कुर्मीको तर्क छ। 'भोलि दुई नम्बर प्रदेसमा मात्र जनसंख्याको आधारमा संख्या बढ्यो भने चुनाव भइसकेका अन्य प्रदेसले मान्छन् ?' उनले प्रश्न गरे, 'मानेनन् भने यो अहिले भइसकेको चुनावको अवस्था के होला ?'

राजपाका थुप्रै कार्यकर्ताले स्वतन्त्र रूपले चुनावमा भाग लिएको र केही नेता सघाउन पनि पुगेको विषयमा प्रश्न गर्दा कुर्मीले मधेशको मुद्दाका अघिल्तिर कुनै पनि पार्टी वा त्यसका नेताको गतिविधिले खासै अर्थ नराख्ने बताए।

'माइतीघर मण्डलामा उपेन्द्र यादवलाई पक्राउ गर्दा उनको हैसियत के थियो ?' कुर्मीले प्रश्न गरे, 'तर, मधेशको माग उनले उठाउँदा पक्राउ परेको भन्ने खबर फैलनासाथ उनी कसरी राष्ट्रिय राजनीतिमा स्थापित भए भन्ने कुरा सबैले बुझेकै होलान्। त्यसैले कुनै नेता वा कार्यकर्ताले मधेशको मुद्दा छाडेर के निर्णय लिए भन्ने कुराले केही फरक पर्दैन।'

राजपालाई अब केवल दुई नम्बर प्रदेशमा ल्याएर सीमित गरिदिनुबाटै यो संविधान जसजसले मिलेर बनाए उनीहरूले नै यो फेल भइदियोस् भनेर चिताएको कुर्मीले बताए। कुनै सहमतिबिना असोज २ मा चुनाव भयो भने राजपाको कस्तो प्रतिक्रिया रहन्छ भनेर सोध्दा कुर्मीले कुनै प्रतिक्रिया नहुने बताए।

'बन्दुक देखाएर चुनाव गरायो भने हामी पनि बन्दुकै बोकेर रोक्नलाई थोडै कुनै सशस्त्र समूह हौं ?' उनले प्रश्न गरे, 'तर, असन्तुष्टिकै बीच चुनाव गराइयो भने भोलि यो मुलुकको के हुन्छ भन्ने चाहिँ राज्य सञ्चालन गर्नेहरूले बुझ्नुपर्ने कुरा हो।'

वीरगन्जबाट पहाडे समुदायको बढ्दो पलायनबारे प्रश्न गर्दा कुर्मीले आफूहरूले मधेश आन्दोलनकै बेला बरू राजकुमार गुप्ताजस्ता सभासदको घर तोडफोड गरेको तर कुनै पहाडेलाई हानी नोक्सानी नपुर्‍याएको बताए। 'एक त आज पनि वीरगन्जकै सांसद राजेन्द्रबहादुर अमात्य छन्,' कुर्मी भन्छन्, 'त्यसबाहेक तराईमै पनि पहाडे उपस्थितिको समानुपातिक हिसाबले उनीहरूलाई झन्डै ३६ प्रतिशत प्रतिनिधित्व दिइनुपर्नेमा हामी स्पष्टै छौं।'

अहिले सबैको निम्ति अप्ठ्यारो समय भएकाले केही मानिस आत्तिए पनि समय आएपछि सबै कुरा मिलेर जाने कुर्मी दाबी गर्छन्। वीरगन्जमा पछिल्लो समय अवसरहरू शून्य बनाइएकै कारण पहाडे मात्र नभई यहाँका मधेशी समुदाय पनि ठूलो संख्यामा बसाइँ सरेर अन्यत्र गएको कुर्मीले सुनाए।

यसरी वीरगन्जका मधेशी पार्टीका नेता र सर्वसाधारणबीच आन्दोलन र चुनावलाई लिएर पूरै विपरित धारणा प्रस्ट देखिन्छ। नेताहरू चुनाव बहिस्कार गर्ने, मधेशका लागि आन्दोलन गर्ने मुडमा छन् भने जनता चुनावको पक्षमा।

केही समयअघि यहाँ चुनाव बहिस्कार गर्नुपर्छ भन्ने पक्षधरले बहिस्कारको सन्देश लेखिएको टिसर्टसम्म बाँडेका थिए। रिक्सा चालक रामबली चौधरीले लगाएको 'कथित निर्वाचन बहिष्कार गरौं' भन्ने नारा अंकित गन्जी त्यसैमध्ये थियो। 'अलिदिन पहिले घन्टाघरमा यो गन्जी बाँडिरहेको थियो,' रामबलीले भने, 'मैले पनि मागेर लगाएको हुँ।' गन्जीमा जे लेखेको भए पनि आफ्नो निम्ति त्यो केवल सित्तैमा पाएको नयाँ लुगा रहेको उनले स्पष्ट पारे।

'अरू थोक जे होस्, चुनाव चाहिँ हुनैपर्छ जस्तो लागिरहेको छ,' उनले भने, 'गन्जीको के कुरा गर्नुहुन्छ, चुनाव भइदियो भने म सबैभन्दा अगाडि उभिएर भोट हाल्नेछु। (साभार : यात्राडेली डटकम)

# जनताका लागि राजनीति गर्ने नेताको अभाव छ

जहाँसम्म मधेश आन्दोलनको कुरा छ, मधेश आन्दोलनका क्रममा टाउको र छातीमा गोली हान्ने काम गरियो, जतिखेर सुशील कोइराला प्रधानमन्त्री थिए । तर, के भयो ? फेरि मधेशी नेताहरूले सुशील कोइराला नै भोट दिन गए । नेपालका नागरिक सबै बराबर छन्, बराबर रहनुपर्छ भन्ने कुरा सबैले बुझ्नुपर्छ । मुख्य लडाईंको बिन्दु यो हो । सुशील कोइरालालाई त्यति मधेशीलाई मार्ने अधिकार कसले दियो ?



## युगलकिशोर लाल

### वरिष्ठ अधिवक्ता तथा राजनीतिक विश्लेषक

**० स्थानीय तहको चुनावमा सहभागी भएका मधेशकेन्द्रित दलको अवस्था कस्तो पाउनुभयो ?**

– राजनीति कहिले काहीं जुवा जस्तो पनि हो । सम्भावनाका आधारमा पनि राजनीतिक दलहरूले निर्णय लिने गर्छन् । राजनीति बुद्धिचाल खेल जस्तै हुन्छ । यसमा कोही विजयी प्राप्त गर्छन् भने कोही पराजय भोग्छन् । राजनीतिमा जित र हार सामान्य कुरा हो । तर, कसले सही कदम चाल्यो भन्ने कुरा समयले बताउनेछ । दलहरूको असन्तुष्टिका बाबजुद चुनाव गरिएको अन्य देशमा पनि कैयौं उदाहरण छन् । म भारतको उदाहरण दिन चाहन्छु । त्यहाँ सन् १९३५ मा अग्रेजले दिएको संविधानअन्तर्गत प्रान्तीय चुनाव भएको थियो । जसमा एक मात्र सुवासचन्द्र बोसले विरोध गरेका थिए । बाँकी मोती लाल, जवाहरलाल नेहरू, पटेल, राजेन्द्र प्रसादलगायत सबैले भाग लिए । चुनाव पनि भयो । उनीहरू जिते पनि, सरकार पनि गठन भयो । तर, त्यो सरकार दुई वर्ष पनि चल्न सकेन । सबैले राजीनामा दिएर हट्नुपर्ने अवस्था आएको थियो । त्यसबेला सबै आत्मसमीक्षा गरे कि हामीले चुनावमा भाग लिएर गल्ती गर्‍यौं भनेर । त्यसैले राजनीतिमा को जित्ने र को हार्ने भन्ने कुरा कुर्सीलाई महत्व दिनेहरूका लागि हो । जसलाई राष्ट्रलाई ध्यानमा राखेर राजनीति गर्नुछ, जसलाई मानवतालाई ध्यानमा राखेर राजनीति गर्नुछ, त्यसको त बहुत लामो यात्रा हुन्छ ।

**० राजनीतिमा जित र हार स्वभाविक होला । तर,पछिल्लो समयमा केही मधेशकेन्द्रित दलले चुनावमा सहभागिता जनाएका छन् । केहीले चुनाव बहिष्कार गरेका छन् । यसलाई कुन रूपमा लिनुभएको छ ?**

– राजनीति गर्नेहरूले जनताका इच्छा बमोजिम आचरण देखाएका छन् कि छैनन्, त्यो कुरा महत्वपूर्ण हुन्छ । कसैको राजनीति राजदरबारसँग सम्बन्धित थियो । बाहिर बाहिर विरोध गर्दथ्यो, भित्रभित्र उसैबाट प्ररित थियो । कसैको राजनीति कांग्रेससँग प्रेरित छ । कसैको राजनीति चीनसँग प्रेरित छ । कसैको राजनीति भारतसँग प्रेरित छ । कसैको राजनीति अमेरिकाको इशारामा चलेको होला । त्यस्तो राजनीतिक इकाइले आफ्नो आकाको आज्ञाको मात्र पालन गर्छ । उसले स्वतन्त्र राजनीति गर्न सक्दैन । त्यसकारण कसले के भन्छ भन्ने कुरा सोच्ने कुरा होइन । त्यो त समयले नै बताउनेछ ।

**० भनेपछि मधेशकेन्द्रित दलहरू पनि कतैबाट परिचालित छन् ?**

– त्यो त मलाई थाहा छैन । आजको युगमा न कुैन व्यक्ति स्वतन्त्र छ, न त कुनै देश, न त कुनै राजनीतिक दल स्वतन्त्र छन् । स्वतन्त्रता नारा मात्रै छ । किन भने नेपाल जस्तो ठाउँमा हामीमध्ये प्राय सर्टिफिकेट दिएका विद्वानहरू मात्र पैदा भएका छन् । त्यस्ता व्यक्तिको लक्ष्य नै सत्तामा पुग्नु हो । सत्तामा पुग्न सहज जहाँबाट हुन्छ, त्यही ऊ जान्छ । केही दिन अघि विजय गच्छदारसँग भेट भएको थियो । आधा घण्टासम्म चलेको भेटका क्रममा उहाँले आफूले हालसम्म राजनीतिमा के-के गरे भन्ने कुरामा नै बिताउनुभयो । भनेपछि त्यस्तो राजनीतिज्ञबाट राष्ट्रको कल्याण हुन्छ भन्ने कुरा नसोच्नुस् । राजनीतिमा पहिला लक्ष्य निर्धारण हुनुपर्छ ।

**० मधेशमा पटक पटक आन्दोलन भए । सयभन्दा बढी मानिसले मृत्युवरण गरे । तर, पनि मधेशकेन्द्रित दलको लक्ष्य निर्धारण हुन नसकेको हो । बरू विचलन नै आएको हो ?**

– नेताले आफूलाई बिक्री गर्‍यो भने कार्यकर्ता पनि बिक्री हुन्छ भन्ने छैन । राजनीति जनताका लागि गरिन्छ । जनताका लागि राजनीति गर्न छाडियो भने नेता कत्ति ठाउँमा बिक्री हुन्छ, त्यसको ठेगान हुँदैन । त्यसकारण जनताका लागि काम नगर्ने नेताहरू आफैं पाखा लाग्छन् । त्यसठाउँमा अर्का नेता आउँछन् । जहाँसम्म मधेश आन्दोलनको कुरा छ, मधेश आन्दोलनका क्रममा टाउको र छातीमा गोली हान्ने काम गरियो, जतिखेर सुशील कोइराला प्रधानमन्त्री थिए । तर, के भयो ? फेरि मधेशी नेताहरूले सुशील कोइराला नै भोट दिन गए । नेपालका नागरिक सबै बराबर छन्, बराबर रहनुपर्छ भन्ने कुरा सबैले बुझ्नुपर्छ । मुख्य लडाईंको बिन्दु यो हो । सुशील कोइरालालाई त्यति मधेशीलाई मार्ने अधिकार कसले दियो ? यदि उसले मारेको छैन भने कसको आदेशले मार्‍यो ? मान्छे मार्नेमाथि के कारबाही भयो ? मधेश आन्दोलनमा गोली चलाउनेहरूमाथि कारबाही हुनुपर्छ भन्ने आवाज किन त्यति उठ्दैन ? गर्नुपर्ने काम हुँदैन । तर, फेरि भोट दिनुपर्‍यो भने उनीहरूलाई नै दिइन्छ । सुशील आए, प्रचण्ड आए, देउवा आए सबैलाई भोट दिँदै जाने काम भएको त प्रष्टै छ नि । कानुनी राज्यको स्थापना हुनुपर्छ ।

**० भनेपछि मधेशकेन्द्रित दलले विगतमा गरेको गल्तीको परिणाम चुनावबाट भोगिरहेका हुन् ?**

– म गल्ती भन्दिनँ । भोट दिन जानेलाई राम्रो लागेर दिए ।

**० मधेशकेन्द्रित दलहरू मधेशीको चाहनाअनुसार नचलेकै हुन् ?**

– जसले अपराध गर्छ, त्यो जति सुकै ठूलो किन नहोस्, सजाय पाउनुपर्छ । यहाँ जन्मेका सबैको बराबर अधिकार हुनुपर्छ । जो गैरबराबरीलाई बढाबा दिन्छन्, ऊ स्वतन्त्रता विरोधी छन् ।

**० भनेपछि राजपा पनि यो चुनावमा सहभागी भइदिएको भए, उसको पनि फोरम नेपाल र फोरम लोकतान्त्रिकको जस्तै अवस्था हुन्थ्यो ?**

– उनीहरूको के हविगत भयो या हुन्थ्यो भन्ने कुरा चुनाव कसरी भयो भन्ने कुरामा निर्भर गर्छ । जनता कत्ति सक्रिय थिए । केही स्थानमा जति भोट खोस्यो, त्योभन्दा बढी बाकसबाट आइरहेको पनि खबर सुनियो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा पनि चुनाव निष्पक्ष गराउन आयोग गठन गरिएको थियो । त्यसैले चुनाव निष्पक्ष हुन्छ कि हुँदैन भन्ने प्रश्न उठिरहन्छ । त्यसैले चुनावको परिणामले मात्र कसैको प्रभावको आंकलन गर्न सकिँदैन । मनि र मसलको प्रभाव परेको होला । त्यसले चुनावले मात्र जनमतको गणना गर्न सक्दैन ।

**० जनता एउटा कुरा सोच्ने तर, नेताले अर्कै कुरा सोच्ने यस्तो समस्या मधेशको राजनीतिमा मात्र छ कि देशकै राजनीतिमा यस्तो देखिएको छ ?**

– हेर्नुस्, जनताले एउटा कुरा सोच्नु, नेताले अर्को कुरा सोच्नु यो अस्वभाविक कुरा होइन । नेता यदि इमान्दार छन् भने उसले आफ्नो कुरो जनतालाई बुझाउन सक्नुपर्छ । जनता भनेको कच्चा माटो हुन् । राजनीतिक दलले सत्ताका लागि होइन, जनतालाई राजनीति चेतना दिने काम पनि गर्नुपर्छ ।

**० भनेपछि राजनीति शिक्षा दिने काममा नेकपा एमाले सफल र मधेशकेन्द्रित दल असफल भइरहेको छ ?**

– नेकपा एमाले जनतालाई शिक्षाभन्दा पनि मतदातालाई आकर्षित गर्ने कुरामा अगाडि छ । शिक्षा पनि विभिन्न थरिका हुन्छन् । अशिक्षा, शिक्षा, कुशिक्षा, शुशिक्षालगायत छन् । अब एमालेले कुनै न कुनै शिक्षा दिएर भोट चाहीं ल्यायो । तर, भोटले क्षणिक सत्ता प्राप्ति हुन्छ । पञ्चायति व्यवस्था निर्विकल्प छ भन्ने कुरा पनि सर्वसम्मतले पास भएको थियो । खोई कहाँ भयो त निर्विकल्प ? २०१५ सालमा बीपी कोइरालासँग दुई तिहाइ सिट थियो । बीपी कोइराला १८ महिना पनि सरकार चलाउन सकेनन् । त्यसकारण राजनीतिको खेल बुझ्न नसक्ने खेल हो ।

---

# मधेशीको सहादत मेयर, उपमेयर वा मुखिया पदका लागि होइन

निर्वाचनमा भाग लिएर उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालले बाटो बिराएको छ । फोरमले आफ्नो नैतिकता बिर्सेको कारणले गर्दा नै आज मधेशमा आक्रोश देखिएको छ ।



## रम्भा मिश्रा

### नेतृ, राष्ट्रिय जनता पार्टी नेपाल

**० राष्ट्रिय जनता पार्टी नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिने भनिरहेको छ, किन ?**

– ठूला दलहरूले जहिले पनि आफ्नो स्वार्थपूर्तिका लागि मधेशवादी दलहरूसँग सम्झौता गर्छन् र जब उनीहरूको स्वार्थ पूरा भइसकेपछि हाम्रा मागहरूलाई बेवास्ता गर्दैआएका छन् । हामी पटक-पटक धोका पाइरहेकोले हामी समर्थन फिर्ता लिने मनसाय बनाएका छौं ।

**० तर, तपाईंहरू समर्थन फिर्ता लिँदैमा सरकार त ढल्दैन नि ?**

– सरकार ढाल्न वा सरकार बनाउन हामी समर्थन दिने वा फिर्ता लिने गरेका छैनौं । हामीले आफ्नो माग पूरा गराउनका लागि समर्थन गरेका थियौं । तर, हामीसँग गरिएको प्रतिबद्धता पूरा नभएपछि समर्थन गरिरहनुको कुनै औचित्य रहँदैन ।

**० तपाइँहरूले समर्थन फिर्ता लिएपछि कांग्रेस-माओवादी केन्द्र गठबन्धनको सरकार तपाइँहरूको माग पूरा गर्छ त ?**

– जबसम्म हाम्रो माग पूरा हुँदैन भने आगामी असोज २ गतेको स्थानीय तहको निर्वाचन बहिष्कार मात्रै गर्दैनौं विथोल्छौं ।

**० यो कुरा त तपाइँहरूले पहिला पनि भन्नुभयो थियो । तर, दुई चरणमा चुनाव त भयो नि ?**

– यो सरकारले सेना परिचालन गरेर, मधेशीहरूलाई बन्दी बनाएर, तराई-मधेशमा भयत्रासको वातावरणमा चुनाव भएको हो । निर्वाचन भनेको लोकतान्त्रिक अभ्यास हो, जसमा जनताले भयरहित वातावरणमा मतदान गरोस् तर, सरकारले मुलुकको आधा जनसंख्या रहेको मधेशी समुदायलाई निर्वाचनबाट वञ्चित गराएकै हो ।

**० जसरी सरकारले दोस्रो चरणमा सेना परिचालन गरेर भएपनि निर्वाचन गराउन सफल भयो, त्यसरी नै तेस्रो चरणमा पनि सरकारले गर्ने सम्भावना छ कि छैन ?**

– नयाँ संविधान पनि त बन्दूकको बलमा जारी गर्‍यो तर, अहिलेसम्म किन लागू हुन सकिरहेको छैन । संविधानका त्रुटिहरू नसच्याएसम्म लागू हुनैसक्दैन । त्यस्तै, सरकारले अहिले बलजबरजस्ती सेना लगाएर चुनाव गरायो । तर, हामीलाई यो चुनावमा मान्य छैन । यो निर्वाचन खारेज गर्नुपर्छ भन्ने हामी भनेका छौं । सरकारले तेस्रो चरणमा पनि सेना परिचालन गरेर तराई-मधेशमा निर्वाचन गराउन सक्छ तर, त्यो निर्वाचन सफल हुँदैन ।

**० तेस्रो चरणको निर्वाचनभन्दा पहिले तपाइँहरूको माग पूरा भएन भने कस्तो किसिमको बहिष्कार गर्नुहुन्छ ?**

– हाम्रो माग पूरा भएन भने तेस्रो चरणमा हामी कडारूपमा प्रतिवाद गर्छौं । सरकारले हामीलाई प्रदेश नं. २ मा मात्र सीमित गर्‍यो तर हामी मधेशका २२ वटै जिल्लामा बहिष्कार गरेका छौं । सेना लगाएर जबरजस्ती निर्वाचन गर्न खोजियो भने त्यसको परिणाम भयावह हुनेछ ।

**० अहिले सम्पन्न भएको दोस्रो चरणको निर्वाचनमा मधेशका दलहरूको जुन परिणाम आयो यसलाई कुन रूपमा लिनुभएको छ ?**

– निर्वाचनमा भाग लिएर उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालले बाटो बिराएको छ । फोरमले शासक दलहरूसँग चुनावी सहकार्यसम्म पनि गरेको छ । फोरमले आफ्नो नैतिकता बिर्सेको कारणले गर्दा नै आज मधेशमा आक्रोश देखिएको छ ।

**० मधेशकेन्द्रित दलहरू फोरम नेपाल, लोकतान्त्रिक फोरम र राजपाबीच जुन किसिमको मतभिन्नता देखिएको छ, आगामी दिनमा तपाइँहरूबीच सहकार्यता हुने सम्भावना कतिको छ ?**

– उपेन्द्र यादव नेतृत्वको फोरम नेपाल र विजयकुमार गच्छदार नेतृत्वको लोकतान्त्रिक फोरमले बाटो बिराएर अवसरवादीको रूपमा देखा परेका छन् । मधेशको माग सम्बोधन गराउनका लागि यदि उहाँहरू हामीसँग मिलेर आन्दोलनमा आउनुहुन्छ भने हामीलाई आपत्ति छैन । उहाँहरू अवसरवादी हुन् भन्ने कुरा सबैलाई थाहा छ । तर, कोही आफ्नो घर फर्किन चाहन्छन् भने हामी स्वागत गर्छौं ।

**० राजपाबाट कोही कोहीले स्वतन्त्ररूपमा निर्वाचनमा भाग लिएका छन्, यसलाई कुन रूपमा लिनुहुन्छ ?**

– राजपाका जस-जसले निर्वाचनमा भाग लिए उहाँहरू अब राजपाका सदस्य रहनुभएन । जो जित्नु भएका छन् उहाँहरूलाई बधाई छ तर, उहाँहरू अब राजपामा रहनुभएन । किनभने राजपाले सुरूदेखि नै निर्वाचन बहिष्कार गरेको छ ।

**० स्थानीय निर्वाचनमा राजपाले ठूलो गल्ती गर्‍यो भन्ने पनि सुनिन्छ, यसमा के भन्नुहुन्छ ?**

– सरकारले मधेशको न्यूनतम् मागहरूसमेत पूरा गर्न नसकेको अवस्था छ । संविधानमा यति धेरै त्रुटिहरू छन् कि लागू हुनैसक्दैन । त्यसैले, त्रुटिपूर्ण संविधानलाई लागू गराउने षड्यन्त्रमा हामी सहभागी हुँदैनौं । मधेश आन्दोलनमा मधेशी सपूतहरूले दिएको बलिदानी मेयर, उपमेयर अथवा मुखिया पद पाउनका लागि थिएन । मधेशी शहीदहरूले जुन कुराका लागि सहादय दिएका छन् त्यो पूरा नभएसम्म निर्वाचन सहभागी हुने नैतिकताले मान्दैन ।

---

# चुनावमा भाग लिएर कुनै गल्ती गरेका छैनौं

'भाई फुटे गवार लुटे' भन्ने उखानजस्तै कांग्रेस र एमालेलाई फाइदा भएको हो । हामी आन्दोलन गर्ने बेलामा सँगै थियो । तर, जनताको अधिकारसँग जोडिएको स्थानीय निर्वाचनका बेला हाम्रा पार्टीका अध्यक्ष उपेन्द्र यादव र पार्टीप्रति जुन आक्षेप लगाइयो त्यसले गर्दा हामीले अपेक्षा गरेअनुसारका परिणाम प्राप्त गर्न सकेनौं ।



## सुनिता साह

### नेतृ, संघीय समाजवादी फोरम, नेपाल

**० तपाइँहरू संविधान संशोधन अगावै निर्वाचनमा सहभागी हुनुभयो, त्यसबाट प्राप्त उपलब्धिबाट सन्तुष्ट हुनुहुन्छ ?**

– स्थानीयत चुनाव भनेको जनताहरूको अधिकारका कुरा हो । सिंहदरबारको अधिकार र विकास गाउँ-गाउँमा लिएर जानुपर्छ भन्ने मान्यताका साथ हामी निर्वाचनमा सहभागी भएका हौं । हामीले अपेक्षा गरेअनुसार परिणाम प्राप्त गर्न नसके पनि हामी सन्तुष्ट नै छौं ।

**० तपाइँहरूले अपेक्षा गरेअनुरूप सफलता प्राप्त गर्न सक्नुभएन भन्ने कुरा स्वीकार गर्नुहुन्छ ?**

– हामीले पाएको मत परिणामबाट सन्तुष्ट नै छौं । खासगरी, राष्ट्रिय जनता पार्टी नेपालका नेताहरूको कारणले गर्दा हामीलाई अप्ठ्यारो भएको हो । उहाँहरू आफू पनि भाग नलिने र अन्य मधेशी दलहरूलाई भाग लिन नदिने अडानका कारण पनि हामीले चाहेअनुरूप सफलता पाउन सकेनौं ।

**० फोरम नेपालले कम सीट पाउनुको दोषी राजपा नेपाल नै हो ?**

– राजपा नेपालले आफ्नो मुद्दा राखेर आन्दोलन गर्‍यो त्यो ठिक छ, उहाँहरूको आन्दोलन आफ्नो मुद्दाकेन्द्रित नभई फोरम नेपाल र उपेन्द्र यादवविरूद्ध भएको देखियो । राजपाका नेताहरूले हाम्रा अध्यक्ष उपेन्द्र यादवविरूद्ध भ्रम फैलाउने काम मात्र गर्नुभयो । यसकारण फोरम नेपालप्रति भ्रम फैलाएर मतदाताहरूमा विचलन पैदा गरियो ।

**० राजपा निर्वाचनमा सहभागी नहुनु त तपाइँहरूकै लागि फाइदा हुनुपर्ने थियो नि ?**

– राजपाले चुनावमा जान्नौं भन्यो तर, कुनै कुनै ठाउँमा आफ्ना पार्टीका स्वतन्त्र उम्मेदवारहरू पनि खडा गर्नुभयो । उहाँहरू पटक्कै निर्वाचनमा जान्नौं र भाग नलिएको भए फोरम अवश्य बढी जित्थ्यो । तर, आफ्ना स्वतन्त्र उम्मेदवार पनि खडा गर्‍यो र कसरी फोरम नेपाललाई हराउन सकिन्छ भन्ने उहाँहरू रणनीति नै थियो । ठाउँ-ठाउँमा भेला गरेर उपेन्द्र यादवविरूद्ध भाषणबाजी गरियो, उपेन्द्र यादवले मधेशलाई बर्बाद गरिदियो भन्ने खालका आरोपहरूले गर्दा पनि कही न कहीं जनताको मनस्थितिमा प्रभाव परेर हाम्रो मत कम भएको हो ।

**० तपाइँहरूको अध्यक्ष उपेन्द्र यादवले बुलेटको जवाफ ब्यालेटले दिन्छौं भन्नुहुन्थ्यो । तपाइँहरूले जवाफ दिन सफल हुनुभयो ?**

– हामी बुलेटको जवाफ ब्यालेटले दिन सफल भइ नै हाल्यौं । किनभने हामी चुनावमा भाग लियौं र जितेर पनि देखाइदियौं ।

**० तपाइँहरू प्रदेश नं. १, ५ र ७ मा आधिपत्य जमाएको भए बुलेटको जवाफ ब्यालेटले दिएको मानिन्थ्यो नि ? तर, ती प्रदेशहरूमा कांग्रेस र माओवादीले नै आधिपत्य जमाएका छन् ?**

– 'भाई फुटे गवार लुटे' भन्ने उखानजस्तै कांग्रेस र एमालेलाई फाइदा भएको हो । हामी आन्दोलन गर्ने बेलामा सँगै थियो । तर, जनताको अधिकारसँग जोडिएको स्थानीय निर्वाचनका बेला हाम्रा पार्टीका अध्यक्ष उपेन्द्र यादव र पार्टीप्रति जुन आक्षेप लगाइयो त्यसले गर्दा हामीले अपेक्षा गरेअनुसारका परिणाम प्राप्त गर्न सकेनौं ।

**० यो संविधान संशोधन होइन, पुनर्लेखन नै गर्नुपर्छ, स्थानीय चुनाव केन्द्रले गराउन सक्दैन लगायतका कुराहरू तपाइँकै पार्टी अध्यक्षले गर्नुहुन्थ्यो नि ?**

– हाम्रा यी मागहरू अहिले पनि यथावत नै छ । जनताको घरघरमा अधिकार पुर्‍याउने मुख्य कुरा हो । त्यसैले स्थानीय चुनावमा भाग लियौं । हाम्रा मागहरू पूरा भएन भने हामी पुनः आन्दोलनमै जान्छौं ।

**० तपाइँहरू अहिलेकै स्थानीय तहको संख्यालाई मानेर चुनावमा भाग लिनुभयो । अब तपाइँहरूको माग के हुनेछ ?**

– संविधान संशोधनका लागि जुन विधेयक दर्ता भएको छ, त्यो पारित भएन भने हामी आन्दोलनमै जान्छौं । हामी निर्वाचनमा सहभागी भएर कुनै गल्ती गरेका छैनौं । जनसंख्याको आधारमा स्थानीय तहको संख्या कायम हुनुपर्ने भन्ने हाम्रो माग यथावतै छ ।

**० अब आन्दोलन किन र केका लागि ?**

– संविधानमा रहेका त्रुटिहरू सच्याउनका लागि हामीले बारम्बार भन्दै आएका छौं । हामीले मधेशका मुद्दाहरू छोडेका छैनौं । हामीसँग भएका तीनबुँदे सहमति पूरा गराउनका लागि आन्दोलन गर्छौं । जबसम्म मधेशीसँग विभेद कायम रहन्छ तबसम्म हामी आन्दोलनमै रहन्छौं ।

**० तेस्रो चरणको निर्वाचनमा तपाइँहरू के गर्नुहुन्छ ?**

– अहिलेसम्म जे जति कमी कमजोरीहरू रह्यो त्यो सबैलाई समीक्षा गरेर सुधार गर्दै जानुपर्छ । तेस्रो चरणको निर्वाचनमा राजाप नेपाललाई पनि सहभागी गराउन सरकारले आवश्यक पहल गर्नुपर्छ । राजपाको दल दर्ता, चुनाव चिन्ह दिने लगायतका कार्यहरू सरकारले गर्नुपर्ने हुन्छ ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# मधेशमा बनेको आफ्नै विचार



मनोज कुमार कर्ण

**रामायण र महाभारतले के भन्छन् ?**
श्री मद्गोस्वामी तुलसीदासविरचित श्री रामचरितमानसको लङ्काकाण्डमा रावणले निर्णायक युद्ध गर्न रथमा सवार भई सम्पूर्ण राक्षसहरू आज आईरहेको सुनेर रावणको प्रचण्ड शक्तिभएको, साम, दाम, दण्ड र भेदमा पारंगत तथा रथसहित आउने तर यस राम-रावण युद्धमा सत्यको विजय पक्षधर श्रीरामकै विजय हुनुपर्ने अनि स्वयँको पनि प्राणको रक्षाको लागि त्राहीमामको अवस्थामा अब कसरी विजय हुने हो भनी नररूपी श्रीरामको सौर्यमा मानवीय त्रुटीले शंका गर्दै **विभिषण**ले सोद्धा सो बेलासम्म देवराज ईन्द्रबाट रथ नआईसकेको बेलामा भूईंमै रहेर सम्पूर्ण वानरी सेनाको मनोबल उच्च राख्दै **विजय रथ**को व्याख्या **श्रीराम**ले गर्नुहुन्छ । **सुनहु सखा कह कृपानिधाना । जेहिं जय होइ सो स्यंदन आना ॥ सौरज धीरज तेहि रथ चाका । सत्य सील दृढ ध्वजा पताका ॥ बल बिबेक दम परहित घोरे । छमा कृपा समता रजु जोरे ॥ ईस भजनु सारथी सुजाना । बिरति चर्म संतोष कृपाना ॥ दान परसु बुधि सक्ति प्रचंडा । बर बिग्यान कठिन कोदंडा ॥ अमल अचल मन त्रोन समाना । सम जम नियम सिलिमुख नाना ॥ कवच अभेद बिप्र गुर पूजा । एहि सम बिजय उपाय न दूजा ॥ सखा धर्ममय अस रथ जाकें । जीतन कहँ न कतहुँ रिपु ताकें ॥** (पृष्ठ ५४७) संक्षेपमा, असत्यमाथि सत्यको विजयमा रथ, कल, बल, मानवीय सेना नै सबैथोक होइन । लडाईं जित्न सौर्य, धीरज, सत्य, शील, बल, विवेक, अदम्य साहस, छमा, कृपा, समता, ईश्वरको सदैव स्मरण, कहिलेकाहिं लामो लडाईंको क्रममा हार वा थोरै उपलब्धि प्राप्त हुँदा संतोष, दानको भाव, वैज्ञानिक युद्धनीति, सो रणनीतिको पूर्ण प्रयोग, गुरू तथा ऋषीमुनीको सेवाबाट आर्जित आशिर्वाद र धर्मको पूर्णपालन भयो भने कृत्रिम जस्तो सुकै बलशाली रथमा सवार बलशाली शत्रु र सेनाको डफ्फा ल्याएपनि फरक पर्दैन । मधेशको मुद्दामा पूर्ण र निजि स्वार्थबाहेक केवल मधेशकै लागि समर्पित मधेशवादी दलहरू राजपालगायत सशस्त्र/निःशर्त जसलेपनि हालको केवल पहाडीहरूको संलग्न स्थानीय निर्वाचन बाइकट गरेको अवस्थामा आत्तिनुपर्ने कारण केही छैन । माथीको रामायणको श्लोकहरूको अर्थ स्तम्भकारभन्दा अझ राम्रो लगाई नयाँ रणनीति वातावरणको भविष्यवाणी गर्दै बनाउने हो र माथिको श्रीरामको शर्त अनुसार बढ्ने हो भने पहाडी सर्वसत्तामाथिको जीत अति नजिक र सुनिश्चित छ । भनौं, माथीका शर्तहरू पालनमा जति कमजोर हाम्रा नेताहरूमा देखिन्छ, हामीलाई उहाँहरूले त्यतिनै ठगेको र लक्ष्य टाढा नजर आउनेछ । स्मरणरहोस्, युद्धभूमीको यहि प्रवचनपछि देवराज ईन्द्रले स्वयँको रथ श्रीरामको सेवामा पठाएर जीत सुनिश्चित पारी चाँडै रावणको अन्त्य भएको थियो । अर्थात्, राजपालगायत इमान्दार मधेशवादीहरूको जीत **नजिक**मा आईसकेको छ !

**महाभारत**मा पाण्डवहरू एकवर्षे गुप्तवाससहित तेह्रवर्षे वनवासमा रहँदा सोही नजिक कौरवका दुर्योधनहरूले गन्धर्व महिलालाई बलात्कारको प्रयास गरि पाता कसेर गन्धर्वहरूले जंगलमा लडाईरहेको खबर भीमसेनहरूले सुन्दा **कुच्चोले बढार्नुपर्ने कसिंगरलाई हावाले नै उडाउँदा झन राम्रो** भनेर तर्कन खोज्दा जेठा युधिष्ठिरले **पहिला बाहिरियासँगको लडाईंमा हस्तिनापुरको शानको रक्षा हामीले गर्नुपर्‍यो, सोपछि हाम्रो आन्तरीक लडाईंमा दुर्योधनसित समयानुसार शान्तिवार्ताले वा युद्धले जितौंला** भनेर कौरवको सहायतामा सबै भाईलाई लिएर गए । राजपा वा मधेशी जनताले तत्काल केवल पहाडी कथित् राष्ट्रिय पार्टीहरूलाई टार्गेट गर्दा राम्रो किनकि नेपालमा काँग्रेस, एमाले, माओवादीहरू, राप्रपा, संघीय समाजवादी फोरम, फोरम लोकतान्त्रिक, राजपा जस्ता जनमानसको आँखाले देखे र कानले सुने झैं धेरै पार्टी नभएर केवल **पहाडी र मधेशी गरि जम्मा दुईटा पार्टी** छन् । यो तीतो सत्य नमानेर मधेश र मधेशीको समय बर्बाद किन गर्ने !

**किन र कसरी राजपा निर्वाचनबाट बाहिरिइ(याई)ए ?**
अवश्य नै मधेशवादी दलहरू हाल वा विगतमा बन्दा त्यसका सुप्रिमो तथा कार्यकर्ताहरू काँग्रेस, एमाले वा राजावादी दलहरूबाट नै आए । यो नौलो कुरो भएन किनकि **जब चेत खुल्यो तब नै सबेरा** जो उखान छ । उपेन्द्रको फोरम र महन्त ठाकुरको तमलोपासँग राज्यले २०६४ सालमा अलग-अलग माग पूरा गर्ने सम्झौताहरू गर्‍यो । गिरिजाप्रसाद कोइरालाले नै यी सबै राज्यको तर्फबाट गराए । **गौर विद्रोह**पछि बालुवाटारसम्म सेनाको हेलिकप्टरमा ल्याइएका उपेन्द्र यादब र उता बबन सिंह कहिल्यै सभासद् भएरपनि कसैको बेरोकटोक संविधानसभासम्म आवागमन गर्न सक्नु तत्कालीन सगोल माओवादीलाई गिरिजाबाबुले सबक सिकाउनु थियो किनकि राष्ट्रपति जो उनलाई माओवादीले बन्न दिएका थिएनन् । अर्थात्, पहाडी सपोर्ट मधेशवादी दललाई गिरिजाबाबुको स्वार्थ अनुसार थियो जसमा कम्तिमा प्रचण्डको बढ्दो क्रेज समाप्त पार्न एउटा नयाँ **किक**को आवश्यकता जनताको नजरमा दिनु थियो । उपेन्द्र निकै पपुलर हुँदा शुरूमा वृषेशचन्द्र लाल, महन्त ठाकुरलगायत गिरिजाबाबु र काँग्रेसकै गेमप्लान अनुसार कम्युनिष्टमय मधेश हुँदा त्यसलाई डमोक्र्याटमा बाँड्न क्षेत्रीय दलमा पठाईए । तर कम्तिमा महन्त ठाकुर जी अब पूर्ण समर्पित नै मधेशको मुद्दामा रहेको विश्वास गरिन्छ । विसं. २०६९ सालतिर स्वयँ **वृषेश**ले यस स्तम्भकारलाई काँग्रेसको शिकायत सुनाएका थिए: **गिरिजाबाबुको दिमाग भाँडभैलो मच्चाउन एकदम तेज थियो । एकै समयमा ३-४ वटा समूहलाई उचालेर काटमार गर्न लगाउने...हामीलाई मधेशमा काम गर्न गाह्रो भयो, काँग्रेसले हामीलाई फर्काउन सम्मान दिन चाहेन र वार्ताको लागि उच्च नेतृत्वले नथालेर कृष्ण सिटौला जस्तालाई पठाउँछ !** वृषेशचन्द्र लाल गिरिजाबाबुकै मान्छे भएकाले क्राइम गरेर त्यसलाई नकार्नु, सोमाथि पर्दा हाल्न खप्पिस र अति इमोरल रहेकाले यो गलत सोच कहिले आफूभित्र थियो भनेर स्विकार्दैनन् । तसर्थ, उनलाई सबै मधेशीले मिलेर जानकी मन्दिर वा पशुपतिमा लगेर बकपत्र गर्न लगाउँदा सबै कुरा बाहिर आउने छ । मधेशी जनता तथा राजपाकै नेता/कार्यकर्ताले **वृषेश जस्ता ताकपरे तिवारी नत्र गोतामे प्रवृतिसँग अति सावधान रहनु जरूरी छ** किनकि उसको गुण हो सामुमा नबोल्ने तर तपाईं गईसकेपछि पिठ्यूँमा वार गर्ने, कुरो/गुण्डा लगाउने वा ब्याक-बाईटिङ्ग गर्ने जुन इन्टेलेक्चुअल क्वालिटिज्मा आउँदैन ।

गिरिजाबाबुको २०६६ सालमा प्रचण्डले प्रमबाट राजीनामा दिंदा प्रधानमन्त्री बन्ने सपना भारतले पूरा गरिदिएन । भारतको प्रत्यक्ष सोधनी गिरिजाबाबुको सो बेला वा भनौं जिवनकै अन्तिम भारतभ्रमण ताका थियो : तपाईं माओवादीलाई किन यति काखी च्यापेको ? माओवादीले सरकारमा रहेरपनि उसका वाईसिएल तथा पीएलएलगायत कार्यकर्ताहरूले जनतामा आतंक फैलाउँदा, मान्छे अझ मारिरहँदा विपक्षी काँग्रेसले किन भण्डाफोर र विरोधको कर्तव्य गरेन ? स्वयँ जनताले किन माओवादीको ठाउँमा काँग्रेसलाई रोज्न चाहेनन् ? हामीलाई त्यतिकै त्यहाँ भारतले हस्तक्षेप गर्‍यो भन्छन् भने हामी त विशेष परिस्थितीमा कुनै बेला जायज परिवर्तनको बेला नैतिक समर्थन गर्ने मात्र हो, हस्तक्षेप होइन नि ! **गिरिजाबाबु**ले २ दिनमै दिल्ली बसाई छोट्याउँदै **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूलाई नेपाल आफ्नो समस्या समाधान गर्न सक्षम छ** भन्दै तत्क्षणबाट जिवन पर्यन्त उनी भारतविरोधी तथा स्वयँले मधेशवादी दललाई गरेका सम्झौताहरूलाई धोती लगाउन सम्पूर्ण कार्यकर्ता तथा **काँग्रेसलाई मधेश विरोधी बनाए** । राष्ट्रपति बन्न नपाएकोमा विक्षिप्त गिरिजाबाबु अब प्रधानमन्त्रीसमेत बन्न नसकेको क्रोधको उपज थियो जसलाई हालसम्म **एक मधेश प्रदेश** वा राज्यको पुनःसंरचनामा मधेशीको इच्छा अनुसार **पूर्व-पश्चिम नगरी उत्तर-दक्षिण गरियो** र सोहिलाई महेन्द्रीय राष्ट्रवादको जामा पहिर्‍याइयो जसको फर्मुलामा मधेशविरोधी एमाले, माओवादी, राप्रपाहरू सबै काँग्रेससँग अलायन्स भए । हाल काँग्रेसले त्यसैलाई निरन्तरता दिएको छ । तसर्थ, नेपालमा पहाडी र मधेशी गरि जम्मा दुई पार्टी छन् ।

मधेशीको मागलाई गिरिजाबाबु र सुशिल कोइराला बितेपछि टार्न नसकेको, काँग्रेस मधेश तथा केन्द्रीय राजनीतिको मियोबाट पर धकेलिएको र चीनको प्रत्यक्ष सहयोगमा २०७२ मा संविधान घोषणापछि मधेशी, काँग्रेस र स्वयँ माओवादीका दुश्मन तत्व एमालेका ओलीले सरकार चलाईरहेको सन्दर्भमा काँग्रेस र माओवादीलाई टुँडीखेलमा अनशनरत् मधेशवादी दललाई कथित् ३ बुँदे सहमतिमार्फत् सत्ता गठबन्धनमा सामेल गराई मधेश शान्तपार्न सकेको म्यासेज दिई भारतलाई ठग्न र सत्तारोहन गर्न आवश्यक थियो । नयाँ सभापति शेरबहादुर देउवालाई **मधेशको भोट अब मधेशवादी दललाई निर्वाचनबाट नहुत्याई ल्याउन सकिंदैन** भनेर देउवाले कुनै राजनीति वा कूटनीति नचाली केवल हुँडारको लखेट्ने नीतिले मधेशवादी दललाई न छाता चुनाव चिन्ह दिए, न स्थानीय निकायको संख्या बढाए र अति बेइज्जति-कपटपूर्ण ढंगले निर्वाचनबाट गल्हत्याएर विना प्रतिस्पर्धी मधेशको भोट लिन अगाडी सरे । काँग्रेसको यो नीति होइन अपितु यो पहाडी नेतृत्व व्यक्ति विशेषले मधेशीलाई पार्टीभित्र वा सहयात्री दललाई ठग्ने वंशानुगत गुणभित्र पर्छ किनकि सबै पहाडी एक हुन् तर हाम्रा **मर्शिया उपेन्द्र यादब**हरू राजपासँग नमिलेर फुटेका हुन् । अर्थात्, मधेशको उखान अनुसार **वर नै बेवकूफ छ भने दाईंजो कसले लिने** ?

**मधेशमै आरोप/प्रत्यारोप**
मधेशवादी नेताहरूले भन्छन्: **मधेशी मतदाताले संविधानसभाका निर्वाचनहरूमा सम्पूर्ण सीटमा नजिताएर मत पहाडी पार्टीमा बाँडेर हामीलाई संसदमा कमजोर पारे । मत दिए उनीहरूलाई अनि माग पूरा गर्न हामीलाई अह्राउँछन् ।**
**मधेशी मतदाता**ले पहिलो संविधानसभामा टेस्ट स्वरूप मधेशवादी दललाई नै मत दिएका थिए तर मधेशवादी दलहरू ३ बाट १३ मा परिणत भए । मधेशमा मीडीयाको विकास गर भन्ने आवाज जनस्तरबाट उठ्दा जब ४० लाखको व्यक्ति पच्छि फंड आयो अनि जेपी गुप्ताले सप्तरीको कञ्चनपुरमा व्यक्तिगत एफ्एम् खोले भने महन्त ठाकुरले वृषेशलाई आफ्नो ४० लाख दिई जनकपुरमा रेडियोहरू खोल्न लगाए अनि अनिल झाले गौरतिर आदि । कसैको एफ्एम्मा खोलेको व्यक्तिको स्वप्रशंसा, फलानोको भैंसी हरायो र म फलानो गाउँको पुरानो उपप्रधानपञ्च बोल्दै छु भन्ने बाहेक केही प्रशारण हुँदैन । मोफसलको पत्रिका छ भने सम्पादकीय र विज्ञापनबाहेक विरलै समाचार र लेखहरू छापिन्छ । मधेशकै पनि विविध विचार तथा स्वयँमाथिकै आक्रामक तेज मस्तिष्कको विपक्षी वा स्वतंत्र आलोचनात्मक विचार यी मधेशवादी दलका नेताको लागि असह्य हो । बरू पहाडी दल वा नेतालाई मधेशीभएर काठमाडौंमा तीखो आलोचना गर्दा जिवित रहने कल्पणा गर्न सकिन्छ तर मधेशमा रहेर मधेशवादी दललाई रेडीयो, टीभी, पत्रिकामा आलोचना गर्नु भनेको आफ्नो काल निम्त्याउनु हो !

मधेशी मतदाताको यिनिहरूप्रति गुनासो सुनिन्छ : **डा. सीके राउत**लाई अमेरिकाबाट नेपालमा बोलाएर हालको अवस्थामा पुर्‍याउने यीनै मधेशवादी नेताहरू हैनन् ? उनको मुद्दा वा विचारमा समर्थन नगरेपनि उनको मानवाधिकार र जीउज्यानको बारे कसले बोले ? भोली अर्को तेज दिमागवाला जागिर, गृहस्थी छोडेर यिनिहरूको पछि जाला अनि डा. राउतको जस्तो तिक्ष्णबुद्धिको कारणले फालिएला वा जातीय समीकरणमा बहिष्करणमा पर्ला ! हो, दोस्रो संविधानसभाको निर्वाचनताका केही मधेशी मतदाताले प्रत्यक्ष भोट पहाडी पार्टीलाई दिएपनि समानुपातिक भोट यिनिहरूलाई नै दिएका थिए, यो अनुभव पहिलो संविधानसभाबाट लिएरपनि कि यिनिहरू मन्त्री बन्न पार्टी फुटाउलान्, मधेशी मुद्दा बिर्सेलान्, कुनै काम पर्दा मधेशी मतदातासँगै नै द्रव्य माग्लान् अनि राजनीतिक नियुक्तिको अवसर आउँदा कोहि पहाडी पार्टिकालाई हायर गर्लान् वा मसँग घूस माग्लान् वा सगोत्र मिलाउलान् वा विपरीत लिङ्गी छन् भने 'शारीरिक सुख' खोज्लान् !

**मधेशवादको परिभाषामा फँसेका उपेन्द्र यादब**
मधेशमा आधारित राजनीतिक दल खोलेर धेरै वर्ष चलाएर अनि मधेशवादी नेताकै आधारमा लाईटमा आएर संघीय समाजवादी र नयाँ शक्तिसँग मिल्न लागेको बेला मधेशवाद नै छैन, हुनै सक्दैन भनेर लेख्न, भाषण गर्न र टिभीमा अन्तर्वार्ता दिन सुहाउँछ उपेन्द्र यादब जी ? यहिंनेर तपाईंमा रामत्व नभई रावणत्व देखिन्छ: दिमागको स्वार्थ अनुसार वा नेगेटिभ प्रयोग । तपाईंले मार्क्ससिज्म्, फेमिनिज्म्मात्र सुन्नु भयो पढ्ने बेलामा भने आजसम्म दुनियाँ त्यहीं बसेको हो र ? यतिका **क्षेत्रहरूमा विद्यावारिधी गर्नेहरूले स्वयँपनि आफ्नो 'थ्योरी' बनाउँछन् र थ्योरी मासद्वारा स्विकृत भई प्रयोगमा आउँदा 'वाद' बन्छ । 'थ्योरी' बनाउन संश्लेषित विचारहरूलाई विद्यावारिधीको भाइभाको बेला डिफेन्स गर्नुपर्छ ।** महिलाको मुद्दामा अध्ययन गर्दा **फेमिनिज्म** बन्न सक्छ, कार्ल मार्क्सले एंगेल्सको सहयोगमा **दास क्यापिटल र कम्युनिष्ट म्यानिफेस्टो** जस्ता किताब ससुरा लुडविगको प्रगतिशिल विचार, आदर्शवाद हेगेलको भौतिक द्वन्द्ववाद, प्रुदोको किताब 'गरिबीको दर्शन'को उल्टो 'दर्शनको गरिबी' लेखेर, ओवेन, सेन्ट साइमन र फुरियर आदिको विचारलाई संश्लेषण गरेर लेख्दा **मार्क्सवाद** बन्छ भने त्रिभुवन विश्वविद्यालयलगायत विश्वकै अनुसन्धान क्षेत्रमा हाल **भर्जिन ल्याण्ड**को रूपमा परिचित मधेश र मधेशी जनताबारेको अध्ययन **मधेशवाद** हुन सक्दैन ? मनभित्रको इन्फेरियर/नेगेटिभ कम्प्लेक्सिटी हटाएर मात्र सार्वजनिक ठाउँमा आउनुस् नत्र भोली काठमाडौंमा धोती लगाउन वा मैथिली बोल्न तपाईंलाई गाह्रो होला । मधेशीको समस्या, उसको संस्कृति, सोच्ने तौरतरिका, देशमा उसको उपस्थितीले इतिहासको बदलाव र फरकपर्ने एंगल, कसरी पहाडीको सप्लीमेन्ट मधेशी हुँदा मात्र **नेपाल बन्छ नत्र केवल पहाड रहन्छ** जस्ता ठोस अध्ययनका आधारहरू नै **मधेशवादका स्रोत वा जननी** हुन् । मधेशीलाई आफ्नो राष्ट्रवाद चिन्नबाट दिग्भ्रमित नगर्नुस्, भलाई यसैमा छ । तपाईं कफी, चिया पहाडीसंग लिनुस्, पार्टी एकीकरण गर्नुस्, हाम्रो बधाई छ तर मुद्दा नछाड्नुस् !

**अब के गर्ने ?**
असोज २ गते आउन लागेको अन्तिम चरणको स्थानीय निर्वाचनमा भाग लिने/नलिनेमा नअल्झने किनकि यसले फरक पार्दैन । मुद्दा र आगामी राज्यको राजनीतिक कदमको भविष्यवाणी गरेर स्ट्राटेजीहरू प्लान ए, बी, सी गरि तयार पारिराख्ने । मधेशवादी दल र मतदाता नबाझ्ने, रिस्क भएपनि एक-अर्कालाई हरेक मोर्चामा मधेशी माटोको सपथ लिएर साथ दिने । डा. सीके राउतलाई मधेशवादी दलले समर्थन नगर्दा अप्ठ्यारोमा पनि नपार्ने किनकि यी **पहडीयाहरूपनि कहाँ सुधेका हुन् र** ? मधेशवादी दलले गत १० वर्षको **श्वेतपत्र** जारि गर्ने । कडा घाममा तड्पेर खेतमा कार्यरत्त वा मलेसिया/सउदी/कत्तारबाट उच्च तापक्रममा बितेर **शव आएको** सम्झेर कार्यपत्र बनाउने कि मधेशको आर्थिक समृद्धिको गुरूयोजना के हो ? तत्काल फाइदाजनक खेती गर्न के आवश्यक छन् ? राजनीतिक माग पूरा गराउन कति समय र संसद संख्या चाहिन्छ ? मधेशी मतदातासंग क्षमा माग्न जाने । उद्देश्य थोरै तर प्रष्ट राख्ने । हरेक दलका मधेशी मतदाता तथा थिंक ट्यांकहरूसँग अलायन्सको प्रयास तत्काल थाल्ने । पार्टिमा आर्थिक अनुशासनमा सम्झौता नगर्ने तथा चाप्लुस र घर भँडुवा नेताहरूलाई पाखा लगाउँदै कर्मठ, इमान्दारलाई जातपातमा विश्वास नगरी बराबरीको अवसर दिने । देशमा केवल पहाडी/मधेशी दल हुन्मा कन्भिन्स भई पहाडीहरूको **फुटाउ र राज गर**मा नपर्ने, परिसकेकालाई उद्देश्य पूरा नहुञ्जेल सुधिने मौका दिने र नसुध्रेपनि सचेत हुने तर मुद्दा छोडेर यदुवंशीको आपसकै लडाईमा शक्ति नष्ट नगर्ने । मधेशबेस्ड कमन मीडीयाको स्थापना काठमाडौंमा तुरून्त स्थापना गर्ने र हेल्दी कमेन्टस्लाई हृदयले नै स्विकार्ने । पत्रकार, कर्मचारी, प्राध्यापक, शिक्षक, वकिल, किसान आदिसँग नयाँ र फास्ट मेकानिज्म् सम्पर्क गर्ने हुनुपर्‍यो । विश्वविद्यालयहरूमा मधेशवादमा पीएचडी गर्नेहरूका नियोजित पहडीया हर्डल्स् हटाउन संसद, सडक र पार्टीभित्र आवाज उठ्नु पर्‍यो र भरमार मधेशका टेक्स्ट तथा युगपुरूषहरूको अध्ययन विश्वविद्यालयको कोर्ससम्म राखिनु पर्‍यो ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)*

## मधेश अपडेट

### बाढीपीडितलाई राहत वितरण गर्‍यो

राजविराज । सप्तरीका बाढीपीडितहरूका लागि राष्ट्रिय जनता पार्टी नेपालनिकट विद्यार्थी संगठनले पाँच सय पीडित परिवारलाई राहत सामग्री वितरण गरेको छ । बाढीको डुबानमा परेको खबर प्राप्त हुनासाथ राजपानिकट विद्यार्थी संगठनले राहत सामग्री संकलन गरी तत्काल बाढी प्रभावित क्षेत्र पुगेको थियो । राज्यले मौनता प्रदर्शन गरिरहेको अवस्थामा राजपा विद्यार्थी संगठनले थोरै भएपनि राहतका सामग्री लिएर बाढी प्रभावित क्षेत्रमा पुगी राहत सामग्री वितरण गर्नुका साथै थप सामग्री उपलब्ध गराउने आश्वासन दिएको विद्यार्थी संगठनका अध्यक्ष मनिष मिश्रले मधेशवाणीलाई बताए । राहत वितरण कार्यक्रममा राजपाका केन्द्रीय उपाध्यक्ष मृगेन्द्रकुमार सिंह यादव, केन्द्रीय सचिव उपेन्द्र महतो, केन्द्रीय सदस्यहरू सुरेन्द्र तिवारी, बिपि यादव, दीपेन्द्र चौधरी रहेका थिए । यस्तै, राजपा विद्यार्थी संगठन नेता गण किशोर कुमार यादव, मिथलेश यादव, अनिल मंडल, विवेक जयसवाल, सोनु सिंह, महेश पासवान, कुमरकान्त मिश्र, प्रमोद साह, सुनिल झा लगायतको नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

### सिंहदरबारको अधिकार उपभोग गर्न पाउने सुनिश्चितता : गच्छदार

इटहरी । उपप्रधानमन्त्री विजयकुमार गच्छदारले स्थानीय तह निर्वाचनपछि संविधानको पूर्ण कार्यान्वयनसँगै नेपाली जनताले सिंहदरबारको अधिकारमा उपभोग गर्न पाउने सुनिश्चितता भएको बताएका छन् । नेपाल लोकतान्त्रिक फोरमका अध्यक्षसमेत रहेका गच्छदारलेसुनसरीको दुहबी नगरपालिकामा आफ्नो पार्टीबाट केन्द्रीय सदस्यसमेत रहेका वेदनारायण गच्छदार नेतृत्वको टोलीले विजय प्राप्त गरेपछि आयोजित र्‍यालीलाई सम्बोधन गर्दै जनअपेक्षानुसार काम गर्न तथा संविधान कार्यान्वयनको सन्देश घर घरमा पुर्‍याउने दायित्व निर्वाचित पदाधिकारीको काँधमा आएको स्मरण गराए ।

### रूपन्देहीको तीन वटा वडाध्यक्षमा फोरम विजयी

रूपन्देही । संघीय समाजवादी फोरम नेपालले रूपन्देहीले तीन वटा वडाध्यक्षमा विजय हासिल गरेको छ । जिल्लाको छुट्टाछुट्टै गाउँपालिकामा आइतबार बिहानै तीनवटा वडाको अध्यक्षमा फोरम नेपालका उम्मेदवारले जीतेका हुन् । रोहिणी गाउँपालिका ५, बदरवारको वडा अध्यक्षमा ५ सय ४७ मत ल्याएर फोरम नेपालका घनश्याम क्षेत्री विजयी भएका छन् । मर्चवारी गाउँपालिका ५, सिलौटियाको वडाध्यक्षमा सुनील जयसवालको सिङ्गो प्यानल विजयी भएको छ । यसैगरी, सिद्धार्थनगर नगरपालिका ४, दोगहराको वडाध्यक्षमा ३ सय ९७ मत ल्याएर मुक्तिनाथ यादव 'भोला' विजयी भएको संघीय समाजवादी फोरम नेपाल रूपन्देहीका सहइन्चार्ज रामू यादवले जानकारी दिएका छन् ।

### सम्मरीमाई गापामा लोकतान्त्रिक फोरम

रूपन्देही । रूपन्देहीको सम्मरीमाई गाउँपालिकामा नेपाल लोकतान्त्रिक फोरमले विजय हासिल गरेको छ । लोकतान्त्रिक फोरमका जितेन्द्रनाथ शुक्लाले ३०६६ मतसहित विजयी भएका हुन् । उनका निकटतम् प्रतिद्वन्द्वी कांग्रेसका विनोद श्रीवास्तव २१९६ मत ल्याए । राजपाका स्वतन्त्र उम्मेदवार बनेका अजय शुक्ला पनि पराजित भए । उपाध्यक्ष भने कांग्रेसले जितेको छ । कांग्रेसकी कुमारी प्रियंका शाही सिंहले २८१६ मत ल्याएर विजयी भइन् । उनकी निकटतम् प्रतिद्वन्द्वी लोकतान्त्रिक फोरमकी कमलावति अहिरले २१५० मत ल्याइन् ।

### केराबारी अध्यक्षमा कांग्रेस, उपाध्यक्षमा एमाले

विराटनगर । मोरङको केराबारी गाउँपालिका अध्यक्षमा नेपाली कांग्रेस र उपाध्यक्षमा नेकपा (एमाले)का उम्मेदवार विजयी भएका छन् । कांग्रेसका रोहितबहादुर कार्की पाँच हजार ४९९ मत प्राप्त गरी अध्यक्षमा विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी एमालेका नवीन थापाले पाँच हजार २१७ मत प्राप्त गरेका थिए । त्यसैगरी उपाध्यक्षमा एमालेकी शान्तिकुमार लिम्बू पाँच हजार ७४७ मत प्राप्त गरी विजयी भएकी छन् । उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका कल्पना कटुवालले चार हजार ६१२ मत प्राप्त गरिन् ।

### राजपाका स्वतन्त्र उम्मेदवार वडाध्यक्ष

झापा । राष्ट्रिय जनता पार्टी नेपालका स्वतन्त्र उम्मेदवार वडाध्यक्षमा विजयी भएका छन् । राजपा नेता नेता दिनेशप्रसाद राजवंशीले स्वतन्त्र उम्मेदवारी दिएर झापा गाउँपालिका-५ को वडाध्यक्षमा जित हासिल गरेका छन् । उनले चार सय १७ मत ल्याई विजयी भएका हुन् । उनका निकटतम् प्रतिद्वन्द्वी नेकपा (एमाले) का महेन्द्रप्रसाद राजवंशीलाई ३९ मतले पछि पार्दै जितेका हुन् । यहाँ अध्यक्षमा नेपाली काँग्रेसका जयनारायण साह चार हजार ३९३ र उपाध्यक्षमा नेकपा (एमाले) की कुन्ती बुढाथोकी तीन हजार ८१६ मत प्राप्त गरी विजयी भएका छन् ।

### पराजित भएपछि कांग्रेसबाट राजीनामा

रूपन्देही । नगरपालिका प्रमुखमा पराजित भएपछि नेपाली कांग्रेसका एक उम्मेदवारले राजीनामा दिएका छन् । कांग्रेसका तर्फबाट रूपन्देहीको सैनामैना नगरपालिका प्रमुखमा उम्मेदवारी दिएका फणीन्द्रप्रसाद शर्माले पराजित भएपछि नैतिकताका आधारमा जिल्ला सदस्यबाट राजीनामा दिएको बताएका छन् । शर्माले मंगलबार एक विज्ञप्ति जारी गर्दै आफू नेतृत्वमा उम्मेदवार रहेका अधिकांशले असफलता भोगेकोले नैतिकताको आधारमा राजीनामा दिएको उल्लेख गरेका छन् । उनले कांग्रेस केन्द्रीय समितिले सैनामैनाको प्रमुखको उम्मेदवार बनाएकामा आभार प्रकट गर्दै राजीनामा दिएको उल्लेख गरेका छन् । सैनामैना नगर प्रमुखमा नेकपा (एमाले)का चित्रबहादुर कार्की १३ हजार ३६ र शर्माले १० हजार ३०५ मत प्राप्त गरेका थिए ।

### गौरमा ईद मिल समारोह सम्पन्न

रौतहट । मुस्लिम समुदायको महान पर्व ईद उल फित्रको शुभ अवसरमा रौतहटको सदरमुकाम गौरमा ईद मिलन समारोह सम्पन्न भएको छ । शहरी विकास मन्त्री प्रभु साहद्वारा आयोजित ईद मिलन समारोहलाई सम्बोधन गर्दै मन्त्री साहले गौरलाई आधुनिक सिटी बनाउनमा आफुले मन्त्रालय र आफ्नो तर्फबाट विशेष पहल गर्ने प्रतिबद्धता जनाएका छन् । रौतहट लगायत तराई मधेशमा शिक्षा, स्वास्थ्य, यातायात लगायत भौतिक पूर्वाधारमा पिछडिएको जिल्ला भएकोले यसलाई चौतर्फी विकास गर्न सबै सम्बन्धित सरोकारवाला, स्थानियबासीहरूले एक जुट भई विकासमा लाग्नु पर्नेमा जोड दिए ।

### शुद्धोधनको सपथ ग्रहण

मणि प्रसाद गैह्रे, कपिलस्तु । स्थानीय तह निर्वाचन अर्न्तरगत कपिलवस्तुको शुद्धोधन गाउँपालिकामा निर्वाचित सम्पूर्ण पदाधिकारीहरूलाई सपथ ग्रहण तथा प्रमाण पत्र वितरण कार्यकम लवनीमा सम्पन्न भएको छ । निर्वाचन अधिकृत गंगाराम आचार्य गाउँपालिका प्रमुख स्वतन्त्र उम्मेद्वार निसार अहमद खां, उपप्रमुख नेपाली काग्रेसकी शुधादेवी पाण्डे तथा ६ वडाका वडा अध्यक्ष सहित ३२ जनालाई पद तथा गोपनियताको सपथ ग्रहण गराएका हुन् ।शुद्धोधन गाउंपालिकाको वडा नं १ मा नेपाली कांग्रेसका तिलकराम यादव, २ नं वडामा संघिय समाजवादी फोरमका मनोज कुमार यादव, वडा नं ३ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका महवुद्धिन मुसलमान, वडा नं ४ मा नेपाली काग्रेसका राम नरेश अहिर, वडा नं ५ मा स्वतन्त्र उमेद्धार असुतोष कुमार सिंह र वडा नं ७ मा स्वतन्त्र उमेद्धार विजय कुमार यादव निर्वाचित भएका छन् ।

### घोडाघोडी नपामा एमाले विजयी

कैलाली । कैलालीको घोडाघोडी नगरपालिकामा नेकपा एमाले विजयी भएको छ । बुधबार विहान सम्पन्न मत गणना अनुसार घोडाघोडीमा मेयर र उपमेयर दुबै एमालेले जितेको छ । एमालेका ममताप्रसाद चौधरी ८ हजार १६४ मत ल्याएर विजयी भए । उनका निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका लक्ष्मण थारूले ७ हजार २३७ मत पाए । उपमेयरमा एमालेकी प्रेमकुमारी थापा ७ हजार २३४ मतका साथ विजयी भएकी छन् । त्यस्तै लम्की चुहामा नगरपालिकाको प्रमुख र उपप्रमुख पनि नेकपा एमालेले जितेको छ । लम्की चुहाको प्रमुखमा एमालेका महादेव बजगाई र उपप्रमुखमा टीका थापा विजयी भएका हुन् । यो जितसँगै एमालेले कैलालीको सम्पन्न १२ तहको मतगणनामध्ये ७ तहमा जित हासिल गरेको छ ।

# सप्तरीमा वर्षेनी बाढीको कहर, राज्य मौन



घरआंगनमा बाढी पसेपछि सुरक्षित स्थानतर्फ जाँदै एक वृद्ध ।



घरआंगनमा बाढी पसेर सबै सामान बर्बाद भएको अवस्था ।



बाढीबाट बच्न सुरक्षित स्थानतर्फ जाँदै सर्वसाधारण ।

चन्दनकुमार यादव, राजविराज । बाढीबाट सबभन्दा बढी प्रभावित हुने जिल्ला सप्तरी रहेको छ । वर्षेनी सप्तरीका गाउँहरूमा बाढी आउँदा करोडौंको धनमाल क्षति हुने गरेको छ । तर, राज्यले यसतर्फ कुनै खासै ध्यान दिएको छैन । गत शुक्रबार मध्यरात देखि परेको अविरल वर्षाका कारण खाडो, त्रियुगा, जीता लगायतका नदीको बाढीले नगरपालिकाको २ वटा वडाका साथै आधा दर्जन गाउँ डुवानमा परेका छन् । बाढीबाट राजविराज नगरपालिकाको वडा नं. ९ र १० का साथै मैनाकडेरी, वसविट्टि, तिलाठि, पौवा, मुसहरनिया पिपराही, रायपुर, लौनिया, रूपनी, पकरी, रम्पुरा, मलहनीया लगायतका गाउँ डुवानमा परेका छन् । गाउँमा बाढी पसेकाले ३ फिटसम्म पानी जमेको छ । अकस्मातको वाढिले आधा दर्जन फुसको संरचना भएका घर भत्काउनुका साथै खाद्यान्न, लत्ताकपडा, भाँडाकुडा र अन्य सरसमान वगाएको राजविराज नगरपालिका वडा नं. १० डुमरी गाउँका खेलानन्द यादवले बताए । उक्त वडाका डेढ सय परिवार वाढिको उच्च जोखिममा छन् । एक्कासी आएको वाढिले मलेठ स्थित मो. यासिनको कुखुरा फर्ममा रहेका १ हजार २ सय कुखुरा र अन्नपात वगाएर लगेको पीडितले वताए । मलेठ स्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र पनि जलमग्न हुँदा ठप्प भएको छ । वाढि औद्योगिक क्षेत्रभित्र पस्दा २० मिटर लामो पर्खाल भत्काउनुका साथै उद्योगहरू भित्र पानी पस्दा ठुलो क्षती भएको उद्योगका संचालकहरूले वताएका छन् । यस्तै रूपनी गाउँपालिका २ मा वाढि पस्दा १ सय घर डुवानमा परेका छन् । स्थानीयको खेतवारी वगाउनुका साथै पानी वस्तिमा छिरेकाले सुरक्षित स्थानको खोजीमा जुटेको स्थानीयवासी दिनेश यादवले वताए । गतवर्ष गाउँमा पसेको वाढिले गरेको क्षती नविर्सदै फेरी यो वर्ष पनि वाढिले दुःख दिन थालेको उनको भनाई छ ।

# शहीदद्वय चौरसिया र सिंहको सम्मानमा बाटो नामाकरण

वीरगंज । राष्ट्रिय जनता पार्टी नेपालका केन्द्रीय उपाध्यक्ष सुरेन्द्र कुर्मिले मधेश आन्दोलनका शहीदहरू दिलिप चौरसिया र धर्मराज सिंहको सम्मानमा बाटोको नामाकरण गरेका छन् ।

राजपा नेपाल वीरगंज महानगर कमिटीले राधेमाइमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै कुर्मीले मधेशको सामाजिक, आर्थिक र सांस्कृतिक एवं राजनीतिक उत्थानसँगै सामाजिक विकृति, भ्रष्टाचार निर्मूल पार्न राजपाको आगामी कार्यक्रम हुने उद्घोष गरेका थिए ।

मधेश आन्दोलनमा सहादत दिएका वीर शहीदहरूको सहादत खेर नजाने र मधेश अधिकार सम्पन्न नभएसम्म आन्दोलन एवं संघर्ष जारी रहने बाताए ।

वीरगंज महानगरपालिकाका कार्यकारी अधिकृत पिताम्बर अधिकारीले सहिदहरूको सम्मानमा घोषणा गरिएको शहीद पथलाई महानगरपालिकाको परिषदबाट मुर्तरूप दिने बताए ।



*शहीद पथ घोषणा कार्यक्रममा सहभागी राजपा नेपाल पर्साका नेताकार्यकर्ताहरू ।*

शहीद पथ नामाकरण समारोहमा राजपाका महासचिव द्वय शिव पटेल, कदम रसुल, सहमहासचिव निजामोदिन समानी, केन्द्रिय सदस्यहरू रम्भा मिश्रा, बिपिन यादव, मुनि श्रीवास्तव, पुन्यदेव यादव, राजपा पर्सा जिल्ला अध्यक्ष मण्डलका अध्यक्षहरू प्रेमबाबु पटेल, वीरेन्द्र यादव, मुस्तकिम अन्सारी, कृष्ण पटेल, महिला नेत्री रेखा साहले सभालाई सम्बोधन गर्दै अधिकार नपाएसम्म संघर्ष जारी रहने एवं मधेशी जनतालाई धोका दिने पार्टी मधेसबाट समाप्त हुने वक्ताहरूले बताएका थिए ।

राजपा वीरगंज महानगर कमिटीका अध्यक्ष ओमप्रकाश सर्राफको सभापतित्वमा सम्पन्न समारोहलाई उमेशलाल सहनीले सहजीकरण गरेका कार्यक्रममा स्वागत मन्तव्य युवा नेता रन्जन मिश्राले गरेका थिए ।

मधेश आन्दोलनको क्रममा २०७२ भाद्र १४ गते दिलिप चौरसिया र १५ गते धर्मराज सिंह प्रहरीको गोली लागि सहादत प्राप्त गरेका थिए । शहीद चौरसियाको सम्मानमा पदम रोडदेखि गण्डकसम्मको नहर बाटोलाई शहीद दिलिप पथ र पदम रोडदेखि रामराजा पुल हुँदै जगरनाथपुरसम्मको बाटोलाई शहीद धर्मराज पथ नामाकरण गरिएको छ ।

साथै नमाकरण समारोहमा सहिद चौरसियाका दाजु पृथ्वी चौरसिया र सहिद सिहका दाजु करन सिह राजपुतलाई दोसल्ला ओढाइ सम्मान गरिएको थियो ।

# गरीब तथा असहायलाई राहत सामग्री वितरण

रौतहट । बेल्जियममा बस्दै आइरहेकी समाजसेवी यसोदा थापाको विशेष पहलमा रौतहटका २० जना असहाय, गरिब, दलित, अनाथ बालबालिका र अपाङलाई राहत सामग्री वितरण गरिएको छ ।

अपाङ्ग र असहायका सहारा बनेकी कास्की जिल्ला पोखराकी छोरी एक सबल समाजसेवीको रूपमा परिचित हुँदै आएकी यशोदा थापाले युरोपको बेल्जियममा बिगत १७ सालदेखि बस्दै आइरहेकी छन् । उनले रौतहट जिल्लामा धेरै जसो ठाउँमा अपाङ्ग, गरिब लगायतको असहाय व्यक्तिलाई विभिन्न किसिमको सहयोग गरेकी छन् ।

गौर नगरपालिका साविक झुन्खुनवा टोलमा ६५ वर्षिया भगवनीया देवी दास, ७० बर्षीय फुलमतीया देवी, सुरेन्द्र दास तत्माको दुई १५ महिने अनाथ छोरा र ३ बर्षीय छोरी, परोहा गाउँपालिका बसन्तपटी टोलका ७५ बर्षीय गाणेशी देवी, ५८ बर्षीय नगिना देवी राम, वडा नं ८ रामपुरखाप टोलका ११ बर्षीय राज मोहम्द, लौकाहा पोखरी टोलका २० बर्षीय मो. असरे आलम, ३७ बर्षीय मो. नुरसिद आलम, माधवनारायण गाउँपालिका माधोपुर टोलका ३५ बर्षीय रामश्रेष्ठ ठाकुर, ५५ बर्षीय जवाहीर यादव, राजपुर गाउँपालिका फतुवा टोलका २४ बर्षीय मो. अतिकुर रहमान र १३ बर्षीय मो. सावीर लगायत २० जना गरीब, दलित, बस्तीमा अपाङ्गर एकल महिला,निस्हाय, अनाथ बालबालिकालाई ५० केजी चालम प्रत्येकलाई, बिधार्थीलाई कापी क़लम, लगाउने लुगा र अपाङ्गलाई बैशाखी सहित राहत स्वरूप प्रदान गरिएको हो ।

क्षेत्रीय समाज बेल्जियमको महासचिव तथा एन.आर.एन बेल्जिय उपाध्यक्ष, समाजसेवी यसोदा थापाले बिशेष पहल गरी रौतहटका केही अपाङ्ग, गरिब व्यक्तिहरूको लागि युरोपको बेल्जियममा बस्ने७१ जना नेपाली बासीहरूसँग अनुरोध गरी आफनो अहम भुमिका निर्वाहका साथलुभेनबाट एकदिनपेरिस भ्रमण नाम दिने एक कार्यक्रम आयोजना गरीयात्रामा १६६० युरो डलर कलेक्सनबाट बस भारा दिई सोही भ्रमणबाट अन्य खर्च ३० युरो मुनाफा भएको रकमबाट नेपालको रौतहटमा २० जना, गरीब, दलित, बस्तीमा रहेका अपाङ्ग, गरिब बालबालिका र एकल महिलाहरूलाई राहत स्वरूप असहाय र अपांगको सहयोग गर्दै मनाउने अभिप्रयाले पठाएको रकमबाट उक्त सामग्रीहरू खरिद गरि स्थानियसहयोगमा सक्रिय भुमिका खेल्दैं आएका युवा प्रभावशाली समाजसेवी



*गरीब तथा असहायलाई राहत सामग्री वितरण कार्यक्रममा सहभागीहरू ।*

पत्रकार रिपोर्टस क्लब नेपाल रौतहटका अध्यक्ष तथा मधेश प्रदेश आनलाईनका अध्यक्ष अभिमनु कुमार पटेलले सो राहत सामग्री वितरण गरेको छ ।

उक्त भ्रमण कार्यक्रममा साथ दिने ईन्द्र धनुष क्लबका अध्यक्ष मिण्ड गुरूङ्ग, एन.आर.एन.युरोप बेल्जियका अध्यक्ष गंगाधर गौतम र उपाध्यक्ष पदम गुरूङ्ग, लगायत सम्पूर्ण पेरिस भ्रमणमा यात्रा गर्नु हुनेलाई समाजसेवी यसोदा थापा धन्यवाद समेत ब्यक्त गरेको बताएका छन ।

आफुहरू जस्ता अपांग र असहायलाई यस्ता सहयोग गरेकी यशोदा थापा लगायत यसमा साथ दिने सबै सहयोगी दातालाई राहत लिने असहायहरूलेसुस्वास्थ तथा लामो दिर्घायुको कामना समेत गरेका थिए ।

राहत वितरण कार्यक्रममा पूर्व सभासद बबन सिंह, पूर्व नेपाली काँग्रेस रौतहट सभापती मो. महताब आलम, नेकपा एमाले पूर्व सभासद मो. अब्दुल कलाम अजाद, फोरम नेपाल केन्द्रीय सदस्य योगेन्द्र यादव, प्रदेश सदस्य बृजकिशोर यादव, नेकपा एमाले परोहा गाउँपालिका उम्मेदवार पवन कुमार पटेल, राजपा युवा नेता ओमप्रकाश साह लगायत दर्जनौ नेता, पत्रकार र स्थानीयको उपस्थितिमा मधेश प्रदेश अनलाईन तथा रिपोर्टर्स क्लब नेपाल रौतहट शाखाको कार्यालय सदरमुकाम गौरमा भएको थियो ।

## संक्षिप्त समाचार

### प्रमुखमा एमाले र उपप्रमुखमा कांग्रेस

बाँके । कोहलपुर नगरपालिकाको प्रमुखमा नेकपा (एमाले)का लुटबहादुर रावत नौ हजार सात मत प्राप्त गरी विजयी भएका छन् भने उपप्रमुखमा कांग्रेसकी सञ्जुकुमारी थारू १० हजार ५६ मत प्राप्त गरी विजयी भएकी छन् । नगरपालिकाका १५ वडामध्ये सातमा काँग्रेस, सातवटामै एमाले र एउटा वडामा नेकपा (माओवादी केन्द्र)ले जित हासिल गरेको निर्वाचन कार्यालयले जनाएको छ ।

### नासुमाथि कालोमसी

जनकपुरधाम । यातायात व्यवस्था कार्यालय जनकपुरधामका नासुमाथि एक अज्ञात व्यक्तिले कालोमसी छयापेका छन् । यातायात व्यवस्था कार्यालय सारेको भन्दै ती युवकले नासु जीवनकुमार बस्नेतमाथि कालोमसी छयापेर दुर्व्यवहार गरेको बताइएको छ । यातायात व्यवस्था कार्यालय बस्दै आएको अहिलेको ठाउँ साँघुरो भएकाले जनकपुरस्थित मुजेलियामा सारिने निर्णय गरेको थियो । ठाउँ अभावका कारण आगामी साउन १ गतेदेखि जनकपुर उपमहानगरपालिका-१४ मुजेलियामा कार्यालय सार्ने तयारी गरिएको छ ।

### विराटनगर-१ मा नेपाली काँग्रेस विजयी

विराटनगर । विराटनगर महानगरपालिका वडा नं १ को वडाध्यक्षमा नेपाल कांग्रेस विजयी भएको छ । कांग्रेसका उद्धव अर्याल एक हजार ५३१ मत प्राप्त गरी विजयी भएका छन् । त्यसैगरी, सदस्यहरूमा कमला रिजाल, भगवती परियार, पवन भट्टराई र रमेश साह विजयी भएका छन् ।

### जानकी गापामा लोकतान्त्रिक फोरम विजयी

कैलाली । कैलालीको जानकी गाउँपालिकाको अध्यक्षमा नेपाल लोकतान्त्रिक फोरमका प्रदीपकुमार चौधरी पाँच हजार ५७ मत प्राप्त गरी विजयी भएका छन् । उपाध्यक्षमा पनि लोकतान्त्रिक फोरमकै उमा महतो पाँच हजार ९७ मत प्राप्त गरी विजयी भएका छन् । कैलालीका १३ स्थानीय तहमध्ये पाँचवटाको अन्तिम चुनावी नतिजा आइसकेको छ ।

### रूपन्देहीको सैनामैनामा एमाले विजयी

बुटवल । स्थानीय तह निर्वाचनमा रूपन्देहीको सैनामैना नगरपालिकामा नेकपा (एमाले) विजयी भएको छ । नगरपालिका प्रमुखमा एमालेका चित्रबहादुर कार्कीले १३ हजार ३६ मत प्राप्त गरी विजयी भएका छन् । यस्तै, उपप्रमुखमा पनि एमालेकै बिना राना निर्वाचित भएका छन् । उनले १३ हजार २६१ मत प्राप्त गरेका छन् ।

### घोराही उपमहानगरमा एमाले विजयी

दाङ । दाङको घोराही उपमहानगरपालिका प्रमुखमा नेकपा (एमाले)का नरूलाल चौधरी २२ हजार ३० मत ल्याएर विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली काँग्रेसका भूपबहादुर भण्डारीले १७ हजार ४८४ मत प्राप्त गरेका छन् । त्यसैगरी, उपप्रमुखमा एमालेकै सीता न्यौपानेले २० हजार ७९२ मत ल्याई विजयी भइन् ।

### चट्याङमा परी मृत्यु

रौतहट । गढिमाई गाउँपालिका-६ धरमपुरस्थित खेतमा भैसी चराउने क्रममा चट्याङमा पर्दा एकको मृत्यु भएको छ । अचानक चट्याङ लाग्दा सोही ठाउँ बस्ने ४५ वर्षीय बिश्वनाथ राय यादब र १७ वर्षीय सरोज यादवको आइतबार मृत्यु भएको छ ।

### नदीले बगाउँदा बेपत्ता

बर्दिया । नदीमा नुहाउने क्रममा एक जनाको मृत्यु भएको छ । गेरूवा गाउँपालिका-४ स्थित गेरूवा नदीमा नुहाउने क्रममा सोही ठाउँ बस्ने १५ वर्षीय संगम थारू सोमबार नदीले बगाई बेपत्ता भएका छन् । उनको खोजी गर्नुको साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### करेन्ट लागेर बालकको मृत्यु

पर्सा । करेन्ट लागेर एक बालकको मृत्यु भएको छ । सखुवा प्रसौनी गाउँपालिका-१ गडिटोल बस्ने भिठाबहादुर योन्जनको छोरा १० वर्षीय सबिन योन्जनको करेन्ट लागेर मृत्यु भएको हो । सोही ठाउँस्थित पानी तान्ने बोरिङको तारमा अचानक छुन गई अचानक करेन्ट लाग्दा सोमबार घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

### करेन्ट लागेर एकको मृत्यु, एक घाइते

धनुषा । औरही गाउँपालिका-९ स्थित भित्री सडकको छेउमा खेल्ने क्रममा बिद्युतको तारबाट हुक लगाई लगेको तारबाट अचानक करेन्ट लाग्दा सोही ठाउँ बस्ने शम्भु दासकी छोरी १० वर्षीया राधिकाकुमारी दासको आइतबार घटनास्थलमै मृत्यु भएको छ । साथै सोही ठाउँ बस्ने शिवशंकर कथबनियाको छोरा ११ बर्षीय दिपेश दास करेन्ट लागेर घाइते भएकोले स्थानिय मेडिकलमा उपचार भइरहेको र अवस्था सामान्य रहेको छ ।

### ट्रकको ठक्करबाट दुई जनाको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-१२ नयागाउँस्थित राजमार्गमा हाल नम्बर नखुलेको ट्रकले लु.३२ प ४२०६ नम्बरको मोटरसाइकललाई शुक्रबार ठक्कर दिंदा भएको दुर्घटनामा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकलमा सवार तिलोत्तमा नगरपालिका-७ पश्चिमपौनी बस्ने २४ वर्षीय हरि पंगेनीको घटनास्थलमै तथा मोटरसाइकल चालक पाल्पा, चिदिपानी-३ आर्यभन्ज्याङ बस्ने २९ वर्षीय राजन खनालको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने ट्रक फरार रहेकोले खोजी भइरहेको छ ।

### नहरले बगाएर बालकको मृत्यु

सुनसरी । गढी गाउँपालिका-४ बस्ने दिनेश मेहेताको छोरा ३ वर्षीय कृष्ण मेहेताको शुक्रबार नहरले बगाएर मृत्यु भएको छ । घर नजिकैको नहरमा खेल्दै जाँदा अचानक बगाएको थाहा पाउनासाथ बर्जु-६ बाट उद्धार गरी उपचारको लागि कोशी अंचल अस्पताल बिराटनगर लगेकोमा उपचारको क्रममा बालकको मृत्यु भएको हो ।

### चट्याङ लागेर मृत्यु

मोरङ । आफ्नै घरमा बसिरहेको अवस्थामा शुक्रबार अचानक चट्याङ लागेर गम्भीर घाइते भएकी पथरी शनिश्चरे नगरपालिका-२ बस्ने ३० वर्षीया अमृता बाँस्कोटाको मंगलबारे अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ ।

### आगलागीबाट सात लाखभन्दा बढीको क्षति

सर्लाही । कबिलासी गाउँपालिका-२ बस्ने रामपृत पासवानको घरमा खाना पकाउने क्रममा शुक्रबार आगलागी हुँदा स्थानीय रामपृत पासवान समेत ४ जनाको घर समेत जलेर करीव ७ लाख १५ हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ । प्रहरी र स्थानिय बासिन्दाको संयुक्त प्रयासमा उक्त आगो नियन्त्रणमा आएको थियो ।

### करणी गरेको अभियोगमा पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-२० थपुवास्थित खडक यादवको निर्माणाधिन भवनमा १९ वर्षीया युबतीलाई गत बिहिबार जबरजस्ती करणी गरेको अभियोगमा सोही ठाउँ बस्ने ३१ वर्षीय सोनु श्रीबास्तवलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### भजनी नपामा माओवादी केन्द्र

कैलाली । कैलालीको भजनी नगरपालिकामा माओवादी केन्द्रले मेयर र उपमेयर दुवै पदमा जित हात पारेको छ । माओवादी केन्द्रका शेरबहादुर चौधरीले लोकतान्त्रिक फोरमका केवल चौधरीलाई २०३ मतले हराएका छन्। शेरबहादुरले ५ हजार २२८ र केवलले ५ हजार २५ मत पाए । त्यस्तै उपमेयरमा समेत माओवादी केन्द्रकै छाया देवकोटाले ५ हजार ८ मतले विजय हात पारिन्। उनले लोकतान्त्रिक फोरमकै उम्मेदवारलाई हराइन् । वडा अध्यक्षमा समेत माओवादी केन्द्रकै बहुमत रहेको छ। उसले २, ४, ८ र ९ गरी चार वडामा जितेको छ। त्यस्तै एमालेले २, लोकतान्त्रिक फोरमले २ र काँग्रेसले १ वडामा जितेको छ ।

# आन्दोलनबीच स्थानीय चुनावको औचित्य



❖ उपेन्द्र झा

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३७४

**विभिन्न कारणवश प्रदेश नं. १, ५ र ७ मा राजपाले चाहेर पनि चुनाव रोक्न सकेन । यसलाई सरकारले आफ्नो विजय सम्झेर उन्मादित छ । मधेशलाई पनि आन्दोलनबाहेक विकल्प छैन । परिणामत: भिडन्तको सम्भावना प्रवल छ । भिडन्त गरेर सरकारले चुनाव गरायो भने मधेश आन्दोलन राष्ट्रिय आन्दोलनको स्वरूप ग्रहण गर्छ र यसमा चुनावको औचित्य त्यसै पनि समाप्त भएर जान्छ । मधेशले यो सरकार सामु आत्मसमर्पण गर्नुभन्दा मरेर इतिहास लेख्नु वेश हुनेछ ।**

राज्य एक दशकदेखि राजनीतिक माँगलाई अनसूना गर्दै विभिन्न बहानामा मधेशलाई ठेल्दै, पेल्दै, धकेल्दै आई रहेको छ । २० वर्षदेखि स्थानिय चुनाव हुन नसकेको, यसको अपरिहार्यता देखाएर फेरि ठेल्ने काम गरेको छ । संसद सचिवालयमा मंसीर महिनामै दर्ता रहेको संशोधन प्रस्तावलाई अनेक बहाना देखाएर पन्छाउँदै स्थानिय चुनावको घोषणा गरि यसलाई पछाडि पारेको कुरा सर्वविदित छ ।

संघर्षमा होमिएका मधेशका राजनीतिक दलहरूमध्ये उपेन्द्र यादबको संघीय समाजवादी फोरम, नेपाल एकाएक आफनो क्रान्तिकारी धारलाई छाडी बिना शर्त स्थानिय चुनावमा भाग लिएपछि मधेशको राजनीति पारस्परिक कलहमा फँस्यो । उपेन्द्र यादब किन यूटर्नमा गए त्यो अनुसन्धानको छुट्टै विषय हो । मधेशका राजनीतिक दल दुई ध्रुवमा बाँडिएपछि राज्य संचालक शीर्ष ३ दलहको लागि यो धेरै सुनौलो अवसर साबित भयो । यही क्रममा बैशाख ३१ गते पहिलो चरणको चुनावमा क्षेत्रीय पार्टीको संकीर्ण विचारलाई त्यागेर राष्ट्रिय पार्टी बनाएका उपेन्द्र यादबले पहाडमा भएको चुनावलाई उपयोग गर्दा पहाडले पत्याएन । कथित राष्ट्रिय पार्टी बनाए पनि पहाडले उपेन्द्र यादबलाई विश्वास गरेन । पहाडमा उपेन्द्र यादबको शर्मनाक हारले उपेन्द्र यादबलाई फेरि क्षेत्रिय राजनीतितिर डोर्‍यायो । तर यहाँ पहिलेदेखि सशक्त रूपमा राजपा संघर्षमा होमिएकोले चुनावलाई प्रयोग गरि मधेश कब्जा गर्ने रणनीतितहत उपेन्द्र यादब पुनश्च चुनावलाई नै उपयोग गरेर जाने निधो गरे ।

मधेश मुद्दालाई ओझेलमा पार्ने शीर्षदलहरूको षडयन्त्रलाई जानी बुझी संघर्षमा उत्रेको राजपालाई कमजोर पार्न, हतोत्साहित गर्न, गाली गलौजको स्तरहीन व्यवहारमा उत्रेको संघीय समाजवादी फोरमलाई मधेशका जनता विश्वास गर्न छाडे । मधेशको राजनीतिक धरातलमा अति निन्दनीय बनेका उपेन्द्र यादब आफनो वर्चस्व अहंकारलाई त्याग्न सकेन र प्रदेश नं. १, ५ र ७ मा दोश्रो चरणको चुनावको परिणाम उपेन्द्र यादबलाई धेरै शर्मनाक अवस्थामा ल्याई दिएकोले उनको राजनीति मुर्छित अवस्थामा परेको छ ।

यहाँ राजपा जस्ता ठूला दललाई बाहिर राखी स्थानिय चुनाव गराई रहँदा चुनावको औचित्यबारे अन्तर्राष्ट्रिय कूटनीतिक वृतमा निकै चासो बढेको छ । सरकारले पहिलो दोश्रो चरणको चुनाव गराउँदा राजपाको आवाजलाई अनसूना गर्दै अगाडि बढि रहेकोले अन्तर्राष्ट्रिय बहस पनि बढ्दै गएको हो । समान हक, अधिकार र समान सहभागिताको कुरालाई लत्याएर लोकतान्त्रिक पद्धतिमा राजपा बिनाको यो कस्तो चुनाव हो । भोली मधेशको संशोधन प्रस्ताव पास भयो भने यो लोकतान्त्रिक सरकार भनाउँदाहरूले राजपालाई स्थानिय चुनावको हक कसरी प्रदान गर्छ । या त राष्ट्रिय, अन्तर्राष्ट्रिय बहसमा मधेशको मुद्दालाई राष्ट्रघाती साबित गरेर राजपाको माँग अलोकतान्त्रिक ठहर गर्नु पर्‍यो, होइन भने राजपालाई स्थानिय चुनाव उपयोग गर्ने हक प्रदान गर्नू पर्‍यो । लोकतान्त्रिक पार्टीलाई चुनावमा भाग लिने उनको नैसर्गिक अधिकारलाई हनन गर्ने, राजनीतिक दलको समान अधिकारलाई लत्याएर राष्ट्रिय राजनीतिबाट राजपालाई बाहिर फ्याँक्ने सत्ता संचालक शीर्ष तीन दलको तानाशाही प्रवृतिले यहाँ ठूलो समस्या ल्याएको छ । एक एक कदम मधेशको मुद्दालाई पछाडि धकेल्दै अगाडि बढेर सहजता प्राप्त गर्ने दिवा सपनामा लीन तीन दलीय बर्चस्वको राजनीति नै मधेशको लागि ठूलो समस्या बनेको छ । दुई चरणका चुनाव गराएर पुनश्च प्राप्त गरेको वर्चस्वले तानाशाही प्रवृतिलाई बल मिलेको छ ।

प्रदेश नं. २ को चुनाव हुन बाँकि छ । असोज २ गते निर्धारण गरेको चुनावको मिति फेरि सारिने सम्भावना छ । मधेशको मुद्दा सम्बोधन भयो भने चुनाव दशैंको रमाईलोका साथ सम्पन्न हुने, तर राजनीतिक तिक्तता कायम राखी दशैंको मुखमा सहज ढंगले चुनाव कथमपि हुन सक्दैन । उपेन्द्र यादबको संघीय समाजवादी फोरमले चुनावको परिणाम हेरि आफनो विचारमा परिवर्तन गर्न जरूरी छ । बिना शर्त चुनावमा भाग लिने निर्णय सही थियो या गलत नतिजाले देखाएपछि प्रदेश नं. २ मा ससफोले विचार परिवर्तन गरि संघर्षमा आएर आफूलाई सच्याउनु राम्रो होला । पारस्परिक झगडाले प्रदेश नं. १, ५ र ७ मा नेपाली काँग्रेस, एमाले र माओवादी केन्द्रको पक्षमा नतिजा आएकोले चुनावमा गरिएको दावा त्यसै असफल भयो । त्यसकारण पनि अब ससफोले चुनावप्रतिको आसक्ति छाडेर मधेशको मुद्दा सम्बोधन गराउन अग्रसर हुनु पर्दछ । शीर्ष तीन दल जसरी पनि चुनाव गराउने रणनीति लिएकोले त्यसको विरूद्ध एकजूट भएर उभिनु आवश्यक रहेकोले ससफोले यस कुरा तर्फ विचार गर्न जरूरी देखिन्छ ।

विभिन्न कारणले भारत चीनबीच राजनीतिक तनाव बढ्दै गएको अवस्थामा नेपालमा यी दुई शक्तिको प्रतिस्पर्धा युद्धको रूप लिने सम्भावनालाई नकार्न सकिंदैन । नेपाल पनि यसमा चीनको पक्षमा हरेक प्रकारको आनन्द संग्रह गर्ने अवसर पाएको छ । सबै शक्ति खेल्ने क्रीडास्थल भएको नेपालको राजनीतिमा यिनको गहिरो चासो स्वाभाविक हो । सतहमा शक्तिकेन्द्रको शीर्ष तीन दल मोहराको रूपमा खेली रहेको देखिन्छ । समस्या समाधान पनि यिनको बूतामा नरहेको, शक्तिकेन्द्रको पारस्परिक मतभिन्नता नेपाली राजनीतिमा प्रष्ट देखिन्छ । मधेश मुद्दाको विरोधमा रहेको एमालेसंग नै नेपाली राजनीतिको बागडोर रहेको छ । राजनीतिमा सशक्त पकड बनाएर बसेको एमाले चीनको दृष्टिकोणले मधेशलाई भारतीय दलालको रूपमा देख्दै आएकोले मधेशलाई आत्मसमर्पण गराएरै छाड्ने उसको रणनीति हो ।

मधेशलाई भारतीयको रूपमा परिभाषित गर्ने एमालेको निर्देशित विचारमा जबसम्म परिवर्तन आउँदैन, मधेशको समस्याको समाधान हुन सक्दैन । नेपालमा द्वन्द्वको राजनीति सबैले चाहेको छ । शक्तिकेन्द्र यही राजनीतिका कारण सक्रिय हुन्छन् । नेपालका राजनीतिक दलहरूपनि मोहराको रूपमा प्रभावी भूमिकामा देखिन्छन् । त्यसकारण नेपालमा द्वन्द्वको राजनीति विकास भएको हो । मधेशको समस्या एक दशकदेखि राजनीतिक मञ्चमा खेलाडीहरूको फुटबल जस्तै यत्रतत्र कुदी रह्‍यो तर समाधान पाएन । एमालेको नजरमा मधेशका जनता सबै हाम्रा हुन् यसलाई दुई चार जना भारतीयहरू खेलाई रहेकोले यहाँ कृत्रिम तरिकाबाट द्वन्द्व खडा गरिएको छ । मधेशमा कुनै समस्या छैन । एमाले सधैं मधेशको लागि लड्ने पार्टी रहेकोले बाँचुञ्जेल लडी रह्ने एमालेको प्रतिबद्धता छ भनेर बिहान बेलुका एमाले आजकाल गगनभेदी मन्त्रोचार गरि रहेको छ । मधेशको माँग भारतीय माँग भएकोले नेपालको राजनीतिक वृतमा यसको कुनै औचित्य छैन भन्ने एमालेको अडानका कारण अन्तहीन संघर्षको श्रृँखला शुरू भएको छ । सामाजिक सद्भाव खल्बलाएको छ । साम्प्रदायिक वैमनष्यतालाई बढावा दिएको छ ।

विगत केही महिनादेखि चीन भारतको राजनीतिक तनाव बढ्दा भारत चहुँदिशको सिमानामा एक साथ समस्यासंग जुधि रहेको छ । नेफा लद्दाखको उत्तरी सिमा तथा नेपाल र पाकिस्तानको सीमाबाट एकसाथ तनाव झेलि रहेको भारत शत्रु र मित्र राष्ट्रसंग एकसाथ कसरी निबटने सबैको चासोको बिषय रहेको छ । शीतयुद्धको आक्रामक प्रहारबाट आफूलाई रक्षा गर्दै देखिएको भारत आगामी दिनमा भारत प्रतिरक्षात्मक पंक्तिमा बस्ने कि हस्तक्षेपकारी भूमिकामा आउने अर्थात् भारत कुन रणनीति लिने भारत र नेपाली जनता व्यग्रतापूर्वक प्रतिक्षा गरि रहेका छन् ।

यसै कडीसंग जोडिएको प्रदेश नं. २ को चुनाव हो । स्थानिय चुनावको औचित्यमा मधेशको माँग हराएर जाने निर्देशनात्मक रणनीति बमोजिम ६ वटा प्रदेशमा सरकारले चुनाव गराई सकेको छ । चुनावभन्दा पूर्व संशोधन प्रस्ताव पास गराएर चुनाव गराउने राजपाको आग्रहलाई आश्वासनको भरमा ६ वटै प्रदेशमा राजपालाई बाहिर राखी चुनाव गराई सकेकोले सरकार सफल रह्‍यो भन्ने बुझिन्छ । बाँकी २ नं. प्रदेशमा सबै शक्ति केन्द्रित गरि चुनाव गराई छाड्ने सरकारको अठाट कायम छ । असोज २ गते चुनाव गराउने सरकारको निर्णय अनुसार २ नं. प्रदेशमा चुनाव हुने निश्चित छ ।

चुनावबाट बाहिर रहेको राजपा आफनो मुद्दा छाडी चुनावमा भाग लिने कुरा छैन । माँगप्रति अडान कायम राखेको राजपाप्रति मधेशी जनताको सहानुभूति पनि बढ्दै गएको अवस्था छ । सरकार र मधेशको अडानले २ नं. प्रदेशमा भिडन्तको सम्भावनालाई नकार्न सकिदैन । अब के हुने भन्ने सबैको चासोको बिषय बनेको छ । आउने परिणामप्रति बेफिकर सरकार कसैको निर्देशनमा अगाडि बढि रहेको छ । मधेशको माँगलाई भारतीय माँग भनेर वेवास्ता गर्दै अहिले २ नं. प्रदेशको चुनावमा केन्द्रित भएको छ । मधेश आन्दोलनलाई भारतको सहयोग छ भनेर प्रचार गर्दै आई रहेको सरकार सिपाही बुद्धि प्रयोग गरेको मात्र हो । मधेशलाई भारतको सहयोग भएको भए मधेशको समस्या एकदशक पहिले समाधान भई सक्थ्यो । भारतको सम्बन्ध जहिले पनि सरकारसंग मात्र रहेको शीर्ष तीन दलभन्दा बढि कोही जान्दैन । पुश्ता दर पुश्ता राज्य संचालक दलहरू भारतको मानस पुत्रको रूपमा काम गर्दै आएको सबैलाई थाहा छ । तर दोषारोपण मधेशको टाउकोमा लगाउँदै आएको छ ।

विभिन्न कारणवश प्रदेश नं. १, ५ र ७ मा राजपाले चाहेर पनि चुनाव रोक्न सकेन । यसलाई सरकारले आफ्नो विजय सम्झेर उन्मादित छ । मधेशलाई पनि आन्दोलनबाहेक विकल्प छैन । परिणामत: भिडन्तको सम्भावना प्रवल छ । भिडन्त गरेर सरकारले चुनाव गरायो भने मधेश आन्दोलन राष्ट्रिय आन्दोलनको स्वरूप ग्रहण गर्छ र यसमा चुनावको औचित्य त्यसै पनि समाप्त भएर जान्छ । मधेशले यो सरकार सामु आत्म समर्पण गर्नुभन्दा मरेर इतिहास लेख्नु बेस हुनेछ । ताकि आउने पिढी वर्गीय राज्यसत्ताको मधेशप्रतिको भेदभाव र घृणात्मक व्यवहारलाई राम्ररी बुझ्न सकोस् । आगामी दिनमा वर्गीय राज्यसत्तासंगको संघर्ष अझ परिमार्जित भएर आवोस् र मधेशलाई मुक्त गरोस् ।

*क्रमश:*

janukjha24@gmail.com

# द्विपक्षीय हित र आपसी चासोको विषयमा छलफल



भारत भ्रमणका बेला परराष्ट्रमन्त्री महरा आफ्ना समकक्षी सुष्मा स्वराजसँग भेटवार्ताको क्रममा ।

नयाँदिल्ली । भारतका विदेशमन्त्री सुष्मा स्वराजको निमन्त्रणमा भारत भ्रमणमा रहेका उपप्रधान तथा परराष्ट्र मन्त्री कृष्ण बहादुर महराले आफ्ना समकक्षीसँग सोमबार नयाँदिल्लीमा भेटवार्ता गरेका छन् ।

नेपालमा शेरबहादुर देउवा नेतृत्वको सरकार गठन भएपछि नेपाल र भारतबीच पहिलो पटक उच्चस्तरीय भेटघाट भएको हो । भेटघाटका क्रममा दुबै देशका विदेश मन्त्रीहरूबीच दुईपक्षीय हित र आपसी चासोका विषयमा वृहत रूपमा छलफल भएको हो ।

साथै उनीहरूले नेपाल र भारतबीच कनेक्टिविटी तथा विकासका परियोजनाहरूलाई कसरी अगाडि बढाउने विषयमा पनि छलफल भएको भारतका विदेश मन्त्रालयले जनाएको छ ।

भेटका क्रममा दुबै मन्त्रीहरूले आगामी दिनमा नेपाल र भारतको सम्बन्धलाई सुदृढ पारी दुईपक्षीय सहकार्यमा जोड दिने तथा दुई देशको सम्बन्ध र मित्रतालाई झन प्रभावकारी प्रतिवद्धता जनाए ।

त्यस क्रममा उपप्रधान तथा परराष्ट्र मन्त्री महराले नेपालमा हालै सम्पन्न भएको दुई चरणको स्थानीय तहको निर्वाचनले संविधान कार्यान्वयनमा सघाउ पुर्‍याउने विश्वास व्यक्त गरे ।

भारतीय विदेश मन्त्री स्वराजले उपप्रधान तथा परराष्ट्र मन्त्री महराको सम्मानमा रात्रीभोजको पनि आयोजना गरिन् ।

# मिथिला नगरपालिकाको विकास योजनाको अनुगमन

विजय कुमार सिंह, ढल्केवर, २१ असार । मिथिला नगरपालिकाले चालु आर्थिक वर्षमा गरेका विकास निर्माणका योजनाहरूको दुई दिने स्थलगत अनुगमन गरेको छ ।

मिथिला नगरपालिकाका कार्यकारी अधिकृत राज कुमार दासको नेतृत्वमा सुरू गरेको अनुमन नगरस्थित नगरपालिकाका योजना प्रमुख, स्थानीय प्रशासन, राजनीतिक दलका प्रतिनिधि, संचारकर्मी लगायतका संयुक्त टोलीले नगरमा सञ्चालित योजनाहरूको दुईदिने अनुगमन गरेको हो ।

मिनपा लगायतका संयुक्त अनुगमन टोलिले सोमबार नगरपालिकाको नक्टाझिजबाट सुरू गरिएको अनुगमन नगरपालिकाको विभिन्न भागमा विकास योजनाहरूको अनुगमन गर्ने कार्य मंगलबार सम्पन्न भएको हो ।

नगरपालिकाले आर्थिक वर्ष २०७३-०७४ मा सञ्चालन गरेको विकास निर्माण योजनाहरूको अवस्था र त्यसका उपलब्धी सम्बन्धमा सुझ-बुझ गर्ने उद्देश्यले योजनाहरूको अनुगमन गरिएको नगरपालिकाका योजना प्रमुख जय गणेश सिंहले बताए ।

अनुगमनको कममा स्थानीय उपभोक्ता समितिले गरेको कामको अध्ययन र त्यस सम्बन्धमा गहन छलफल गरिएको नगरपालिकाले जनाएको छ ।

# जनकपुरका सडकहरू जलमग्न

धिरेश दत्त, जनकपुरधाम । देशका विभिन्न भाग लगायत लगातार परिरहेको अविरल वर्षाले जनकपुरका सडकहरू जलमग्न बनेका छन् । जयसका कारण सर्वसाधारणहरू समस्यामा छन् भने दुर्घटनाको पनि त्यतिकै खतरा बढेको छ । बर्षौदेखि एडीबि परियोजनाद्वारा गर्दै आईरहेको सडक विस्तार तथा निर्माणका कामहरू पूरा नहुँदै लगातार परेको अविरल बर्षाका कारण कामहरू अबरूद्ध हुनुको साथै जनकपुरका अधिकांस ठाउँहरूमा खल्डा खुल्डी तथा जहीतहि पानीले जमीन पुरीएको छ । एडीबि परियोजनाले गर्दै आईरहेको सडक विस्तार तथा निर्माणका काम एउटा सम्पन्न नहुँदै अर्को काममा हात थापेकाले सम्पूर्ण कामहरू अधूरै रहेका छन् । ठाउँ ठाउँमा माटो खनी जस्ताको त्यस्तै छाडिएकोछ भने कतै मुख्य सडलाई नै माटोले अबरूद्ध गरेकोछ । जयले गर्दा ५ मिनेटमा पुग्नुपर्ने ठाउमा घण्टौ लागेको सर्वसाधारणहरूको आरोप रहेकोछ । नालाहरू पनि पुरिएकाले पानीको निकाश नै नभएकाले जनकपुर अहिले जलमग्न देखिएकोछ । जनकपुरको कदमचोक, भानूचोक, मिल्सएरिया, मूर्लीचोक लगायतका ठाउँहरूमा अहिलेपनि पानीको निकास नभएकाले जनकपुर जलमग्न देखिएकोछ । सर्वसधारण,तथा स्कूल जाने बालबालिकाहरू विद्यालय जानकालागी पानीमै भिजेर जानुपरेकोछ भने कतै बालबालिका तथा सर्वसाधारणहरू पनि नयाँ खनेको माटोका कारण चिप्लेर चोटपटक लाग्ने गरेकोछ । सवारी साधनहरू पनि त्यस खाल्डोमा फँसेर दुर्घना हुँदै आईरहेकोछ भने दिउँसै दर्जनौ पैदल यात्रु तथा सवारी चालकहरू चिप्लेर दुर्घटनाको चपेटमा आईरहेकाछन् । तर, सम्बन्धीत निकाय तथा नगरपालीका मुकदर्शक बनेको स्थानीहरूको गुनासो रहेकोछ ।

# बोधीचित्तको दानासहित चाइनिज पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका-२६ ठमेल मन्डेला स्ट्रेटस्थित रिसोर्ट होटलको पाँचौ तलामा असार २ गतेदेखि बस्दै आएका चाइनिज नागरिक उई वाङलाई बिना इजाजत राखेको ४८.५ केजी बोधीचित्तको दाना सहित शुक्रबार प्रहरीले पक्राउ गरेको छ । बिना ईजाजत बोधीचित्तहरूको ब्यापार गर्दै आएको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी बृत्त लैनचौरबाट खटी गएको प्रहरीले उक्त होटलको कोठामा खानतलासी गर्दा प्लाष्टिकको बोरामा लुकाई छिपाई राखेको अवस्थामा उक्त सामान बरामद गरी उनलाई नियन्त्रणमा लिएको हो ।

# वर्षाले यातायात सेवा प्रभावित

जलेश्वर । दुई दिनदेखि लगातार परिरहेको पानीको कारण महोत्तरी जिल्लाको सदरमुकाम जोड्ने सबै सडकहरू हिलाम्मे भएपछि यातायात सेवा प्रभावित बन्न पुगेको छ । सोमबार साँझदेखि नै लगातार (छिन छिनमा बन्द हुने र फेरि पर्ने) परिरहेको पानीको कारण जलेश्वर-मटिहानी सडकखण्ड, जलेश्वर-सम्सी सडकखण्ड, भिठामोड जलेश्वर जनकपुर सडकखण्ड, जलेश्वर-रौजा सडकखण्ड लगायतका सडकहरू हिलाम्मे भएका छन् । पानीको कारण जलेश्वर मटिहानी सडकखण्डमा बस सेवा बन्द हुन पुगेको छ भने सम्सी जलेश्वर सडकमा समेत यातायात बाधित हुन पुगेको छ । महोत्तरीको परिक्रमा सडक अन्तर्गतको जलेश्वर मटिहानी सडकखण्डको दुई ठाउँमा माटो राखिएको कारणले धेरै हिलो भएको छ जसले जान आउन समस्या उत्पन्न भएको मटिहानीका रंजित कापरले जानकारी दिए ।

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहनु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# विश्व परिवेश

## भारतको अर्थतन्त्रमा एकीकृत कर प्रणाली लागू



नयाँदिल्ली। भारतको केन्द्रिय सरकारले १ जुलाई २०१७ देखि राष्ट्रभर प्रभावकारी हुने गरी नयाँ तथा एकिकृत कर प्रणाली लागू गरेको छ। माल सामान तथा सेवा व्यवसाय कर (गुड्स एण्ड सर्भिस ट्याक्स (जिएसटि) नामाकरण गरिएको यस नयाँ र एकल कर प्रणाली राष्ट्रव्यापी रूपमा लागू गरिएपछि यसअघि विभिन्न राज्य तथा केन्द्रमा बिद्यमान अलग अलग राज्यीय र संघीय कर व्यवस्था खारेजीमा परेको छ। शुक्रबार मध्यरातसम्म बसेको भारतीय संसदको बिशेष सत्रले निकै ठूलो छलफल र विश्लेषणपश्चात् बहूमतद्वारा यस एकिकृत कर प्रणाली पारित गरेको थियो।

अब, भारतका सबै राज्यहरू र केन्द्रमा माल सामान उत्पादन, बेच-बिखन, बाणिज्य, ब्यापारको आर्थिक व्यबस्थापन लगायत सेवा उत्पादन तथा प्रदायनसम्बन्धि सबै व्यवसायको आर्थिक व्यवस्थापन यस जिएसटि अन्तर्गत गरिने छ। साथै, केन्द्र तथा विभिन्न राज्यका सरकारहरूलाई प्रदान गरिँदै आएको, आ-आफ्ना राज्यको अर्थतन्त्रलाई दृष्टिगत गरी अलग अलग कर व्यवस्था र प्रणाली लागू गर्न पाउने बिकेन्द्रिकृत स्वविवेकिय अधिकार पनि यस जिएसटिले अन्त्य गरेको छ। भारतका २९ राज्यहरूमध्ये धेरैजसोमा आ-आफ्नै प्रकारका राज्यीय कर व्यवस्था लागू भै रहेको छ। गत: शुक्रबार मध्यरातमा संसद् भवनमा आयोजित एक विशेष समारोहकाबीच भारतीय सर्बोच्च नेताद्वय: राष्ट्रपति प्रणव मुखर्जी तथा प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा कम्प्युटरको बटन थिचेर यस नयाँ एकिकृत राष्ट्रिय कर प्रणालीको शुभारम्भ गर्नु भएको छ। यस नयाँ कर प्रणालीले ब्यापार घाटाको अन्त्य गरी निर्यात प्रवर्द्धनलाई सघाउने र आर्थिक रूपमा अझै समृद्ध र शक्तिशाली भारतको निर्माणसमेत गर्ने उहाँको दाबी रहेको छ।

## पर्यटन व्यवसायीबीच पटनामा अन्तर्क्रिया

बिहार (भारत)। भारतीय पर्यटकलाई नेपाल भ्रमणको निम्ता दिन बिहारको राजधानी पटना पुगेको नेपाली पर्यटन व्यवसायीको टोलीले त्यहाँका पर्यटन व्यवसायी तथा सञ्चारकर्मीसँग अन्तर्क्रिया गरेको छ। पोखरास्थित पश्चिमाञ्चल होटल संघको आयोजना तथा नेपाल पर्यटन बोर्डको सहयोगमा गत असार १६ गतेबाट 'चलिए पोखरा' अभियान सुरू गरिएको थियो। औपचारिक रूपमा छ वर्ष अघि सुरू भएको यो अभियान यसपटक असार २० गते सम्पन्न हुने छ। 'बोर्डर टाउन सेल्स मिसन' नाम दिइएको सो अभियानमा पोखरा र लुम्बिनी क्षेत्रका पर्यटन व्यवसायी, बोर्डका अधिकारी र सञ्चारकर्मी गरी ३० जना सहभागी छन्। उत्तर प्रदेशको लखनउमा भ्रमण टोलीले अन्तक्रिया गर्ने संघका अध्यक्ष विकल तुलाचनले जानकारी दिनुभयो। गोरखपुरमा अन्तिम कार्यक्रम आयोजना गरिने छ। विनाशकारी भूकम्प, नाकाबन्दी, नोटबन्दी तथा तराई आन्दोलनबाट नराम्रो गरी प्रभावित भएको पर्यटन क्षेत्रलाई उकास्न यो अभियानले सघाउने विश्वास गरिएको छ।

## भारतीय प्रधानमन्त्री मोदीको ऐतिहासिक इजरायल भ्रमण

इजरायल। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी इजरायलको ऐतिहासिक भ्रमणमा गरेका छन्। मङ्गलबार भारत-इजरायल कूटनीतिक सम्बन्ध स्थापना भएको २५ औं वर्ष पुगेको अवसरमा आयोजित एक समारोहमा सहभागी हुन तेल अभिव पुगेका हुन्।



भारत-इजरायल कूटनीतिक सम्बन्ध स्थापनाको २५ औं वर्ष पुगेको अवसरमा हुने प्रधानमन्त्री मोदीको भ्रमण यसअघि सुमधुर रहँदै आएको सम्बन्धलाई थप मजबुत बनाउने विषयमा केन्द्रित रह्यो। भारतीय प्रधानमन्त्री मोदीलाई स्वागत गर्न इजरायली प्रधानमन्त्री बेनजामिन नेतन्याहु इजरायलको अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए। कूटनीतिक शिष्टाचारका लागि इजरायलले भारतीय प्रधानमन्त्री मोदीको सम्मानमा अन्तर्राष्ट्रिय कानुनी परिधिभित्र रहेर आवश्यक सबै व्यवस्था भएको र यसले भ्रमणको महत्व पुष्टि गर्ने इजरायली अधिकारीले बताएका अन्तर्राष्ट्रिय समाचार माध्यमले जनाएको छ। भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री मोदीले आफ्ना इजरायली समकक्षी नेतन्याहु, प्राविधिक कम्पनीका प्रमुख अधिकारी र भारतीयमुलका यहुदी धर्मावम्बीसँग भेटवार्ता तथा छलफल गरेका छन्।

# पत्रपत्रिकाबाट...

## राजदूत पुरी र पोखरेली युवाबीच अन्तरक्रिया

नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले पोखराका युवासँग अन्तरक्रिया गर्नुभएको छ। ग्लोकल प्रा.लि. द्धारा पोखराको होटल ल्यान्डमार्कमा गत साता आयोजित अन्तरक्रियामा भारत र नेपालबीच जनस्तरको सम्बन्ध एवम् पारस्परिक हितबारे छलफल भएको थियो। राजदूत पुरीसँग पोखरेली युवाले हार्दिकताका साथ खुलेर नेपाल–भारत सम्बन्ध र आपसी हितका मामलामा विचार आदान–प्रदान गरेका थिए। यसैगरी गत बिहीबार राजदूत पुरीले भारतीय दूतावासको सहयोगमा नेपाल नेत्रज्योति सङ्घद्धारा पोखरामै आयोजित आँखा शिविरको उद्घाटन गर्नुभयो। स्थानीयको आँखा परीक्षण र उपचारमा सहयोग गर्ने उद्देश्यले लेखनाथस्थित सैनिकबस्तीमा आयोजित सो शिविरमा ठुलो सङ्ख्यामा उपस्थित भई स्थानीय जनताले आँखा जाँच गराए भने आवश्यकताअनुसार उनीहरूलाई चस्मालगायत अन्य उपकरणसमेत नि:शुल्क प्रदान गरिएको थियो। ज्ञातव्य छ, भारत–नेपाल संयुक्त कार्यक्रमअन्तर्गत वर्षेनी आयोजना हुँदै आएको आँखाको हेरविचार तथा उपचार सम्बन्धि कार्यक्रममार्फत सन् २००१ देखि हालसम्म मित्रराष्ट्र भारतद्धारा एक लाख २५ हजार नेपाली नागरिकले आँखाको उपचार सेवा एवम् आवश्यक चस्मासहितका उपकरण हासिल गरेका छन्। यस्तै, नेपालका विभिन्न स्थानका ६५ हजारभन्दा बढी विद्यालय जाने बालबालिकाका लागि समेत आँखासम्बन्धी उपकरण वितरण गरिएको दूतावासले जनाएको छ। नेपालको स्वास्थ्य क्षेत्र सुधारका लागि भारतबाट निकै ठुलो सहयोग प्राप्त हुँदै आएको छ भने भारत–नेपाल आर्थिक सहयोग कार्यक्रमअन्तर्गत ५ सय ५२ वटा ठुला तथा साना विभिन्न परियोजनाका लागि भारत सरकारबाट अर्बौं आर्थिक अनुदान प्रदान गरिएको छ।

## नेपाल–भारत सम्बन्धमा प्रगति : स्वराज

काठमाडौं। छिमेकी मित्रराष्ट्र भारतको तीन दिवसीय भ्रमणमा गत आइतबार नयाँदिल्ली पुग्नुभएका उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री कृष्णबहादुर महरा र भारतका विदेश मामिलामन्त्री स्वराजबीच पारस्परिक हित र चासोको विविध विषयमा विचारविमर्श भएको छ। भेटवार्ताका क्रममा दुई देशबीचको विकास सहयोग, व्यापार र पारवहन, सीमापार पूर्वाधार, जलविद्युत परियोजना लगायत विषयमा विस्तृत समीक्षा र छलफल भएको बुझिएको छ। सो अवसरमा परराष्ट्रमन्त्री महराले नेपालको सामाजिक, आर्थिक विकासका लागि भारत सरकारले गरेको सहयोगप्रति धन्यवाद दिनुभएको र भारतीय विदेशमन्त्री स्वराजले नेपालमा स्थानीय तहको दुई चरणको निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा नेपाल सरकारलाई बधाई दिनुभएको नयाँदिल्लीस्थित नेपाली दूतावास स्रोतले जनाएको छ। उपप्रधानमन्त्री महरासँगको कुराकानीका क्रममा समकक्षी स्वराजले हालका दिनमा नेपाल–भारत सम्बन्धले राम्रो प्रगति गरिरहेको र दुई देशबीचको मैत्री सम्बन्ध विभिन्न तहमा भएको भ्रमणले अझ बढी सुदृढ भएको धारणा राख्नुभएको थियो। उपप्रधानमन्त्री महरा मङ्गलबार स्वदेश फर्कनुभएको छ।

## "सार्कको विषयमा भारत सकारात्मक"

काठमाडौं। भारत-पाकिस्तान सम्बन्धका कारण स्थगित दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को आगामी शिखर सम्मेलन छिटो गराउन भारत सकारात्मक बनेको परराष्ट्रमन्त्री कृष्णबहादुर महराले बताएका छन्। भारतको औपचारिक भ्रमणबाट फर्केका परराष्ट्रमन्त्री महराले मंगलबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भने, 'सार्कको स्थगित १९ औं शिखर सम्मेलन गर्ने विषयमा भारत सकारात्मक छ।' महराको भारत भ्रमणका प्रमुख एजेन्डामध्ये सार्क शिखर सम्मेलन र त्यसअघि गर्नुपर्ने मन्त्रीस्तरीय बैठकको पहल गर्ने पनि थियो। इस्लामाबादमा हुने १९ औं शिखर सम्मेलनको अन्तिम तयारी चलिरहँदा भारतले वर्तमान अवस्थामा आफु आउन नसक्ने बताएपछि सम्मेलन रोकिएको थियो। भारतको पक्षमा बंगलादेश, भुटान, अफगानिस्तान र श्रीलंका पनि उभिएका थिए। १९ औं शिखर सम्मेलन कात्तिक ३० र मंसिर १ (नोभेम्बर १५-१६, २०१६) लाई तोकिएको थियो। पछिल्लो समय भारतले सार्कको सट्टा अर्को क्षेत्रीय संगठन बिमस्टेकलाई बढी महत्त्व दिएको विश्लेषकहरूले बताइरहेका छन्। गत वर्षको भदौमा गोवामा सम्पन्न 'ब्रिक्स' (ब्राजिल, रसिया, भारत, चीन र दक्षिण अफ्रिका) सम्मेलनमा बिमस्टेक राष्ट्रका कार्यकारीलाई निम्त्याइएपछि सार्कभन्दा बिमस्टेक महत्त्वमा परेको अनुमान गर्न थालिएको हो। नेपाल अहिले सार्क र बिमस्टेक दुवै संगठनको अध्यक्ष राष्ट्र हो।

## चलिए पोखरा अभियान टोली फर्कियो

काठमाडौं। पोखरासँगै समग्र नेपालको भ्रमण गर्न भारतीय पर्यटकलाई निम्ता दिन गएको पोखराका पर्यटन व्यवसायीहरूको टोली फर्किएको छ। टोलीले बिहारको पटना, उत्तर प्रदेशको लखनउ र गोरखपुरमा यस्तो अभियान सञ्चालन गरी फर्किएको हो। नेपालबाट नजिक पर्ने उत्तर भारतका तीन मुख्य सहरमा आयोजित पाँच दिने प्रवर्द्धनात्मक चलिए पोखरा अभियान उत्साहप्रद रूपमा सम्पन्न भएको आयोजक पश्चिमाञ्चल होटेल संघले जनाएको छ। पश्चिमाञ्चल होटेल संघ पोखराले विगत ६ वर्षदेखि भारतीय पर्यटक आकर्षित गर्न निरन्तर सञ्चालन गर्दै आएको छ। नेपालबाट नजिकका सहरहरू भएका कारण बढीभन्दा बढी भारतीय पर्यटक आकर्षण गर्न सहज हुनेदेखि उत्तर भारतमा चलिए पोखरा अभियान सञ्चालन गरिएको संघका अध्यक्ष एवं अभियानका संयोजक विकल तुलाचनले जानकारी दिए। उनले भारतीय पर्यटकलाई नेपाल घुम्न आग्रह गर्दै पोखरामा धेरै स्तरीय होटल र पर्यटकका लागि आवश्यक सुविधा रहेको बताए।

# जिल्ला समाचार

## राजपाको संघर्ष समिति गठन

कलैया। बाराको कलैया उपमाहानगरपालिका वार्ड नम्बर १ मा राष्ट्रिय जनता पार्टी नेपालले संघर्ष समिति गठन गरेको छ। विनोद यादवको अध्यक्षतामा बसेको बैठकले एक सय एक सदस्यीय समितिको वडाअध्यक्ष श्यामसुन्दर साह, उपाध्यक्ष मोतिलाल साह, शिवजी प्रसाद साह, सचिब कुमारबाबु यादव, सहसचिब रन्जित पटेल, प्रल्हाद सराफ, कोषाध्यक्ष सरिफ महमम्द, सहकोषाध्यक्ष ग्यान्ती देवी सर्राफ, सदस्य शिवनाथ प्र दास, प्रकाश साह कानु, सन्तोश कुमार, जोखु साह, प्रभु साह, देवराज आचार्य, हरिहर अधिकारी, मुरारी सराफ रहेका छन्। संघर्ष समिति गठन कार्यक्रममा राजपाका केन्द्रीय सदस्य पिंकी यादव, सफिक मिया, अध्यक्षमण्डलका अध्यक्ष सन्तोश पटेल, फिरोज अन्सारी, जिल्लाका नेता कासिम अन्सारी, ओमप्रकाश साह, महन्थ साह, किसुन यादब, जिल्ला प्रवक्ता अरून सिंह, जिल्ला सचिब बिरेन्द्र साह, युवा का अध्यक्ष सुरज गुप्ता लगायत रहेका थिए।

## सार्वजनिक शौचालय बनाउने प्रतिबद्धता

वीरगंज। वीरगंज महानगरपालिकाको आयोजना एवं युएन हेबिटेटको सहयोगमा आज वीरगंजमा नगरस्तरीय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धि रणनीति कार्ययोजना कार्यशाला गोष्ठी सम्पन्न भएको छ। वीरगंजको होटल मकालुमा भएको कार्यक्रममा वीरगंज महानगरपालिकालाई चाडों भन्दा चाडों खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्नु पर्ने तथा नगरलाई पूर्ण रूपमा सरसफाईमा गर्नु पर्ने लगायतमा वक्ताहरूले विशेष जोड दिएका थिए। वीरगंज महानगरपालिकाका कार्यकारी अधिकृत पिताम्बर अधिकारीको सभापतित्वमा भएको कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी दुर्गा दत्त पौडेलले नगरलाई पूर्ण रूपमा सरसफाई गर्ने कार्यमा आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

## पिछडावर्ग उत्थानका लागि तालिम

विराटनगर। नेपाल पिछडावर्ग (ओविसी) उत्थानका लागि पाँच दिने मगही भाषा तथा नेतृत्व विकास तालिम मंगलबारदेखि महेन्द मोरंग आर्दश बहुमुखि क्याम्पस विराटनगरमा शुरू भएको छ। उक्त तालिमको उद्घाटन जिल्ला समन्वय समितिका सामाजिक शाखा प्रमुख लक्ष्मी धिमालले गरेका थिए। पानसमा वत्ती बालेर उद्घाटन गर्दै भने, 'नेपालमा बसोवास गरेका पिछडावर्गमा पर्ने ३६ जातिका लागि शैक्षिक, आर्थिक, समाजिक विकासका लागि विशेष कार्यक्रम राज्यवाट ल्याउनु पर्छ।' सो तालिममा नेपाल पिछडा वर्गमा पर्ने मोरंगका कटहरी, धनपाल, सुनवर्सि, जहदा गाउँपालिका र विराटनगर महानगरपालिकाको वडाहरूमा बसोवास गर्ने पिछडावर्गका जात जातिहरूका तीन दर्जन जति युवा युवतीहरू सहभागी थिए। उक्त तालिमको सहजिकरण नेपाल पिछडा वर्ग ओविसीका केन्द्रीय उपाध्यक्ष मनाई महतो, मोरंग जिल्ला अध्यक्ष जयप्रकाश महतो, सचिव रजनिकान्त कामत र मधेशी पत्रकार समाजका अध्यक्ष श्याम सुन्दर सुतिहारले गरेका छन्। असार २४ गतेसम्म संचालन हुने सो तालिममा पिछडावर्ग ओविसी सम्बन्धी जानकारी, मगही भाषा सम्बन्धी जानकारी, नेतृत्व विकास सम्बन्धी जानकारीहरूबारे प्रशिक्षण दिने कुरा नेपाल पिछडावर्ग ओविसी मोरंग उपाध्यक्ष कन्हैया कुमार साहले बताएका छन्। उक्त तालिम नेपाल पिछडा वर्ग (ओविसी) महासंघ मोरंग अध्यक्ष जयप्रकाश महतोको संयोजकत्वमा संचालन भइरहेको छ।

## एसईई पास विद्यार्थीलाई सम्मान गर्ने

वीरगंज। कुर्मी समाजद्वारा नारायणी अञ्चलस्तरीय एसईई पास विद्यार्थीहरूलाई असार ३१ गते सम्मान कार्यक्रम गर्ने भएको छ। कुर्मी सशक्तिकरण मञ्च पर्सा जिल्लाले आयोजना गर्ने उक्त सम्मान कार्यक्रममा २०७३ साल एस.ई.ई. (एसएलसी) ग्रेड २.५ जिपिए भन्दा बढि श्रेणीमा उत्तिर्ण गर्ने विद्यार्थीहरूलाई मात्र समावेश गर्ने समाजका अध्यक्ष संतोष पटेलले बताए। कुर्मी सशक्तिकरण मञ्च पर्साका अध्यक्ष संतोष पटेलको सभापतित्वमा मञ्चको बीरगंज पानीटंकी स्थित रहेको मिनिल्याण्ड उच्च माध्यमिक विद्यालयमा सम्पन्न बैठकले यहि असार ३१ गते कुर्मी समाजका नारायणी अञ्चलभरीका विद्यार्थीहरूलाई सम्मान गरिने साथै सोही कार्यक्रममा एसएलसी परिक्षामा डिक्टिनशन ल्याउने छात्राहरूलाई नि:शुल्क साईकल आफनो तर्फबाट वितरण गरिने राजपा नेपालका केन्द्रिय सदस्य एवं सांसद रमेश कुर्मीले बताए।

## कपिलवस्तुको मतपरिणाम

असार। कपिलवस्तु नगरपालिका र बाणगंगा नगरपालिकामा नेपाली कांग्रेस विजयी भएको छ भने कृष्णानगर नगरपालिकामा स्वतन्त्र र माओवादी केन्द्र विजयी भएका छन्। कपिलवस्तु नगरपालिकामा कांग्रेसका किरण सिंहले ९ हजार २५४ मत ल्याई मेयरमा विजयी भएका हुन्। यस्तै, उपमेयरमा पनि कांग्रेसकै लक्ष्मी कसौधन ८ हजार ८६५ मतका साथ विजयी भएकी छन्। बाणगंगा नगरपालिकामा कांग्रेस र माओवादीबीच तालमेल भएको थियो। यता, कपिलवस्तु जिल्लाकै बाणगंगा नगरपालिकामा पनि नेपाली कांग्रेस विजयी भएको छ। कांग्रेसका मंगलप्रसाद थारू १५ हजार ७३८ मतसहित विजयी भएका हुन्। यस्तै उपमेयरमा एमालेका चक्रपाणी अर्याल १५ हजार ८९३ मतका साथ विजयी भएका हुन्। त्यस्तै, गरी कृष्णानगर नगरपालिकामा स्वतन्त्र उम्मेदवार रजत प्रताप शाहले ७ हजार ३२८ मतसहित विजयी भएका हुन तथा उममेयरमा माओवादी केन्द्रकी सबनम खातुनले ३ हजार ४११ मतसहित विजयी भएकी छिन्। उक्त कृष्णानगर नगरपालिकामा वार्ड अध्यक्षमा माओवादी केन्द्रका सगिर अहमद खानलगायत पुरै पैनल सहित विजयी भएको छ।

## प्रमुख र उपप्रमुखमा फोरम नेपाल विजयी

मोरङ। मोरङको जहदा गाउँपालिकाको प्रमुख र उपप्रमुखमा संघीय समाजवादी फोरम नेपालका उम्मेदवार विजयी भएका छन्। दुई प्रमुख पदसहित जहदाको पाँच वटा वडा अध्यक्षको सिङ्गो प्यानल फोरम नेपालका प्रत्यासी जीतेका छन्। नेपाली कांग्रेसका प्रतिद्वन्द्वी उम्मेदबार जितेन्द्र कुमार साहलाई भारी अन्तरले पराजित गर्दै जहदा गाउँपालिकाको प्रमुखमा बुधबार दिउँसो फोरम नेपालका कैलाश मण्डल र उप्रमुखमा सालोदेवी साह भारी मतले विजय भएका हुन्। जहदाको वडा नं १ को अध्यक्षमा प्रदिपचन्द्र यादव, वडा नं. ३ को अध्यक्षमा अनिल कुमार ठाकुर, वडा नं. ४ को अध्यक्षमा जयनाथ गिरी, वडा नं ५ को अध्यक्षमा जगदिश प्रसाद सिंह (नुनिया) र वडा नं. ७ को अध्यक्षमा भगवान बेसरा (सन्थाल) को पूरै प्यालन विजयी भएको छ। मोरङको जहदा गाउँपालिकामा विजयी भएसँगै संघीय समाजवादी फोरम नेपालले तीन वटा प्रदेशमा कुल ७ वटा गाउँपालिकामा विजय हासिल गरेको छ।

## बाढीका कारण करिब पाँच लाखको क्षति

रौतहट। रौतहट जिल्लामा आएको बाढीका कारण करिब पाँच लाखको क्षति भएको छ। अविरल वर्षाको कारण राजपुर गाउँपालिका-३ बलुवा टोल बस्ने जोख बैठा, दिनेश बैठा र रमेश बैठाका कच्ची घर बुधबार ढलेर घरभित्र रहेको अन्नपात, लत्ताकपडा पुरिएर करीव २ लाख ३० हजार रूपैयाँ बरावरको धनमाल क्षति भएको छ। यसैगरी रौतहट, गौर नगरपालिका-५ सिसवा बस्ने वीरेन्द्र साहको घर अविरल वर्षाको कारणले ढल्दा घर तथा घरभित्र रहेका अन्नपात, लत्ताकपडा, भाडावर्तन गरी करीब २ लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ।

## कांग्रेसका नेतालाई कालोमोसो

नेपालगन्ज। नेपाली कांग्रेसका नेता युवराज पौडेललाई कालोमोसो दलिएको छ। कोहलपुरमा कांग्रेसका युवा नेता पौडेलले पार्टीका उम्मेदवारमाथि अन्तरघात गरेको भन्दै कालोमोसो दलिएको हो। कोहलपुर नगरपालिकामा कांग्रेस हारेपछि कांग्रेस कार्यकर्ता विजय पुडासैनीको नेतृत्वमा आएको ४ जनाको समूहले पौडेललाई कालोमोसो दलेका छन्। कांग्रेसका मेयरका प्रत्यासी भानुभक्त भट्टराई पराजित भएको कारण देखाउँदै पुडासैनीको समूहले घरमै गएर पुडासैनीमाथी दुर्व्यवहार गरेको थियो।

## कपिलवस्तुमा कांग्रेस पहिलो

मणि प्रसाद गैह्रे, कपिलवस्तु। कपिलवस्तु जिल्लाका १० तह मध्ये नेपाली काग्रेसले ५ वटा तहमा विजयी भई पहिलो शक्तिको रूपमा स्थापित भएको छ। ६ नगरपालिका मध्ये ४ नगरपालिका र ४ गाउंपालिका मध्ये १ गाउंपालिकाम विजयी भएको हो। कपिलवस्तु नगरपालिका, वाणगगा नगरपालिका , वुद्धभुमि नगरपालिका र महाराजगजं नगरपालिकामा प्रमुखमा वियी भएको छ।त्यसका साथै यशोधरा गाउंपालिका समेत काग्रेसले प्रमुख पदमा विजयी भएको छ। यसैगरि नेकपा एमालेले शिवराज नगरपालिका र बिजयनगर गाउपालिकामा जित हासिल गरेको हो। स्वतन्त्र उम्मेद्वारले कृष्णनगर नगरपालिका र शुद्धोधन गाउपालिकाले जित हासिल गरेका छन्। जिल्लाको मायादेवी गाउपालिकामा भने संघीय समाजवादी फोरम नेपालले जितेको छ। धेरै तहमा एकै राजनैतिक दलको किल्लालाई अन्य दल तोडेर इतिहास बल्दिएका छन्।

## facebook


कसैले बुढो गोरू मरोस् भन्दैमा मर्दैन । नयाँ शक्ति जन्मदैमा मरोस् भनेर धुप हाल्नेहरूले बाबुरामले नयाँ शक्ति छोड्ने भनेर नयाँ हल्ला चलाएछन् । तर, बाबुराम भट्टराई भाग्दैन । **डा. बाबुराम भट्टराई**


लोकतन्त्रमा कही कसैको किल्ला वा गढ हुँदैन, समय र सन्दर्भ हेरी जो कसैले हार्न वा जित्न सक्छ भन्ने सोच राखे मात्र लोकतन्त्र फस्टाउँछ । नयाँ र वैकल्पिक पार्टीहरूका लागि यो चुनाव हारजित भन्दा मैदानमा 'इन्ट्री' ठुलो कुरा हो, जो रोक्ने उत्तिकै ठुलो प्रयत्न भएको थियो । **डम्बर खतिवडा**


परिवर्तन कुनै घटना होइन अचानक घटी हाल्ने यो त एक प्रक्रिया हो जसको सुरूवात भै सकेको छ । त्यसैले चुनावी परिणामले आत्तिनु वा मात्तिनु पर्ने अवस्था छैन किन कि चुनाबी जीत एउटा कुरा हो र इतिहास रच्नु अर्को । **वीणा झा**


अमेरिकामा ग्रिनकार्ड पाउन नेपाली नागरिकता च्यात्नेलाइ नेपाली भन्छौ तर मधेशी जनतालाई भारतीय मुलका देख्दैछौ यस्तो खोक्रो राष्ट्रियता बढ्दैछ देशमा । **दिपेन्द्र विष्ट**


फरक भुगोलका अलग-अलग समस्याहरू छन् । यस्ता समस्याहरूलाई राज्यको मूल कानून संविधानमै सम्बोधन गर्नुपर्दछ । मौजुदा संकट निवारण तथा दीर्घकालीन मधेश समस्या समाधानका लागि राज्य-सत्ताले चाँडै नै पहल गर्नु पर्ने आवश्यक्ता खड्किएको छ । **निमेष कर्ण**


अन्तत दोश्रो चरणको चुनावमा नेपाली कांग्रेस र माओवादी केन्द्रले राजपालाई चुनाब र आन्दोलन दुबैबाट निषेध गर्न सफल भएकै हो त ?? बुढापाखाले भन्छन माउतेलाई प्राय आफैले पालेको हात्तीले मार्दछ । **संजिव झा**


तराईलाई बाढीबाट, यात्रीलाई मुग्लिन-नारानघाट सडकबाट, साना पार्टीहरूलाई चुनावबाट र प्रधानमन्त्रीलाई जनताका प्रश्नबाट जोगाउनु पर्ने देखियो । **यंगेश**


आदरणीय उपेन्द्र यादवले मधेशी जनता सामु आत्मलोचना गर्दै पुन: आन्दोलनमा सरिक हुनुपर्छ । मधेशवाद र उपयोगिताबाद बिच दुरी कायम राख्नु पर्छ । होइन भने उहाँसँग अझै तीनवटा निर्वाचन झेल्ने सामर्थ रहने छैन । **बीपी साह**


मधेशीको अधिकार र स्वाभिमानको माग जायज हो । तर, पनि ओझेलमा पर्छ किनकी मधेशवादी दलले मधेशको सहि प्रतिनिधित्व गर्ने बौद्धिक र नैतिक हैसियत राख्दैन । मधेश र मधेशीका जायज माग राजपाको अतिवाद , एमालेको खोक्रो राष्ट्रवाद र दुवै पक्षका हनुमानको वाद-बिवादमा ओझेल भए । **मनिष झा**


मधेशमा आपत् पर्दा मधेशी पार्टीहरू कहाँ छन् भन्नु भन्दा नेपाल सरकार कहाँ छ भन्नु बेश होला, देश सरकारले चलाउने हो, र देश भित्रै "मधेश" पर्छ । **रमेश प्रसाद साह**

## राजपालाई मधेशवादी भन्न मिल्दैन : रावल

काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका उपाध्यक्ष भीम रावलले सप्तरीका जनता डुबानमा परेका बेला मधेशवादी भनिएका राष्ट्रिय जनता पार्टीले एक शब्द पनि नबोलेको उल्लेख गर्दै आपत्ति जनाएका छन् । रावलले मधेशका जनता विचल्लीमा परेका बेला एक शब्द पनि नबोल्ने राष्ट्रिय जनता पार्टीलाई मधेशवादी दल भन्न नमिल्ने तर्क पनि गरे । सरकार संविधान संशोधन प्रस्तावमार्फत् मुलुकलाई टुक्रयाउन लागि परेको उपाध्यक्ष रावलको आरोप थियो ।

## बाढीपीडितप्रतिको....

बुझ्ने गरिन्छ । नेपालमा वर्सेनी प्राकृतिक प्रकोपका कारण अर्बौंको सम्पत्ति नष्ट हुने गरेको तथ्यांक छ भने कैयौं सर्वसाधारणले समेत ज्यान गुमाउनु परेको समाचारहरू आइरहन्छ । मधेशमा वर्सेनी बाढी, पहिरो, भू-क्षय, आगलागी र खडेरीलगायतका प्राकृतिक विपद्हरू परेको कुरा विदितै छ । जसका कारण लाखौं नेपालीहरू घरवारविहीन भइरहेका छन् । प्राकृतिक प्रकोपको मार सह्न मधेशीहरूका लागि बाध्यात्मक र नियमित प्रक्रियाझैं बन्दै गएको छ ।

मधेशमा आगलागी, बाढी, पहिरो र खडेरी पर्दा राज्यले त्यसको उचित व्यवस्थापन गरेको पाइँदैन । यस्ता प्राकृतिक प्रकोपहरूलाई नियन्त्रण त गर्न सकिदैंन तर, त्यसबाट कमसेकम क्षति हुने उपायहरू अवश्य अपनाउन सकिन्छ । राज्यको तर्फबाट त्यस्ता प्राकृतिक प्रकोपहरूबाट जोगाउन वा सचेत गराउन सचेतना कार्यक्रम ल्याउनुपर्दथ्यो । तर, राज्यले मधेशबाट मत र करका लागि मात्र मधेशलाई नेपालको हिस्साको रूपमा हेर्ने गरेको प्रवृत्ति आज पनि कायम नै छ ।

# विद्यापति पुरस्कार वितरण



*मैथिली साहित्यका आदिकवि विद्यापतिको सम्मानमा स्थापना भएको विद्यापति पुरस्कार वितरण समारोहमा सहभागीहरू ।*

काठमाडौं । मैथिली साहित्यका आदिकवि विद्यापतिको सम्मानमा नेपाल सरकारले वि.सं. २०६८ मा स्थापना गरेको नेपाल विद्यापति पुरस्कार कोषबाट सञ्चालित विभिन्न पाँच विधाका पुरस्कार वितरण गरिएको छ । मंगलबार काठमाडौंमा कोषले आयोजना गरेको एक समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीले पुरस्कारहरू प्रदान गरेका छन् । रू दुई लाख राशीको नेपाल विद्यापति मैथिली भाषा साहित्य पुरस्कार मिथिला नाट्य कला परिषद्लाई प्रदान गरिएको छ । रू एक-एक लाखको नेपाल विद्यापति मैथिली अनुसन्धान पुरस्कार प्राडा वीरेन्द्र पाण्डे, नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कार मुरलीधर विश्वकर्मा, नेपाल विद्यापति मैथिली कला संस्कृति पुरस्कार नवीनकुमामर मिश्र र नेपाल विद्यापति मैथिली पाण्डुलिपी पुरस्कार अवधेश पोखरेललाई प्रदान गरिएको हो ।

## नेपालमा लगानी गर्न उपराष्ट्रपतिको आह्वान

काठमाडौं । उपराष्ट्रपति नन्दबहादुर पुनले नेपाल र चीनबीचका साझा प्राथमिकताका योजनालाई कार्यान्वयनमा लान बेल्ट एन्ड रोड इनिसियटिभ्स (बिआरआई) सहयोगी हुने विश्वास व्यक्त गरेका छन । चीनको लान्झाउमा भइरहेको लगानी तथा व्यापार मेलाको उद्घाटन कार्यक्रममा 'रेशम मार्गमा सहयोग र विकास'बारे संभाषण दिँदै उनले नेपाल र चीनलाई सीमा नाकाले जोड्ने र बिआरआईमा सहभागी राष्ट्रहरूबीच लगानी अभिवृद्धि, प्रविधि हस्तान्तरण, दीर्घकालीन सहयोग आदानप्रदानबाट आर्थिक रूपान्तरणका लागि प्राकृतिक स्रोतको उपयोग गर्ने एक अवसरका रूपमा बिआरआईलाई लिइएको बताए । बिआरआईमा समाहित राष्ट्रहरूका उद्यमीहरूलाई नेपालमा लगानी गर्न र मुनाफा कमाएर लान पनि उनले आह्वान पनि गरे ।

## गैरकानुनी हिरासतबाट मुक्त गर्न अदालतको आदेश

दिनेश ठाकुर, नेपालगन्ज । प्रहरीले गैरन्यायिक रूपमा एउटै व्यक्तिलाई बारम्बार पक्राउ गरी यातना दिने गरेको भन्दै स्वतन्त्र मधेश गठबन्धनका नेताहरू गैरन्यायिक हिरासतका विरूद्ध लड्ने भएका छन् । बाँके प्रहरी स्थानीय चुनावलाई असर पर्ने गतिबिधि गर्न सक्ने भन्दै बाँकेबाट ४ जनालाई पक्राउ गरी सार्वजानिक मुद्दा चलाए पनि अभियोग पत्र दर्ता नगरी थुनामा रोखको थर्ड एलायन्सले अनुगमनका क्रममा पाएपछि गैरकानुनी थुनामा रहेका ४ जनालाई रिहा गर्न उच्च अदालत तुलसीपुर इजलास नेपालगंजमा बन्दी प्रत्यक्षीकरण मुद्दा दर्ता गराएको थियो । थर्ड एलायन्सको कानुनी सहयोग दर्ता भएको मुद्दाको सुनवाई गर्दै सोमबार अदालतले गैरकानुनी थुनामा रहेकाहरूलाई तत्काल रिहा गर्न प्रहरीलाई आदेश दिएको थियो । केही महिना अघि भैरहवाबाट रिहा भएका शेखसहितलाई बाँके प्रहरीले पक्राउ गरेको थियो । उनीहरूलाई प्रहरी हिरासतमा राखी केही दिन यातनासमेत दिएको थियो । यता दिएको भन्दै पिडितहरूले थर्ड एलायन्स मार्फत यातना क्षतिपूर्ति मुद्दा दर्ता गराएर न्यायको प्रतिक्षामा छन् । शेखसहित चार जना गठबन्धनका कार्यकर्ताहरूलाई रिहा गरिएको छ । उच्च अदालत तुलसीपुरको नेपालगंज बेन्चले हिरासतबाट मुक्त गरी प्रक्रिया अगाडि बढाउन १९ गते बाँके प्रशासनलाई आदेश दिएको थियो । उक्त आदेशका आधारमा मंगलबार जिल्ला प्रशासन कार्यालय बाँकेले बयान गरी जनही ३ हजार धरौटीमा उनीहरूलाई रिहा गरेको छ । रिहा हुनेहरूमा इरफान शेष, हरपाल सिंह, राम मनोहर यादव र प्रदिप कुमार गडाडिया रहेका छन् ।

## भारत भ्रमणको तयारीमा प्रधानमन्त्री


शेरबहादुर देउवा

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको तयारी सुरू भएको छ । प्रधानमन्त्री चयन भएसँगै दोस्रो चरणको स्थानीय निकायको निर्वाचन गराउनु पर्ने कार्यभार लिएर चुनिएका देउवाले पहिलो प्राथमिकतामा स्थानीय तहको निर्वाचनलाई नै राखेका छन् । सरकारले २ नम्बर प्रदेश बाहेकका १, ५ र ७ नम्बर प्रदेशमा निर्वाचन गराइसकेका छन् भने २ नम्बर प्रदेशमा असोज २ गते स्थानीय तहको निर्वाचनको मिति ताकिएको छ । प्रधानमन्त्री देउवाले दोस्रो चरणको निर्वाचन सकिए लगत्तै भारत भ्रमण गर्ने तय भएको थियो । प्रधानमन्त्री देउवाको भारत भ्रमणको तयारीस्वरूप परराष्ट्रमन्त्री कृष्णबहादुर महरा भर्खरै भारत भ्रमण गरी फर्केका छन् । देउवाले भारत भ्रमणमा आर्थिक विकास र नेपालमा लगानीको विषयमा छलफल गर्ने जनाइएको छ ।

## आर्थिक समाचार

### एनसेलले ल्यायो "म्याजिक भ्वाइस" सेवा

काठमाडौं । एनसेलका सबै प्रिपेड तथा पोस्टपेड ग्राहकले एक नयाँ रोचक भ्यालु एडेड सर्भिसको मजा लिन सक्नेछन् । एनसेल प्राइभेट लिमिटेडले आफ्ना ग्राहकका लागि 'म्याजिक भ्वाइस' सेवा ल्याएको छ, जस अर्न्तगत एनसेलका सबै ग्राहकले आफ्ना साथीभाई तथा परिवारसँग आफ्नो मोबाइलमा कुरा गर्दा आफ्नो आवाज र ब्याकग्राउण्ड साउण्ड परिवर्तन गरी मोबाइलमा कुरा गर्न सक्नेछन् । यो सेवा सुचारू गरे लगतै एनसेलका ग्राहकले आफ्नो आवाज परिवर्तन गरि कार्टुन क्यारेक्टर, महिला अथवा अन्य कुनै क्यारेक्टरको जस्तो आवाजमा कुरा गर्न सक्नेछन् । यसका साथ-साथै ग्राहकले कुरा गर्दा ट्राफिक जाम, एयरपोर्ट, फुटबल स्टेडिएम, बर्थडे टोन लगायतका विभिन्न ब्याकग्राउण्ड साउण्ड आफ्नो मोबाइलमा राख्न पनि सक्नेछन् । यो सेवा आईभिआरमा आधारित सेवा भएकोले कुनै पनि मोबाइल सेट प्रयोग गर्नुहुने एनसेल प्रयोगकर्ताले यो सेवा सजिलै प्रयोग गर्न सक्नेछन् । म्याजिक भ्वाइस सेवा सोमबार (असार १९) बाट लागु भएको छ । एनसेलका ग्राहकले दैनिक वा साप्ताहिक रूपमा यो सेवा एक पटक अथवा स्वत: नविकरण हुने गरी सुचारू गर्न सक्नेछन् । एनसेलका ग्राहकले कर सहित मात्र रू २ मा दैनिक म्याजिक भ्वाइस सेवा सुचारू गर्न सक्नेछन् भने साप्ताहिक रूपमा यो सेवा सुचारू गर्न कर सहित मात्र रू १० लाग्नेछ । मनोरञ्जनले भरिपुर्ण यो सेवा सुचारू गर्न चाहने ग्राहकले एस्ट्रिक्स१७१३५ह्यास डायल गरी अथवा १७१३५ डायल गरि यो सेवा नि:शुल्क सुचारू गर्न सक्नेछन् । ग्राहकले एसएमएस मार्फत पनि यो सेवा सुचारू गर्न सक्नेछन् । दैनिक सेवा सुचारू गर्नका लागि अङ्ग्रेजी ठूलो अक्षरमा 'एमभि१' र स्वत: नविकरण हुने दैनिक सेवाको लागि अङग्रेजी ठूलो अक्षरमा 'एमभि' लेखि १७१३५ मा एसएमएस पठाउनु पर्नेछ । त्यस्तै स्वत: नविकरण हुने साप्ताहिक सेवाको लागि अङग्रेजी ठूलो अक्षरमा '७एमभि' र साप्ताहिक सेवा सुचारू गर्नका लागि अङ्ग्रेजी ठूलो अक्षरमा '७एमभि१' टाइप गरी १७१३५ मा एसएमएस पठाउनु पर्नेछ । सेवा सुचारू गरेपछि एनसेलका ग्राहकले १७१३५ डायल गरि आफुले कुरा गर्न खोजेको नम्बर डायल गरी निर्देशन अनुसार १, २ वा ३ प्रेस गरी कुनै पनि आवाज छान्न सक्नेछन् भने ४, ५, ६ वा ७ प्रेस गरी आफुले चाहेको ब्याकग्राउण्ड साउण्ड छनोट गरी सेवाको मजा लिन सक्नेछन् । यो सेवा अन्तर्गतको म्याजिक भ्वाइस तथा ब्याकग्राउण्ड साउण्डमा कुरा गरीरहेको बेलामा डायल प्याडबाट '०' प्रेस गरी प्रयोगकर्ताहरू आफ्नै आवाजमा फर्कन सक्छन् । म्याजिक भ्वाइसबाट कुरा गर्दा भ्वाइस सेवा अन्तर्गतको विद्यमान् शुल्क लाग्ने छ । "यो रोचक सेवा ग्राहकमाझ ल्याउन पाउँदा हामी निकै हर्षित छौ । हामीलाई विश्वास छ यसले ग्राहकलाई थप मुल्य प्रदान गर्ने छ र सेवा प्रयोगको अनुभव अभिवृद्धिमा योगदान गर्नेछ । साथै यो सेवामा हामी मासिक रूपमा थप विभिन्न क्यारेक्टरहरूको आवाज र ब्याकग्राउण्ड साउण्डहरू थप्दै लग्ने छौ," एनसेलका कर्पोरेट संवाद विज्ञ मिलन शर्माले भने । यो सेवा सुचारू गर्नुहुने ग्राहकले सेवा निष्कृय गर्न अङ्ग्रेजीमा 'युएनएसयुबि एमभि' (सुरूको यु र एमभि ठूलो अक्षरमा) लेखि १७१३५ मा एसएमएस पठाउन सक्नेछन् ।







# मिथिला दर्शन टीभी
कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं